# अवधूत गीता

## अवधूत श्री दत्तात्रेय रचित


व्याख्याकार

श्री तरुण प्रधान

अनुवादक : अबिनेश

सम्पादक : दिव्यकान्ति

# अवधूत गीता

(अवधूत श्री दत्तात्रेयद्वारा रचित व्याख्याकार श्री तरुण प्रधान)

**अनुवादक** : अबिनेश
**सम्पादक** : दिव्यकान्ति
**प्रकाशक** : अबिनेश
**सर्वाधिकार** : अनुवादक एवं प्रकाशकमा
**पहिलो संस्करण** : वि.सं. २०८०
**मूल्य** : रु. २००/-
**डिजाइन/मुद्रण** : ग्लोबल प्रिन्ट कनेक्सन
कमलादी, काठमाडौं
फोन : ०१४२२७२५१

ISBN No. : 978-9937-1-3928-1

गुरुर्ब्रह्मा गुरुर्विष्णु र्गुरुर्देवो महेश्वरः
गुरु र्साक्षात परब्रह्म तस्मै श्रीगुरवे नमः ॥

ब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं
द्वन्द्वातीतं गगनसदृशं तत्वमस्यादिलक्ष्यम् ।
एकं नित्यं विमलमचलं सर्वधीसाक्षीभूतं
भावातीतं त्रिगुणरहितं सद्गुरुं तं नमामि ॥

ब्रह्मानन्द, परम सुखद, ज्ञानको एकमात्र अवतार
द्वैतलाई पार गर्ने आकाशजस्तो तत्व यसको मूल लक्ष्य हो ।
एक अनन्त शुद्ध र अपरिवर्तनीय, सबै बुद्धिको साक्षी
म ती साँचो आध्यात्मिक गुरुलाई मेरो प्रणाम अर्पण गर्दछु,
जो भावनाहरूबाट परावर्ती र प्रकृतिका तीन गुणहरूबाट रहित हुनुहुन्छ ।

# समर्पण

समर्पित छ

गुरुक्षेत्रको यो सर्वोच्च ज्ञान

सबै साधक

एवं सत्यको जिज्ञासुहरूमा

# प्रस्तावना

नमस्ते,

मलाई यो विलक्षण गीताको एउटा नयाँ संस्करण वेब एप प्रारूपमा प्रस्तुत गर्दा धेरै खुशी लागेको छ । यसको अधिकांश भाग फेरि लेखिएको छ र अब यो नेपालीमा पनि उपलब्ध छ ।

म कैयौँ स्रोतहरू, कैयौँ शिक्षकहरूबाट ग्रहण गर्छु, र यो महान् पाठको व्याख्या मात्र मेरो आफ्नो बुझाइलाई व्यक्त गर्ने एउटा विनम्र प्रयास हो । मबाट हुनगएको कुनै पनि गल्तीको लागि म क्षमाप्रार्थी छु ।

प्रारूप यस प्रकार छ- मूल संस्कृत श्लोकपछि त्यसको व्याख्या गरिन्छ र त्यसपछि टिप्पणी आउँछ। यो एउटा गीत हो, त्यसैले यसमा धेरै दोहोर्‍याइएको छ । प्रायः प्रत्येक पदमा एउटै पङ्क्ति दोहोर्‍याइन्छ । धेरैजसो एउटै विचार र विवरण सबै ठाँउमा दोहोर्‍याइन्छ । मलाई लाग्छ कि यसको स्मरण सजिलो बनाउनको लागि यस्तो गर्नु आवश्यक थियो । गीतको एउटा प्रारूप र दोहोर्‍याइएको कवितालाई स्मृतिबद्ध गर्न सजिलो हुन्छ, तथापि; यसको बुझाइमा कुनै फरक पर्दैन, जुन प्रत्यक्ष अनुभवहरूबाट आउँछ र श्लोक जसतर्फ सङ्केत गर्दछ । मैले केही दोहोर्‍याउनु पर्ने वाक्यहरूलाई यथावत् राखेको छु, यसकारण होइन कि त्यो बुझ्नमा सहायक हुन्छ, किनकि मूल पाठको शैली यस्तै छ ।

मूल पाठ लेखन शैलीमा धेरै विनम्र छ । यस्तो लाग्छ कि, यो एउटा साधारण व्यक्तिको लागि लेखिएको थियो । यसबाट प्रेरणा पाएर मैले सरल शब्दहरू र समसामयिक भाषाको प्रयोग गरेको छु, केही पनि रहस्यमय र गूढ़ राखेको छैन ।

म पाठकहरूलाई यो अनुरोध गर्दछु कि यसको पठन वा श्रवण मात्र नगरी, शान्तपूर्वक बस्नुहोस् र प्रत्येक श्लोकमाथि चिन्तन/मनन् गर्नुहोस् । बुझ्नुहोला दत्तात्रेयले यस्तो किन भन्नुभइरहेको छ । यसलाई ध्यानले पढ्ने र आत्मनिरीक्षण गर्नाले आवश्यक अनुभव र ज्ञान प्राप्त हुनेछ ।

म सबै गुरुहरूप्रति आभारी छु जसको कारण यो ज्ञान प्रकट भयो ।

**तरुण प्रधान**

२०२१, पुणें, भारत ।

# म को हुँ ?

“म को हुँ, म के हुँ” जस्तो आफ्नो मूल स्वरूपलाई पाठकले सजिलै बुझ्न् भनी गीति भाकामा अवधूत गीताको रचना अवधूत श्री दत्तात्रेयद्वारा गरिएको हो । सद्गुरु श्री तरुण प्रधानले यो अद्भूत ज्ञानलाई संस्कृत भाषाबाट हिंदी भाषामा सामान्य पाठकले समेत बुझ्न् भन्ने अभिप्रायले सरल शब्द चयन गरी भावानुवाद गरे । फेरि त्यस हिंदी भाषाबाट साधक श्री अबिनेशबाट नेपालीमा भावानुवाद भयो । पाठकमाझ आउनुअघि नेपाली भाषाका शुद्धाशुद्धी हेर्ने शौभाग्य मलाई प्राप्त भयो । त्यसक्रममा यस ज्ञानको सागरबाट केही अञ्जुली भण्डारण गर्न सकेको रहेछु भने पनि त्यो मेरो लागि ठूलो उपलब्धि हुनेछ । यस पुस्तकमा कतै अशुद्धी भेटिए त्यसको भागिदार म नै हुनेछु । पाठकवृन्दले औँल्याइ दिनुभएमा आफू (आफ्नो कमजोरी)लाई जानेर सुधार्ने मौका पाउने छु । आफूलाई चिनाउने अमूल्य ग्रन्थको सुकार्यमा मलाई अवसर दिनुहुने अबिनेशजी, आदित्य मिश्राजी लगायत सम्पूर्ण गुरुक्षेत्रमा सादर धन्यवाद व्यक्त गर्दछु ।

**रामकुमार पण्डित**

# भूमिका

आध्यात्मिक मार्गहरूमा श्रेष्ठतम् ज्ञानमार्ग विलुप्तजस्तो भएको छ। जति पनि शेष छ त्यो केही आचार्यहरू र बौद्धिक व्यक्तिसम्म सीमित छ।

यो ज्ञानलाई एउटा साधारण साधकसम्म पुऱ्याउने महान कार्य, सद्‌गुरु श्री तरुण प्रधानज्यू पछिल्लो केही वर्षदेखि गर्दैआइरहनु भएको छ। यसको लागि उहाँले आजको युग अनुसार सञ्चार साधनको उपयोग गरेर, जस्तैः युट्‌युबमा "बोधिवार्ता" भिडियोको माध्यमबाट, टेलिग्राममा अनलाइन "बोधिवार्ता सत्सङ्ग" को माध्यमबाट एवं बोधिट्‌युब र एण्ड्रोयड एप "ज्ञानमार्ग" मा भिडियो र लेखहरू तथा ज्ञानदीक्षा कार्यक्रमको सञ्चालनद्वारा साधकहरूसम्म निरन्तर पुग्ने प्रयास गरिरहनु भएको छ।

उहाँको सबै कार्य साधकहरूको कल्याणको लागि हो जुन पूर्ण रूपले निःशुल्क उपलब्ध छ। उहाँको योग्य शिष्यहरूबाट पनि यूट्‌यूब, बोधिट्‌यूबमा भिडियोहरू र टेलिग्राममा अनलाइन सत्सङ्गद्वारा ज्ञान प्रसारको कार्य भइरहेको छ। वर्तमानमा साधकहरूको अनुरोधमा अफलाइन सत्सङ्ग समारोह पनि आयोजित भइरहेको छ।

ज्ञानप्रसारको यही क्रममा उहाँले भगवान् श्री दत्तात्रेयजीको वाणी, जुन संस्कृत भाषामा छ, त्यसको व्याख्या समसामयिक सरल हिन्दी भाषामा (यो त्यही पुस्तकको हिन्दीबाट नेपालीमा अनुवाद हो) गरेर साधकहरूसम्म पुऱ्याउनको लागि वेबसाइटमा प्रकाशित गर्नुभएको थियो। त्यही वेब संस्करण अब पुस्तकको रूपमा पनि प्रकाशित भइरहेको छ। पुस्तकको रूपमा यसलाई प्रकाशित गर्नुको उद्देश्य यो हो कि; जो व्यक्ति ईन्टरनेट वा मोबाइल आदिको उपयोग गर्न जान्नू हुन्न वा कम गर्नुहुन्छ, उहाँहरूको हातसम्म पनि यो ज्ञान पुगोस् र मार्गदर्शन हुन सकोस्।

यसको उद्देश्य यो पनि हो कि संस्कृत भाषाको ज्ञान नभएका वा नयाँ साधकको मार्गदर्शनमा यो पुस्तक सहायक हुन सकोस् र एउटा साधारण साधकमा पनि संस्कारित बीजारोपण गर्न सकियोस्। यो व्याख्यामा कुन सन्दर्भमा कुन विशेष शब्द प्रयुक्त गरिएको छ त्यसको भावार्थ सद्‌गुरु तरुण

प्रधानज्यूले तल शब्दावलीमा उल्लेख गर्नुभएको छ जसलाई सही ढङ्गले बुझ्नु जरुरी छ ।

सद्गुरु जगत् कल्याणको लागि आउनुभएको छ, उहाँभित्र यति करुणा र प्रेम छ कि उहाँ सबैको प्रिय हुनुहुन्छ। उहाँ स्वयंले व्यक्तिगत परिचय दिनुभन्दा आफ्नो आध्यात्मिक कार्यहरूबाट परिचय दिनु धेरै महत्वपूर्ण ठान्नुहुन्छ ।

सम्पादक

**दिव्यकान्ति**

# आभार

ग्रन्थ प्रकाशनको यस पुण्य कार्यमा जो जसको आशीर्वाद र सहयोग प्राप्त हुनसक्यो उहाँहरू सबैमा आभार व्यक्त गर्न अति आवश्यक छ। सद्‌गुरु श्री तरुण प्रधानज्यूले अवधूत गीताको संस्कृतबाट हिन्दी भाषमा गर्नुभएको व्याख्याको नेपाली भाषामा भावानुवाद मात्र यहाँ गरिएको छ। यसप्रति उहाँको कृपा र आशीर्वाद तथा गुरुक्षेत्रको कृपाबाट नै सम्भव हुनसकेको हो। त्यसैले सर्वप्रथम म उहाँप्रति आभार व्यक्त गर्न चाहन्छु।

गुरुक्षेत्रले विभिन्न माध्यमबाट आफ्नो कार्य सम्पन्न गराउने नै छ र यस कार्य पनि जुनजुन माध्यमबाट सम्भव तुल्यायो उहाँहरू हुनुहुन्छ आदित्य मिश्राजी, शेरबहादुर बिष्ट र रोशन काफ्लेजी। म तपाईंहरूप्रति धेरैधेरै आभार व्यक्त गर्दछु। नेपाली भाषाको शुद्धाशुद्धी आफूले जानेसम्म मिलाइदिनुहुने साधक रामकुमार पण्डितज्यूप्रति पनि आभार प्रकट गर्दछु।

बोधिवार्ताका सबै साधकहरूमा पनि आभार व्यक्त गर्दछु जजसले सद्‌गुरु तरुण प्रधानज्यूको शिक्षा र उहाको ज्ञान प्रसारजस्तो पुण्य कार्यलाई अगाडि लैजान आ-आफ्नो तर्फबाट योगदान दिइरहेका छन् र उहाँहरूकै प्रेरणाको कारण ममा यो पूनित कार्य गर्नको लागि सदिच्छा जागृत भयो।

कोटिकोटि नमन

**अबिनेश**

# शब्दावली

तल केही संस्कृत शब्द र त्यसको अर्थ उल्लेख गरिएको छ, जुन यस शास्त्रमा प्रायः प्रयोगमा आउँदछ ।

**आत्मन्**: अनुभवकर्ता, साक्षी, दृष्टा वा शून्यता, जुन सबै अनुभवको अनुभवकर्ता हो, मेरो तत्व हो । जसरी अद्वैत वेदान्तमा उल्लेख छ ।

**शिवम्**: शिव आत्मन्‌को पर्यायवाची शैव दर्शनमा वर्णन गरे अनुसार ।

**पुरुषः** साङ्ख्यमा वर्णन गरे अनुसार आत्मन्‌को पर्यायवाची शब्द हो ।

**ब्रह्मन्**: अस्तित्व, सम्पूर्णता, समग्रतामा जे पनि छ, सबै कुरालाई एकताको रूपमा लिइन्छ, जुन अस्तित्वमा छ, ज्ञात, अज्ञात र अज्ञेय । आत्मन् नै ब्रह्मन् हो ।

**ईश्वर**: प्रकट अस्तित्व त्यो सबैमा अनुभव गर्न सकिन्छ । वेदान्तमा उल्लेख भए अनुसार । विश्वचित्त, शक्ति वा देवी, जसरी शैव वा तन्त्र मार्गमा पाइन्छ ।

**शक्ति**: शैव दर्शनमा वर्णन गरे अनुसार । ईश्वरको समान त्यो ऊर्जा जसले सिर्जना गर्दछ ।

**प्रकृतिः** साङ्ख्यमा वर्णन गरे अनुसार । सृष्टि जुन प्रकट छ ।

**चित्त**: स्मृति वा पत्रीय नादरचना, संस्कारहरूको सङ्ग्रह, जहाँ ज्ञान र अज्ञान स्मृति वा छापको रूपमा रहन्छ ।

**जीव**: चित्तको त्यो भाग जुन भौतिक शरीरसँग सम्बन्धित छ र त्यो जन्म र मृत्युको चक्रमा छ ।

**मन**: मानस, चित्तको त्यो भाग जसले सोच्दछ । विचार गर्ने योग्यता ।

**बुद्धि**: ज्ञान, तर्क, समझ, भेदभाव, कला आदि गर्न सक्षम चित्तको भाग ।

**इन्द्रियः** चित्तको त्यो भाग जुन संसार वा मनो-शरीरको अनुभवको माध्यम हो ।

**तत्व**: सार, सत्य, वास्तविकता । जुन कहिल्यै परिवर्तन हुँदैन ।

**निरन्तर**: शाश्वत, जो अन्त्य वा सुरुवात बिना जारी रहन्छ ।

**निराकार**: जसको आकार छैन, अव्यक्त/अप्रकट ।

**निरञ्जनः** सफा, कुनै अशुद्धता नभएको ।

**निर्मल**: अशुद्धताबाट मुक्त । गुणरहित ।

**शुद्ध**: गुणरहित । अनुपलब्ध । यी शब्दहरूले केवल अनुपस्थित, खालीपनलाई मात्र जनाउँछ ।

# विषय सूची

**अध्याय १**
अथ प्रथमोऽध्यायः १

**अध्याय २**
अथ द्वितीयोऽध्यायः २८

**अध्याय ३**
अथ तृतीयोऽध्यायः ४१

**अध्याय ४**
अथ चतुर्थोऽध्यायः ॥ ५७

**अध्याय ५**
अथ पञ्चमोध्यायः ॥ ६५

**अध्याय ६**
अथ षष्ठमोऽध्यायः ॥ ७६

**अध्याय ७**
अथ सप्तमोऽध्यायः ॥ ८४

**अध्याय ८**
अथ अष्टमोऽध्यायः ॥ ८८

अध्याय १

# अथ प्रथमोऽध्यायः

अवधूत उवाच

**ईश्वरानुग्रहादेव पुंसामद्वैतवासना ।**
**महद्भयपरित्राणाद्विप्राणामुपजायते ॥१॥**

ईश्वरको कृपाद्वारा मनुष्यमा अद्वैतको ज्ञान प्राप्त गर्ने इच्छा उत्पन्न हुन्छ, जसले उनीहरूलाई ठूलो भन्दा ठूलो भय/महाभयबाट मुक्ति दिलाउँछ ।

ईश्वर प्रकट अस्तित्व वा विश्वस्मृति हो । यो स्मृतिमा मनुष्य एक नगण्य छायाँ मात्र हो, जो अधिकतम जीवित रहने खेलमा लागिरहेको हुन्छ । महाभय मृत्युको भय हो । यसको अर्थ अज्ञातको भय पनि हुनसक्छ, जसमा सबैभन्दा ठूलो अज्ञात मृत्यु नै हो । अद्वैतको अर्थ हो अस्तित्वमा कुनै विभाजन छैन, अस्तित्व सम्पूर्ण र एक छ, अनुभव र अनुभवकर्ता वास्तवमा एक हुन् ।

एक सामान्य व्यक्तिले यस ज्ञानलाई प्राप्त गर्ने इच्छा अथवा निर्णय लिन सक्दैन, ऊ पूर्ण रूपमा अज्ञानताले ढाकिएको हुन्छ, जब ऊ आध्यात्मिक रूपले एक निश्चित स्तरसम्म विकसित हुन्छ, तब ज्ञानको इच्छा आफै उत्पन्न हुन्छ । यो घटना, जुन चमत्कारी प्रतीत हुन्छ, यसलाई कृपा भन्ने गरिन्छ । जहाँ कुनै कर्ता छैन, यो स्वयमेव हुन्छ ।

**येनेदं पूरितं सर्वमात्मनैवाअत्मनात्मनि ।**
**निराकारं कथं वन्दे ह्यभिन्नं शिवमव्ययम् ॥२॥**

म त्यो शिवलाई कसरी नमस्कार गर्न सक्छु जुन म स्वयं हुँ, जुन निराकार, पूर्ण, अविभाजित छ, सबैको सार हो । जुन सर्वव्यापी छ र सबै प्राणीहरूमा व्याप्त छ ।

शिव अद्वैत अस्तित्व/साक्षी/शून्यता हो जुन हामी सबैको सत्य स्वरूप हो । यो अनुभवकर्ता हो । मेरै तत्व हो । यदि म त्यही हुँ भने, म स्वयंको वन्दना कसरी गरुँ ?

आफ्नो तत्वलाई परम सत्य जानीसकेपछि मलाई कसैको पूजा गर्नुपर्ने आवश्यकता महसुस हुँदैन । यस प्रकारको अद्वैतको ज्ञानले साधकलाई समाजद्वारा उनीहरूमा आरोपित हठधर्मिता र अन्धविश्वासबाट मुक्ति दिलाउँछ । जहाँ अधिकाङ्श मानिसहरू अज्ञानी जन्मन्छन् र अज्ञानतामा नै जीवन व्यतीत गर्छन् ।

**पञ्चभूतात्मकं विश्वं मरीचिजलसन्निभम् ।**
**कस्याप्यहो नमस्कुर्यामहमेको निरञ्जनः ॥३॥**

पाँच तत्वबाट रचना भएको जगत एक मृगमरीचिका हो । म नै परम पावन रूपमा विद्यमान छु ।

अब मलाई कसैको सामु झुक्नुपर्ने के आवश्यकता छ ?

यदि सबैभन्दा मौलिक र शुद्ध सत्य सबै म नै हुँ भने कुनै पनि चिजको पूजा गर्नु अथवा कसैलाई आव्हान गर्नुको कुनै अर्थ छैन ।

जसको पनि अनुभव गर्न सकिन्छ अथवा परिवर्तनशील छ, त्यो भ्रम हो, त्यो केवल नाम र रूप हो । जगत मिथ्या हो, यो एक आभासी रूप हो जस्तो कि, मरुभूमिमा पानीको भ्रम, चित्त निर्मित छविहरू । एक मात्र सत्य त्यो हो, जो यस मायाको साक्षी हो । त्यो साक्षी म नै हुँ ।

**आत्मैव केवलं सर्वं भेदाभेदो न विद्यते ।**
**अस्ति नास्ति कथं ब्रूयां विस्मयः प्रतिभाति मे ॥४॥**

आत्मन् नै सम्पूर्ण अस्तित्व हो, यस अस्तित्वमा भिन्नता अथवा समानता छैन । म आश्चर्य चकित हुन्छु, कसरी भनुँ कि; यो छ पनि अथवा छैन पनि ?

जगत आदिको ज्ञान बुद्धिद्वारा अनुभवलाई विभाजन गरेपछि मात्र हुन्छ, आत्मन् अथवा अनुभवकर्तामा यो विभाजनक्रिया विफल हुन्छ । त्यहाँ त्यस्तो केही पनि छैन जसलाई विश्लेषण गर्न सकिन्छ, भिन्न गराउँन सकिन्छ, अथवा कुनै अन्य चिजसँग तुलना गर्न सकिन्छ ।

बुद्धिको दृष्टिकोणबाट आत्मन् शून्य छ, यो उसको बुझाईभन्दा परको विषय हो, किनकि यो कुनै वस्तु वा विचारको रूपमा छैन । सम्पूर्ण अस्तित्व

अरू केही नभएर एक आत्मन् नै हो। यसलाई केवल आत्मन् भएर मात्र जान्न सकिन्छ, अनुभव गरेर होइन। म यही आत्मन् हुँ।

**वेदान्तसारसर्वस्वं ज्ञानं विज्ञानमेव च ।**
**अहमात्मा निराकारः सर्वव्यापी स्वभावतः ॥५॥**

वेदान्त दर्शन, सबै ज्ञान र विज्ञानको सार यही हो कि; आत्मन् स्वभावतः सर्वव्यापी र निराकार छ।

आत्मन्को ज्ञान कुनै नयाँ कुरा होइन, यो इतिहास जत्तिकै पुरानो हो। म आत्मन् हुँ, अद्वैत अनुभवकर्ता हुँ र म नै सम्पूर्ण अस्तित्व हुँ। यही ज्ञान सम्पूर्ण दर्शन र विज्ञानको आधार हो।

**यो वै सर्वात्मको देवो निष्कलो गगनोपमः ।**
**स्वभावनिर्मलः शुद्धः स एवायं न संशयः ॥६॥**

यसमा कुनै शङ्का छैन कि; सार्वभौमिक आत्मन् स्वभावबाट नै अति शुद्ध, निष्कलङ्क, स्वप्रकाशित र एक छ, एकदम निर्मल आकाशजस्तै।

आत्मन् शुद्ध छ, यसमा कुनै सामग्री वा निशान/गुण छैन जसलाई देखाउन अथवा लुकाउन सकिन्छ। हामीलाई यसको प्रत्यक्ष अनुभव छ। त्यसैले शुद्धता यो शब्द यसको सबैभन्दा राम्रो वर्णन हो।

यो शून्यको रूपमा विद्यमान छ, यसले सबै अनुभवहरूलाई प्राप्त गर्छ र पनि तिनीहरूदेखि अप्रभावित रहन्छ। जस्तै कुनै वस्तुलाई राख्दा वा हटाउँदा खाली स्थान दूषित हुँदैन।

त्यो स्वप्रकाशित छ अर्थात् स्वयंको ज्ञान स्वयं भएर नै हुन्छ र वस्तुहरू आदिको ज्ञान पनि त्यसकै कारण सम्भव छ। जस्तै तेज सूर्य सबै चिजहरूमा चम्किन्छ र हरेक वस्तुलाई प्रकाशित गर्छ, त्यसैगरी सबै अनुभव अनुभवकर्ताको प्रकाशमा नै प्रकट हुन्छन्। अनुभवकर्ता बिना अनुभवको कल्पना पनि सम्भव छैन।

यसको कुनै टुक्रा/भाग छैन, यो एक हो, जस्तै सबै तिर एउटै आकाश देखिन्छ, सबै प्राणी एउटै आत्मन्लाई "देख्दछन्"। यहाँ देख्नुको अर्थ हुनु भन्ने हो। म आत्मन् हुँ, यो ज्ञान नै आत्मदर्शन हो र आत्मन् हुनु पनि हो।

**अहमेवाव्ययोऽनन्तः शुद्धविज्ञानविग्रहः ।**
**सुखं दुःखं न जानामि कथं कस्यापि वर्तते ॥७॥**

म आत्मन्, शुद्ध, अविनाशी, अनन्त हुँ, अविभाजित निरन्तरता हुँ र म नै शुद्ध ज्ञान हुँ । सुख-दुःख केही जान्दिनँ, त्यसको बारेमा अब के भनूँ ?

आत्मन् शून्य छ, त्यसैले नष्ट गर्न सकिदैन, यहाँ नष्ट हुनको लागि केही छैन । शून्य हुनुको कारण यो कुनै पनि प्रकारले सीमित छैन, यो अनन्त छ । वास्तवमा आत्मन् नै एकमात्र यस्तो हो जसको कल्पना अनन्तको रूपमा गर्न सकिन्छ, किनकि यहाँ कुनै विरोधाभास छैन जुन कुनै वस्तु अनन्त रूपमा प्रकट होस् । वस्तुहरू अनन्त हुन सक्दैनन्, शून्य अनन्त हुनसक्छ, शून्याकाशजस्तै ।

ऊ आफू स्वयंलाई र अरू सबैलाई आफूद्वारा जान्दछ, यो उसको आफ्नो प्रकाश हो । द्वैत गुण जस्तैः सुख-दुःख आदि मानसिक क्रियाहरू हुन्, आत्मन् अद्वैत हो, कुनै विरोध छैन, कुनै गुण छैन । म आत्मन् हुँ, मानसिक गतिविधिहरूसँग मेरो कुनै सरोकार छैन, म तिनलाई आनन्दावस्थामा आउने र जाने गरेको देख्दछु ।

**न मानसं कर्म शुभाशुभं मे**
**न कायिकं कर्म शुभाशुभं मे ।**
**न वाचिकं कर्म शुभाशुभं मे**
**ज्ञानामृतं शुद्धमतीन्द्रियोऽहम् ॥८॥**

म कुनै चित्तवृत्ति होइन, न त राम्रो न त नराम्रो नै । कुनै शारीरिक र वाचिक क्रिया पनि होइन, न त राम्रो न त नराम्रो नै । म ज्ञानको शुद्धतम सार हुँ र इन्द्रियहरूको विषय होइन ।

आत्मन् शब्द व्यक्तिको अर्थमा प्रयुक्त हुँदैन । वस्तु, मन, शरीर आदिमा राम्रो र नराम्रो गुण हुन्छन्, आत्मन्मा हुँदैन । आत्मन्लाई इन्द्रियहरूद्वारा जान्न सकिदैन । यसले ती इन्द्रियहरू र संवेदनाहरूलाई प्रकाशित गर्छ जसलाई इन्द्रियहरूले उत्पन्न गर्छन् । यसप्रकार म कुनै पनि प्रकारको इन्द्रियहरूको विषय होइन ।

**मनो वै गगनाकारं मनो वै सर्वतोमुखम् ।**
**मनोऽतीतं मनः सर्वं न मनः परमार्थतः ॥९॥**

चित्त विशाल छ । चित्त बहुआयामीक छ । चित्त समय हो,चित्त अतीत हो । जे पनि प्रकट रूपमा छ वा हुन्छ त्यो सबै चित्त हो, तथापि, यदि परम दृष्टिकोणबाट हेर्ने हो भने, कुनै चित्त छैन यो सबै माया हो ।

यहाँ मन र चित्त समानार्थी शब्द हुन् । चित्तलाई नाद,स्मृति र विभिन्न प्रक्रियाहरूको रूपमा अनुभव गर्न सकिन्छ, परिवर्तनशील छ, त्यसैले केवल एक भ्रम मात्र हो । तथापि यो विशाल छ, विराट छ, र यो अस्तित्वको एक मात्र प्रकट रूप हो, तर पनि पूर्ण अर्थमा यो मिथ्या हो, जुन वास्तवमा शून्य मात्र हो, माया हो ।

म, आत्मन् नै एकमात्र सत्य हुँ, किनकि केवल मेरो मात्र स्वतन्त्र अस्तित्व छ ।

**अहमेकमिदं सर्वं व्योमातीतं निरन्तरम् ।**
**पश्यामि कथमात्मानं प्रत्यक्षं वा तिरोहितम् ॥१०॥**

केवल मेरो नै अस्तित्व छ । म आकाशभन्दा अलग, अखण्ड र निरन्तर छु । आत्मन्लाई प्रत्यक्ष वा परोक्ष रूपमा कसरी जान्न सकिन्छ ?

आत्मन् स्वयं अनुभवकर्ता हो, यसलाई कुनै वस्तुको रूपमा अनुभव गर्न सकिदैन, यो विषयवस्तुहरू भन्दा अलग छ । वस्तुहरू सीमित छन्, आत्मन् छैन । वस्तुहरूको सीमा तथा भागहरू हुन्छन्, आत्मन् सम्पूर्णता हो । यसलाई प्रत्यक्ष रूपमा देख्न सकिदैन र अप्रत्यक्ष रूपले यसको अनुमान लगाउन पनि सकिदैन, यो एक स्वयंसिद्ध सत्य हो ।

**त्वमेवमेकं हि कथं न बुध्यसे**
**समं हि सर्वेषु विमृष्टमव्ययम् ।**
**सदोदितोऽसि त्वमखण्डितः प्रभो**
**दिवा च नक्तं च कथं हि मन्यसे ॥११॥**

तपाईं यो किन बुझ्नुहुन्न कि तपाईं नै आत्मन् हो । यो सबैमा एक छ । यो नित्य छ,सदा दीप्त छ, निरन्तर छ । तपाईं कसरी भन्नु हुन्छ कि यो दिन र रात जसरी बदलिरहन्छ ।

दत्तात्रेय यहाँ आफ्ना शिष्यहरूसँग प्रश्नउत्तर गर्दै हुनुहुन्छ । सायद उनीहरूमा यो आशङ्का छ कि आत्मन् हरकोहीमा अलगअलग हुन्छ अनि आउनेजाने गर्छ ।

आत्मन् नै एक छ जुन परिवर्तनहीन छ, सारा परिवर्तन आत्मन्को पृष्ठभूमिमा हुन्छ, ठीक त्यसरी जसरी एउटा चलचित्र अपरिवर्तनशील पर्दामा चल्दछ । सबै अनुभव आउने अनि जाने गर्दछन्, बदलिरहन्छन् । म सधैँ यी परिवर्तनहरूको एक अपरिवर्तनीय साक्षी रहन्छु । जुन रहन्छ त्यो म हुँ, जुन आउनेजाने गर्छ त्यो म होइन ।

**आत्मननं सततं विद्धि सर्वत्रैकं निरन्तरम् ।**
**अहं ध्याता परं ध्येयमखण्डं खण्ड्यते कथम् ॥१२॥**

आत्मन्लाई निरन्तर, सबै ठाउँमा एक, अखण्ड र परिवर्तनहीनको रूपमा जान । तपाईं आफू आफैँलाई, अविभाज्य आत्मन्लाई, ध्यानी र ध्यानको वस्तुमा कसरी बाँड्नु हुन्छ ।

आत्मन् कसैको ध्यानको विषय बन्न सक्दैन, यो त्यो हो, जुन ध्यान गर्ने बेलामा ध्यान गर्नेवाला र ध्यानविषय दुवैको साक्षी हो ।

त्यसैलाई ध्यानद्वारा कसैले आत्मन्लाई जान्न सक्दैन वा ध्यानको माध्यमबाट आत्मसाक्षात्कार हुँदैन । ध्यान केवल एक उपकरण हो जसले मनलाई शान्त एवं अनुशासित गराउँछ जसले गर्दा बिना कुनै अवरोधले आत्मप्रकाशलाई जान्न सकियोस् ।

**न जातो न मृतोऽसि त्वं न ते देहः कदाचन ।**
**सर्वं ब्रह्मेति विख्यातं ब्रवीति बहुधा श्रुतिः ॥१३॥**

तपाईं कहिल्यै शरीर हुनुहुन्थेन, तपाईंको न त मृत्यु हुन्छ, न त जन्म नै हुन्छ । प्रसिद्ध शास्त्रहरू सधैँजसो यही भन्ने गर्छन्- सबै ब्रह्मन् नै हो ।

त्यो सम्पूर्ण हो । ब्रह्मन् हो र त्यही आत्मन् पनि हो । त्यही मेरो सत्य स्वरूपको रूपमा जान्ने गरिन्छ । शरीर आउनेजाने अनुभव मात्र हो । सबै अनुभवहरू अनित्य छन् । यदि कुनै चिजको अनुभव गर्न सकिन्छ भने, यो निश्चित हुन्छ कि त्यो रहदैन ।

आत्मन् नै एक मात्र यस्तो हो जुन स्थायी रहन्छ, किनकि यो कहिल्यै बदलिदैन । यसको कुनै आदि र अन्त्य छैन । यो शून्यता हो । शून्यता सुरुहुनु, बदलिनु र अन्त्यहुनु सम्भव छैन । यो कुनै वस्तु होइन त्यसैले यसले जन्म लिँदैन र मर्न पनि सक्दैन ।

**स बाह्याभ्यन्तरोऽसि त्वं शिवः सर्वत्र सर्वदा ।**
**इतस्ततः कथं भ्रान्तः प्रधावसि पिशाचवत् ॥१४॥**

आन्तरिक रूपदेखि वा बाह्य रूपदेखि, तपाईं हरेक स्थान र हरेक समयमा केवल आत्मन् नै हो । तपाईं पिचास जसरी यताउता भ्रममा किन भागिरहनु भएको छ ।

दत्तात्रेय; बाहिरी शरीर/जगत र आन्तरिक मनको काल्पनिक विभाजनमा टिप्पणी गर्दै हुनुहुन्छ। मानिस वस्तुहरू र स्थानहरूमा सत्य खोज्ने धेरै प्रयास गर्दछन्, जब कि सत्य ठीक यसै समय उनीहरूको अगाडि छ । तपाईं नै त्यो सत्य हो, जसलाई यताउता खोजिरहनु भएको छ ।

**संयोगश्च वियोगश्च वर्तते न च ते न मे ।**
**न त्वं नाहं जगन्नेदं सर्वमात्मैव केवलम् ॥१५॥**

योग तथा वियोग म र तपाईंमा छैन । जे पनि छ त्यो एक आत्मन् नै हो । तपाईं, म वा यो जगत भिन्न छैन ।

योग प्राप्त गर्न सकिदैन। केवल मात्र विभाजनको भ्रमलाई देख्न सकिन्छ, जुन वास्तवमा त्यहाँ छैन । एकलाई अनेकमा देख्नु केवल चित्तवृत्ति हो, त्यसैले जब यो वृत्तिलाई त्याग गरिन्छ अनि त्यो एकता वा योग जुन पहिले नै छ त्यो प्रकट हुन्छ। जुन योगमार्गद्वारा वर्षौंसम्म सम्भव हुँदैन त्यो ज्ञानद्वारा केही क्षणमै देख्न सकिन्छ ।

**शब्दादिपञ्चकस्यास्य लैवासि त्वं न ते पुनः।**
**त्वमेव परमं तत्त्वमतः किं परितप्यसे ॥१६॥**

तपाईं पञ्चइन्द्रियको विषय होइन, जस्तै स्वाद, ध्वनि, रङ्ग, रूप र स्पर्श आदि । तपाईं आत्मन् मौलिक हुनुहुन्छ। एकमात्र सत्य हुनुहुन्छ। अब तपाईं किन दुःखहरूमा लिप्त हुनुहुन्छ ?

आत्मन्लाई इन्द्रियहरूद्वारा हुने अनुभवहरूमा पाउन सकिदैन, यसलाई ध्वनि वा प्रकाश आदिको रूपमा मान्नु वा खोज्नु मूर्खता हो ।

दुःखको सम्बन्ध शरीर र मनसँग हुन्छ, जुन इन्द्रियहरूको विषय हो । आत्मन्लाई कुनै दुःख अनि सुख हुँदैन। आत्मन् सबै दुःखहरू अनि सुखहरूको

साक्षी मात्र हो । शरीर र मनसँग भन्दा आत्मन्को साथ तादात्म्यले हामीलाई सबै दुःखहरू देखि तुरुन्त मुक्त गरिदिन्छ ।

**जन्म मृत्युर्न ते चित्तं बन्धमोक्षौ शुभाशुभौ ।**
**कथं रोदिषि रे वत्स नामरूपं न ते न मे ॥१७॥**

तपाईंको कुनै जन्म र मृत्यु छैन, र तपाईं बन्धनमा वा मुक्त हुनुहुँदैन। तपाईं चित्त होइन। तपाईं राम्रो अथवा नराम्रो पनि होइन। हे पुत्र तिमी किन रुन्छौ ? तिमी अनि म कुनै नाम र रूप होइनौँ ।

एक विवेकशील व्यक्ति चित्तनिर्मित नाम रूपको भ्रमलाई गम्भीरताले लिँदैन। आत्मन्सँग शरीर र मनको सङ्गति वा पहिचान दुःखको कारण हो ।

म बन्धनमा थिइनँ त्यसैले म मुक्त पनि हुन सक्दिनँ। मेरो लागि कुनै मोक्ष छैन। म सधैँ स्वतन्त्र नै छु। म मा न त केही शुभ छ न त कुनै अशुभ नै छ, यस्ता मान्यताहरू अज्ञानी मानिसहरूका अन्धविश्वास मात्र हुन् ।

**अहो चित्त कथं भ्रान्तः प्रधावसि पिशाचवत् ।**
**अभिन्नं पश्य चात्मानं रागत्यागात्सुखी भव ॥१८॥**

तिम्रो मन पिचास जसरी यताउता किन भागिरहेको छ ? जान कि तिमी आत्मन्देखि अलग छैनौ। मोहलाई छोडीदेऊ र सुखी बन ।

मन र शरीरदेखि अनाशक्ति नै चिरस्थायी सुख र आनन्दको केन्द्र हो। स्वयंलाई आत्मन्को रूपमा जान्नाले वस्तुहरूबाट वैराग्य उत्पन्न हुन्छ र कष्टहरूबाट मुक्ति मिल्दछ ।

**त्वमेव तत्त्वं हि विकारवर्जितं**
**निष्कम्पमेकं हि विमोक्षविग्रहम् ।**
**न ते च रागो ह्यथवा विरागः**
**कथं हि सन्तप्यसि कामकामतः ॥१९॥**

तपाईंको तत्व परिवर्तनीय होइन। यसलाई चलाउन सकिदैन। जोड्न वा विघटन गर्न सकिदैन। तपाईंलाई कहिले कुनै लगाव वा द्वेष थिएन। तपाईं यी आउनेजाने इच्छाहरूको कारण किन पीडित हुनुहुन्छ ?

आत्मन् कुनै वस्तु होइन। यो सबै वस्तुहरूको साक्षी मात्र हो । त्यसैले यो कुनै पनि प्रकारको दोषहरूबाट मुक्त छ। आत्मन्को कुनै इच्छा छैन, यी सब मनमा छन् त्यसैले यी इच्छाहरू मिथ्या र त्याज्य छन्। यो ज्ञान हुनासाथ सबै दुःख मेटिन्छन्। जुन पहिले नै थिएनन्।

**वदन्ति श्रुतयः सर्वाः निर्गुणं शुद्धमव्ययम् ।**
**अशरीरं समं तत्त्वं तन्मां विद्धि न संशयः ॥२०॥**

जस्तो कि, सबै शास्त्र भन्ने गर्छन्, आत्मन् शुद्ध छ, कुनै पनि गुण वा दोष देखि रहित छ। यसको कुनै शरीर वा रूप छैन, यो एकमात्र सत्य हो। यसमा कुनै संशय छैन कि म त्यही आत्मन् हुँ।

मेरो कहिले शरीर थिएन, न यो शरीर नै मेरो हो। शरीर एक वस्तु हो र म त्यसको साक्षी हुँ। यो ज्ञान कैयौँ युग पुरानो हो र शास्त्रमा राम्रोसँग प्रलेखित छ। ममा कुनै गुण छैन, किनकि गुणहरू आउछन् अनि जान्छन् तर म आउनेजाने गर्दिन, म अपरिवर्तनशील सत्य हुँ।

**साकारमनृतं विद्धि निराकारं निरन्तरम् ।**
**एतत्तत्त्वोपदेशेन न पुनर्भवसम्भवः ॥२१॥**

जान्नुहोस कि जसको रूप छ त्यो परिवर्तनशील हुनुको कारणले आभासी मात्र हो, एक भ्रम हो। निराकार नै शाश्वत र सत्य हो। एकचोटि जब तपाईं यो शिक्षालाई जान्नुहुन्छ तब पुनर्जन्म असम्भव हुन्छ।

मृत्यु र जन्मको चक्र यस अज्ञानको कारणले हुन्छ कि शरीर र संसारको वास्तविक अस्तित्व छ। एकचोटि तिनीहरूको रूप देखेपछि चित्त मानव रूप लिने बन्धन देखि मुक्त हुन्छ।

**एकमेव समं तत्त्वं वदन्ति हि विपश्चितः ।**
**रागत्यागात्पुनश्चित्तमेकानेकं न विद्यते ॥२२॥**

ज्ञानी जन भन्छन् कि सत्य अद्वैत हो, सब एक नै हो। चित्त जब विरक्त हुन्छ, तब एकतामा विभाजनको ज्ञान हुँदैन।

अद्वैत अथवा एकता एक यस्तो स्थिति हो, जहाँ चित्त सम्पूर्णतालाई अनेकतामा विभाजन गर्ने आफ्नो गतिविधिलाई रोकिदिन्छ, जहाँ वास्तवमा कुनै विभाजन नै हुँदैन।

यसलाई "पृथकिकरण" (दूरी वा अलग)लाई परिभाषित गरेर एकदम सजिलोसँग देख्न सकिन्छ र यो प्रमाणित गर्ने प्रयास गर्न सकिन्छ कि अनुभव र अनुभवकर्ता पृथक छन् । जोकोही पनि यस्तो गर्नमा असफल हुनेछ, दूरी वा अलग एक विचार, चित्तनिर्मित कल्पना, एक निराधार विश्वास हो, यही ज्ञान हुनेछ ।

**अनात्मरूपं च कथं समाधि-**
**रात्मस्वरूपं च कथं समाधिः ।**
**अस्तीति नास्तीति कथं समाधि-**
**र्मोक्षस्वरूपं यदि सर्वमेकम् ॥२३॥**

जुन आत्मन् होइन त्यो समाधिमा कसरी हुनसक्छ ? जुन पहिले नै आत्मन् हो त्यो पनि समाधिमा कसरी हुनसक्छ ? जुन सदा एक छ अनि मुक्त छ, छ पनि र छैन पनि त्यो समाधिमा कसरी हुनसक्छ ?

समाधि चित्त विलीनता वा अद्वैत अवस्थामा हुनु हो । यो चित्तको स्थिति हो । दत्तात्रेयलाई शङ्का छ कि के यो तार्किक रूपले सम्भव छ ? यदि सबै आत्मन् हो भने चित्त सहित सबै पहिले नै समाधिको स्थितिमा छैन ? जब म चित्त होइन भने के उसलाई समाधिमा लगाउनुको कुनै अर्थ छ ? पहिलो कुरा मदेखि केही पनि भिन्न छैन ।

आत्मन्, अद्वैत, ब्रह्मन्भन्दा अरू केही छैन, यी शब्दहरूको अर्थ एउटै हो र यो चित्तको अवस्थाभन्दा माथिको विषय हो । त्यसैले समाधिजस्तो विशेष मानसिक अवस्थाको खोजमा आफ्नो जीवन बरबाद गर्नुको कुनै अर्थ छैन । म सदा मुक्त छु र सदा रहने छु, यस प्रकारले समाधि अवस्थासँग मुक्तिको कुनै सम्बन्ध छैन ।

**विशुद्धोऽसि समं तत्त्वं विदेहस्त्वमजोऽव्ययः ।**
**जानामीह न जानामीत्यात्मानं मन्यसे कथम् ॥२४॥**

म स्वयं विदेह, निराकार, अपरिवर्तनशील, शुद्ध सत्य आत्मन् हुँ । तपाईं कसरी भन्नुहुन्छ कि म आत्मन्लाई जान्दछु वा म उसलाई जान्दिनँ ?

आत्मन्को लागि प्रमाण आवश्यक छैन, यो म नै हुँ । यो छ वा छैन भन्ने विचार जुन मनमा छ त्यो अर्थहीन छ । बुद्धि सीमित छ त्यसले आत्मन्को बारेमा केही जान्न सक्दैन । म यहाँ छु र अहिले नै छु, यो

स्वयंसिद्ध छ, यहाँ कुनै पनि तर्कको आवश्यकता छैन । अज्ञानीले यो छ वा छैन भन्ने बारेमा विवाद गर्ने गर्दछन् ।

**तत्त्वमस्यादिवाक्येन स्वात्मा हि प्रतिपादितः ।**
**नेति नेति श्रुतिर्ब्रूयादनृतं पाञ्चभौतिकम् ॥२५॥**

जस्तो कि शास्त्रले भन्ने गर्दछ, "म त्यो हुँ" (तत्वमसि) र यस्ता महावाक्य आत्मन्‌को सत्यलाई स्थापित गर्दछन् । जस्तो शास्त्र भन्दछन्- त्यो पञ्चतत्वले बनेको छैन, "यो पनि होइन, त्यो पनि होइन ।"

नेती नेती बिधि एक प्रसिद्ध तरिका हो, यो जान्नको लागि कि, म आत्मन् हुँ । जुन कुनै पनि अनुभव गर्न सकिन्छ "त्यो म होइन" म यी अनुभवहरूको अनुभवकर्ता हुँ । त्यस्तो जानेर सबै अनुभवहरूलाई त्यहाँ हेर, अन्त्यमा जुन अनुभवकर्ता बाँकी रहन्छ, त्यो म हुँ । यो एकदम सिधा विधि हो र यसले सत्यलाई अपरोक्ष रूपले स्थापित गर्दछ । अनेकौँ प्राचीन शास्त्रहरू र आचार्यहरूको यही शिक्षा हो । पारम्पारिक ज्ञानमार्गमा वेदहरू तथा उपनिषद्‌हरूलाई प्रमाणको रूपमा लिएको छ ।

**आत्मन्येवात्मना सर्वं त्वया पूर्णं निरन्तरम् ।**
**ध्याता ध्यानं न ते चित्तं निर्लज्जं ध्यायते कथम् ॥२६॥**

तपाईं आत्मन् हो र सबै आत्मन् नै हो, जुन असीमित पूर्ण र अखण्ड छ । तपाईं न ध्यानी हो न ध्यानको विषय नै हो र फेरि यो लज्जारहित मन किन ध्यान गर्दछ ?

कसैले पनि आत्मन्‌लाई ध्यानको माध्यमबाट जान्न सक्दैन । किनकि आत्मन् ध्यानी र ध्यान विषय दुवैको साक्षी हो, यो नै म हुँ । म चित्त होइन जसले यसलाई जान्ने प्रयास गरिरहेको छ ।

एकचोटि जब सत्यको अनुभव हुन्छ जुन कि म आत्मन् हुँ र यही सबै हो । त्यसैले ध्यान गर्नुपर्ने कुनै आवश्यकता छैन । यस्तो गर्नु लज्जित कुरा हो किनकि यसको अर्थ यो हो ध्यानी अझै पनि अज्ञानी छ ।

**शिवं न जानामि कथं वदामि**
**शिवं न जानामि कथं भजामि ।**

**अहं शिवश्चेत्परमार्थथतत्त्वं**
**समस्वरूपं गगनोपमं च ॥२७॥**

मलाई थाहा छैन आत्मन् (शिव) के हो ? म यसको बारेमा कुरा पनि कसरी गर्न सक्छु ? म स्वयं आकाश वा खाली स्थान जस्तै छु, म आत्मन् हुँ, शून्य हुँ । यो नै परम सत्य हो ।

ज्ञान बुद्धिको क्षेत्रमा आउँछ, तर बुद्धिद्वारा ज्ञातालाई जान्न सकिदैन । जसरी बुद्धि अन्य वस्तुलाई बुझ्दछ, त्यसरी आत्मन्लाई बुझ्न सक्दैन । सबै आत्मन्को पृष्ठभूमिमा हुन्छ । ज्ञानको सार साक्षी आत्मन् हो ।

**नाहं तत्त्वं समं तत्त्वं कल्पनाहेतुवर्जितम् ।**
**ग्राह्यग्राहकिनर्मुक्तं स्वसंवेद्यं कथं भवेत् ॥२८॥**

म कोही व्यक्ति होइन, अहंकार होइन, किनकि म सबै प्राणीहरूमा सबै ठाउँमा समान रूपले छु, सबैमा अलगअलग छैन । म काल्पनिक होइन । जुन विषयवस्तुको सम्बन्धदेखि मुक्त छ, जुन स्वयं प्रकाशित छ, त्यो अहंकार वा व्यक्ति कसरी हुनसक्छ ?

ग्राहक र ग्राह्य वा विषय र वस्तु यी केवल अनुभव हुन र म तिनीहरूको अनुभवकर्ता हुँ । जसलाई व्यक्ति वा अहंकार वा अहं भनिन्छ म त्यो होइन । किनकि म सार्वभौमिक सत्य हुँ । केवल एक छु र सबैमा समान छु । व्यक्ति वा अहं केवल एक विचार, भ्रम वा कल्पना हो । कल्पनालाई अनुभव गर्ने वाला काल्पनिक हुन सक्दैन ।

**अनन्तरूपं न हि वस्तु किंचि-**
**त्तत्वस्वरूपं न हि वस्तु किंचित् ।**
**आत्मैकरूपं परमार्थतत्त्वं**
**न हिंसको वापि न चाप्यहींसा ॥२९॥**

कुनै पनि वस्तु अनन्त छैन, वस्तुहरूको कुनै वास्तविकता छैन । केवल आत्मन् नै परम सत्य हो । यसलाई न त नष्ट गर्न सकिन्छ र न यसले केही नष्ट गर्न सक्छ ।

केवल त्यही अनन्त हुनसक्छ जुन शून्य छ । वस्तुहरू अनुभव मात्र हुन्, माया हुन् । सबै वस्तुहरू सीमित छन्, त्यसैले म कुनै वस्तु होइन,

किनकि म स्थान रहित, समय रहित शून्यता हुँ। सारा सृष्टि र विनाश अनन्त आत्मन्को पृष्ठभूमिमा हुन्छ। यसले न त सृजना गर्छ र न त विनाश नै गर्छ। यसमा यस्तो कुनै प्रकृया वा वृत्ति छैन। यो सबै अनुभवहरूको एक मूल साक्षी हो। त्यसलाई चाहे हामी जे भनौं - सृजन वा विनाश।

एउटा अनुभव अर्कोमा बदलिन्छ, एक वस्तु अन्यमा बदलिन्छ, एक रूप अन्य रूपमा बदलिन्छ, केवल हामी यही देख्छौँ। अनि चित्त अनुभवलाई उसको मान्यता अनुसार सृजन वा विनाशको रूपमा विभाजन गर्छ।

**विशुद्धोऽसि समं तत्त्वं विदेहमजमव्ययम्।**
**विभ्रमं कथमात्मार्थे विभ्रान्तोऽहं कथं पुनः ॥३०॥**

म शुद्ध, निराकार, अजन्मा, अविनाशी, अंशहीन र एकमात्र सत्य हुँ। यस आत्मन्को बारेमा कुनै भ्रम कसरी हुनसक्छ ? यो ज्ञान भइसकेपछि म कसरी भ्रमित हुनसक्छु ?

आत्मन् स्वयंसिद्ध छ, एकचोटि यो ज्ञान भएपछि यसमा कुनै शङ्का असम्भव छ। तावा तातो छ कि छैन भनेर जान्नको लागि तातो तावालाई केवल एकचोटि छोए पुग्छ। जुन म हुँ त्यसलाई बिर्सु यो कसरी सम्भव छ ? यदि विस्मृति भैरहेको छ भने यसको अर्थ हो कि आत्मज्ञान भएको छैन।

**घटे भिन्ने घटाकाशं सुलीनं भेदवर्जितम्।**
**शिवेन मनसा शुद्धो न भेदः प्रतिभाति मे ॥३१॥**

एकचोटि माटोको घैटो फुटेपछि त्यस भित्र भएको स्थान र बाहिरको स्थानलाई छुट्याउन सकिँदैन। एकचोटि जब मन अज्ञानदेखि शुद्ध हुन्छ, तब म मन र आत्मन्को बीचमा कुनै अन्तर देख्दिनँ।

मन र आत्मन् एक नै हो। विभाजन मिथ्या हो।

**न घटो न घटाकाशो न जीवो न जीवविग्रहः।**
**केवलं ब्रह्म संविद्धि वेद्यवेदकवर्जितम् ॥३२॥**

अन्तिममा न त माटोको घैटो छ न त घैटोमा आकाश (खाली स्थान) छ। यसै किसमले न कुनै जीव छ, न व्यक्ति नै छ। जान्नुहोस् कि केवल एकछत्र ब्रह्मन् छ। अनुभव र अनुभवकर्तामा कुनै विभाजन छैन।

सम्पूर्णता छ - पूर्णता, ब्रह्मन्, जसमा कुनै खण्ड वा विभाजन छैन । माटोको घैटो एक भ्रामक संरचना हो जसलाई चित्तले सम्भावनाहरूको अनन्त पृष्ठभूमिबाट रचेको हो ।

यसमा जुन स्थान छ त्यो पनि चित्त निर्मित कल्पना हो, जुन वास्तवमा आफ्नो वरपरको स्थानभन्दा भिन्न छैन । यो उपमाद्वारा यही ज्ञान हुन्छ कि जीव नै ब्रह्मन् हो । अथवा जीव अस्तित्वको मिथ्या रूप हो । ब्रह्मन् स्वयं जीव रूपमा स्वयंमै प्रतीत हुन्छ ।

**सर्वत्र सर्वदा सर्वमात्मानं सततं ध्रुवम् ।**
**सर्वं शून्यमशून्यं च तन्मां विद्धि न संशयः ॥३३॥**

आत्मन् नै सबै हो, यो सर्वव्यापी, समयहीन अनादि अनन्त छ । यो छ पनि र छैन पनि, यसलाई जान, यसमा कुनै शङ्का छैन ।

चित्तको दृष्टिकोणबाट, आत्मन् शून्यको रूप हो, जसमा कुनै भौतिक वा मानसिक गुण हुँदैन, तथापि यो नै सबै हो, किनकि यो बाहेक अन्य कुनै सत्य छैन । जे पनि देखिन्छ वा अनुभव हुन्छ त्यो सबै माया हो । यो अपरोक्ष अनुभव र तर्कद्वारा स्थापित छ ।

**वेदा न लोका न सुरा न यज्ञा**
**वर्णाश्रमो नैव कुलं न जातिः ।**
**न धूममार्गो न च दीप्तिमार्गो**
**ब्रह्मैकरूपं परमार्थतत्त्वम् ॥३४॥**

कुनै शास्त्र वा वेद छैन, कुनै लोक छैन, कुनै देव छैन, कुनै वंश छैन, कुनै परिवार छैन । न अन्धकारको (तंत्र) मार्ग छ न प्रकाशको । परमसत्य ब्रह्मन् हो, अरूप अद्वैत । यो नै म हुँ ।

एउटा अज्ञानी बुद्धिहीन यी सबै अनुभवहरूलाई सत्य मान्छ अनि महत्व दिन्छ र त्यसैले अनुभवसँग बाँधिएको हुन्छ। एउटा आध्यात्मिक साधक त्यो सबै छोडिदिन्छ जुन आवश्यक छैन, र शान्ति अनि पूर्ण स्वतंत्रतामा रहन्छ ।

**व्याप्यव्यापकिनर्मुक्तः त्वमेकः सफलं यदि ।**
**प्रत्यक्षं चापरोक्षं च ह्यात्मानं मन्यसे कथम् ॥३५॥**

यदि तपाईं स्थान रहित सर्वव्यापी एकता हो भने तपाईं कसरी भन्नुहुन्छ कि आत्मन्लाई प्रत्यक्ष देख्न सकिन्छ ?

आत्मन्लाई दिशामा सङ्केत गर्न सकिँदैन । त्यो न कुनै चिजको भित्र छ न बाहिर नै छ। जे पनि छ आत्मन् कै भित्र छ। यो कुनै वस्तु होइन, यसलाई अनुभव गर्न सकिँदैन। न त इन्द्रियहरूद्वारा न त इन्द्रियहरू बिना नै ।

**अद्वैतं केचिदिच्छन्ति द्वैतमिच्छन्ति चापरे ।**
**समं तत्त्वं न विन्दन्ति द्वैताद्वैतविवर्जितम् ॥३६॥**

कोही अद्वैत वादको पक्षमा छन्, अनि अन्य द्वैत वादको पक्षमा छन् । उनीहरू जान्दैनन् कि परम सत्य द्वैतवाद वा अद्वैतवाद भन्दा परको विषय हो ।

जे पनि छ त्यो अनिवार्य रूपले अज्ञेय छ, मन वा बुद्धि भन्दा बाहिर छ। जसले सोच्दछ कि सत्य वा आत्मन् वा ब्रह्मन्लाई "जान्दछ" ऊ अज्ञानी अनि भ्रमित छ। उनीहरूसँग केवल शब्द र सिद्धान्त छ। म आत्मन् हुनसक्छु तर यसलाई जान्न सक्दिनँ, यसलाई जान्न सकिने एक अनुभवको रूपमा देख्न सकिदैन ।

**श्वेतादिवर्णरहितं शब्दादिगुणवर्जितम् ।**
**कथयन्ति कथं तत्त्वं मनोवाचामगोचरम् ॥३७॥**

उनीहरू यस सत्यको बारेमा कुरा पनि कसरी गर्छन् जुन बुद्धि र भाषाको पहुँच भन्दा बाहिर छ, जुन सेतो वा अन्य रङ्गको छैन, जुन ध्वनि वा कुनै अन्य गुणबाट रहित छ ।

बुद्धिलाई अत्यधिक कठिनाइको सामना गर्नुपर्छ जब उसको अगाडि कुनै यस्तो चिज छ जुन दैनिक सांसारिक जीवनभन्दा परको विषय हो । बुद्धिको पहुँच इन्द्रियहरूद्वारा प्राप्त मिथ्यासम्म मात्र छ। बुद्धि गुण रहित, तन्मात्रा रहित, ज्ञान अज्ञान रहित आत्मन्लाई जान्न सक्दैन। यदि तपाईं ब्रह्मको बारेमा कुरा गर्ने प्रयास गर्नुहुन्छ भने त्यो अर्थहीन हुनेछ। अज्ञानी सबै प्रकारका मान्यताहरू र अन्धविश्वासहरूमा लिप्त हुन्छ। ऊ स्वयंलाई शरीर, मन, प्रकाश वा नाद मात्र मान्दछ ।

**यदाऽनृतमिदं सर्वं देहादिगगनोपमम् ।**
**तदा हि ब्रह्म संवेत्ति न ते द्वैतपरम्परा ॥३८॥**

जब शरीर सहित सबै मिथ्या देखिन्छ, असत्य देखिन्छ, यो रिक्त स्थानजस्तै लाग्नथाल्छ तब तपाईं ब्रह्मन्लाई जान्नु हुनेछ । यो कुनै द्वैतवादी परम्पराको माध्यमबाट जान्नुहुने छैन ।

विभाजनको भ्रमलाई देखेपछि केवल एउटै निष्कर्ष निस्कन्छ कि केवल एउटै अस्तित्व छ । दार्शनिकता, वादविवादले यसलाई स्थापित गर्दैनन् । यो बोध नै द्वैतको अन्त्य हो ।

**परेण सहजात्मापि ह्यभिन्नः प्रतिभाति मे ।**
**व्योमाकारं तथैवैकं ध्याता ध्यानं कथं भवेत् ॥३९॥**

म अरूलाई पनि स्वभाविक रूपले स्वयंकै रूपमा देख्दछु, अलग होइन, केवल यस आत्मन्को रूपमा । जुन आकाश समान छ, त्यो ध्यानी र ध्यान कसरी हुनसक्छ ?

अन्य व्यक्तिहरूको शरीर र मन अलग - अलग देखिन्छन्, तर तिनको तत्व पनि यो आत्मन् नै हो । जुन म हुँ, त्यही सबै हुन् ।

**यत्करोमि यदश्नामि यज्जुहोमि ददामि यत् ।**
**एतत्सर्वं न मे किंचिद्विशुद्धोऽहमजोऽव्ययः ॥४०॥**

जसले कर्म गर्छ म त्यो होइन जस्तैः खाना खान्छ, कर्मकाण्ड, यज्ञ होम वा दान गर्छ आदि । म शुद्ध, अजन्मा, अमर आत्मन् हुँ ।

आत्मन् कर्म गर्नको लागि असमर्थ छ, यो विशुद्ध रूपले अनुभवहरू र कार्यहरूको साक्षी हो । क्रियाहरू हुने गर्छन्, कसैको माध्यमद्वारा हुँदैनन् । कुनै कर्ता नै छैन ।

आत्मन् न त कहिले शुरू भयो न त यसको कहिले अन्त्य नै हुनेछ, जहाँ आत्मन्को विपरीत शरीर र भ्रामक व्यक्तिहरू समयको साथ कार्य गर्छन्, बदलिन्छन् अनि नष्ट हुन्छन् । जुन मनुष्य आफ्नो वास्तविक स्वरूपलाई जान्दैनन् उनीहरू कर्मकाण्ड र राम्रो/नराम्रो कामहरू वा पूजामा लागिरहेका हुन्छन् ।

**सर्वं जगद्विद्धि निराकृतीदं**
**सर्वं जगद्विद्धि विकारहीनम् ।**
**सर्वं जगद्विद्धि विशुद्धदेह**
**सर्वं जगद्विद्धि शिवैकरूपम् ॥४१॥**

जान्नुहोस् कि अस्तित्व निराकार वा शून्य छ, यो अपरिवर्तनशील, शुद्ध छ । विभिन्न रूप प्रतीत हुन्छ र पनि यसको तत्व आत्मन् (शिव) हो ।

अस्तित्व स्वयंमा प्रकटहुने सबै मिथ्या रूपहरूको साक्षी मात्र हो । अर्को शब्दमा यो आत्मन् वा ब्रह्मन् त्यो हो जसको साक्षी ऊ स्वयं नै हो । दृश्य र द्रष्टाको बीचमा कुनै दूरी पाउन असम्भव छ ।

यसलाई अपरोक्ष रूपले जो कसैले, जति बेला पनि जान्नसक्छ ।

**तत्त्वं त्वं न हि सन्देहः किं जानाम्यथवा पुनः ।**
**असंवेद्यं स्वसंवेद्यमात्मानं मन्यसे कथम् ॥४२॥**

आत्मन् नै सत्य हो यसमा कुनै शङ्का छैन, यो नै तपाईंको तत्व हो । यो बाहेक तपाईं अरू के जान्न सक्नुहुन्छ ? जुन स्वयंलाई स्वयं भएर जान्दछ त्यसलाई जान्दैन भनेर कसरी भन्नु हुन्छ ?

हामीले अहिलेसम्म जे पनि पाएका छौँ चाहे त्यो भौतिक, पराभौतिक वा मानसिक नै किन नहोस, त्यो केवल आत्मन् हो । बुद्धिले आत्मन्लाई कुनै वस्तु वा विचार जसरी जान्न सक्दैन । आत्मन्को ज्ञान आत्मन् भएर हुन्छ न कि त्यसलाई देखेर । यो स्वयं चैतन्य हो । यो अज्ञात होइन तर पनि बुद्धि यसलाई जान्न सक्दैन ।

**मायाऽमाया कथं तात छायाऽछाया न विद्यते ।**
**तत्त्वमेकिमदं सर्वं व्योमाकारं निरञ्जनम् ॥४३॥**

"सत्य अनि मिथ्या, छायाँ अनि प्रकाश" म मा देखिँदैनन् । आकाशजस्तै मेरो तत्व एक छ, निरञ्जन छ ।

यो एक अखण्ड आत्मन् हो, त्यसैले एक भागलाई सत्य भन्न र अर्को भागलाई मिथ्या भन्न अर्थहीन छ ।"

**आदिमध्यान्तमुक्तोऽहं न बद्धोऽहं कदाचन ।**
**स्वभावनिर्मलः शुद्ध इति मे निश्चिता मतिः ॥४४॥**

म आदि, मध्य अनि अन्त्यसम्म मुक्त नै छु, म कहिले बन्धनमा थिइनँ । म स्वभाविक रूपले एकदम शुद्ध अनि पवित्र छु, यो मेरो दृढ बुझाई हो ।

आत्मन् कसैदेखि प्रभावित वा बन्धनमा हुन सक्दैन, यो त मन अनि शरीर हुन, जुन अशुद्ध अपवित्र (अज्ञानी र अपूर्ण) र बन्धन मा छन्, जुन मुक्त छैनन् । आत्मन्सँग तादात्म्य मोक्ष मुक्तिको सिधा उपाय हो । मुक्तिको लागि कत्ति पनि समय लाग्दैन ।

**महदादि जगत्सर्वं न किंचित्प्रतिभाति मे ।**
**ब्रह्मैव केवलं सर्वं कथं वर्णाश्रमस्थितिः ॥४५॥**

सारा संसार मेरो लागि हुनु नहुनु एक समान छ, यहाँ सम्म कि महत् पनि छैन । अद्वैत ब्रह्मन् नै सबै कुरा हो । यसलाई कसरी वर्ण वा जातमा विभाजन गर्न सकिन्छ ?

पहिलो पदार्थ - महत्, साङ्ख्य दर्शनको चित्तभन्दा सूक्ष्म पदार्थको अवधारणा हो । एकत्व - ब्रह्मन्, अविभाज्य र अज्ञेय जुन सम्पूर्ण अस्तित्व हो र अनिवार्य रूपमा आत्मन्सँग समान छ ।

एक अज्ञानी अहंकारी स्वभावले आफ्नो भव्यतालाई तुच्छ बनाउँछ, जस्तै- म तिमीभन्दा श्रेष्ठ हुँ, आदि विचार एक अज्ञानी मात्र गर्न सक्छ ।

**जानामि सर्वथा सर्वमहमेको निरन्तरम् ।**
**निरालम्बमशून्यं च शून्यं व्योमादिपञ्चकम् ॥४६॥**

मलाई थाहा छ म नै सम्पूर्ण हुँ, जुन सबै कुरा हो, जुन निरन्तर छ । अन्तरिक्ष र पाँच तत्वहरू शून्य छन् र तिनीहरूको आफ्नै आधार छैन ।

अन्तरिक्ष, समय र पदार्थको कुनै स्वतन्त्र अस्तित्व छैन । यी अनुभवहरूलाई निश्चित रूपमा व्यवस्थित गर्न चित्त यिनीहरूको सिर्जना गर्छ । आत्मन्ले आफू बाहेक अरू कसैको पनि अनुभव गरिरहेको छैन ।

**न षण्ढो न पुमान्न स्त्री न बोधो नैव कल्पना ।**
**सानन्दो वा निरानन्दमात्मानं मन्यसे कथम् ॥४७॥**

आत्मन्को कुनै लिङ्ग छैन, यो पुरुष, महिला वा नपुंसक होइन । यो मनमा कुनै कल्पना वा विचार होइन । यसमा सुख वा दु:ख छ भनेर कसरी विश्वास गर्नुहुन्छ ?

आत्मन् केवल सुख वा दु:खको साक्षी हो, सुख/दु:ख आउने र जाने चित्तवृत्ति मात्र हो । आत्मन् न सुखी हुनसक्छ, न दु:खी, यो शुद्ध शान्त,आनन्द हो ।

**षडङ्गयोगान्न तु नैव शुद्धं**
**मनोबिनाशान्न तु नैव शुद्धम् ।**
**ग'रूपदेशान्न तु नैव शुद्धं**
**स्वयं च तत्त्वं स्वयमेव बुद्धम् ॥४८॥**

तपाईं आत्मन् हो जुन छ अङ्गको योग साधनाले शुद्ध हुन सक्दैन । चित्तलाई संयम वा नाश गरेर शुद्ध हुन सक्दैन । गुरुको उपदेशले शुद्ध बन्न सक्दैन । तपाईंको तत्व नै शुद्ध छ, यसलाई बुद्धिभन्दा बाहिर जान्नुहोस् । यो नै बुद्ध हुनु हो ।

छ वटा अङ्गहरू भएको योग - सम्भवत: पतञ्जलीको अष्टाङ्ग योगसँग मिल्दोजुल्दो छ । आत्मन् त पहिले नै शुद्ध छ, शून्य मात्र छ, त्यस्ता सबै कर्महरूले त्यसलाई कुनै असर गर्दैन । यी सबै एक अज्ञानी व्यक्तिलाई आत्मज्ञानतर्फ लैजान माध्यम मात्र हुन् ।

**न हि पञ्चात्मको देहो विदेहो वर्तते न हि ।**
**आत्मैव केवलं सर्वं तुरीयं च त्रयं कथम् ॥४९॥**

भौतिक पदार्थमा अवतरित जीवहरूको कुनै अस्तित्व छैन, न त कुनै शरीर बिनाका प्राणीहरू छन् । जब सबै कुरा केवल आत्मन् नै हो, भने तपाईं कसरी चित्तको तीन वा चार अवस्थाहरूको कुरा गर्न सक्नुहुन्छ ?

जागृत, स्वप्न र गहिरो निद्रा चित्तको तीन अवस्थाहरू हुन् र आत्मज्ञानले भरिएको चेतन अवस्था चौथो वा तुरीय अवस्था हो । चित्त नै माया हो, चाहे त्यो देहधारी होस् वा अन्य कुनै, म यो सबै होइन । मेरो कुनै अवस्था छैन । ममा कुनै परिवर्तन छैन ।

**न बद्धो नैव मुक्तोऽहं न चाहं ब्रह्मणः पृथक् ।**
**न कर्ता न च भोक्ताहं व्याप्यव्यापकवर्जितः ॥५०॥**

म कहिल्यै बाँधिएको थिइनँ त्यसैले मलाई मुक्त गर्न सकिँदैन । मलाई एकत्वदेखि कहिल्यै अलग गर्न सकिँदैन । म कर्मको कर्ता होइन, म कर्मको फलबाट प्रभावित हुन्न, म शून्य हुँ ।

यहाँ दत्तात्रेय मुक्ति, कर्म, फल, कर्ता, कारण प्रभाव इत्यादिका सबै मान्यतलाई नष्ट गरी दिन्छन् । आत्मन्ले केही गर्न सक्दैन, केही प्राप्त गर्न सक्दैन, यो मौन साक्षी हो । बन्धन आदि आत्मन्को विपरीत चित्तका हुन् ।

**यथा जलं जले न्यस्तं सलिलं भेदवर्जितम् ।**
**प्रकृतिं पुरुषं तद्वदभिन्नं प्रतिभाति मे ॥५१॥**

जसरी पानीमा पानी मिसाउदा दुवैमा कुनै भिन्नता देखिदैन, त्यसरी नै मैले अनुभव र अनुभवकर्तामा कुनै भिन्नता देख्दिनँ ।

अनुभव-प्रकृति वा सृष्टि । अनुभवकर्ता-पुरुष वा आत्मन् । साङ्ख्यको द्वैतवादको दर्शनमा वर्णन गरे अनुसार तिनीहरू अलग छैनन् ।

**यदि नाम न मुक्तोऽसि न बद्धोऽसि कदाचन ।**
**साकारं च निराकारमात्मानं मन्यसे कथम् ॥५२॥**

यदि यो कहिल्यै बाँधिएको वा मुक्त छैन भने, आत्मन्लाई निराकार वा साकार कसरी भन्न सकिन्छ ?

आत्मन् जुन निराकार हो, सबै रूपको साक्षी हो, त्यो अरू केही नभएर स्वयं आत्मन् नै हो । यो कुनै पनि हिसाबले कुनै पनि रूपमा बाँधिएको थिएन र त्यसैले यसलाई मुक्त गर्न सकिदैन । दत्तात्रेयले आत्मन्लाई वर्णन गर्न खोज्दा मन आफैँमा फसेको विरोधाभासलाई औँल्याउने प्रयास गर्नुभएको छ ।

**जानामि ते परं रूपं प्रत्यक्षं गगनोपमम् ।**
**यथा परं हि रूपं यन्मरीचिजलसन्निभम् ॥५३॥**

जान्नुहोस् कि तपाईंको स्वभाव उपमा स्वरूप आकाशजस्तै छ । बाँकी मृगतृष्णामा देखिने मायावी पानीजस्तै हो ।

जुन दृश्य देखिन्छ त्यो भ्रम हो, जुन द्रष्टा छ त्यो सत्य हो, जुन अन्तरिक्ष जत्तिकै असीम छ ।

**न गुरुर्नोपदेशश्च न चोपाधिर्न मे क्रिया ।**
**विदेहं गगनं विद्धि विशुद्धोऽहं स्वभावतः ॥५४॥**

मलाई थाहा छ म बिना कुनै रूपले असीम आकाशजस्तै निराकार, शुद्ध, स्वभाविक रूपमा विद्यमान छु । मलाई गुरुको उपदेश वा कुनै उच्च पद वा योग साधनाद्वारा जान्न सकिँदैन ।

तथ्य यो हो कि, म मूलतः आत्मन् हुँ, शब्द, कर्म वा कर्मकाण्डबाट मलाई जान्न सकिँदैन । यो प्राकृतिक रहस्यको खुलासा हो । अरू सबैको कार्यहरू यही दिशामा सङ्केत गर्छन् । गुरुले पनि केवल सङ्केत मात्र गर्न सक्छन् । अज्ञानीहरूले थाहा पाएको नाटक गर्छन् र देखाउनको लागि आफूलाई ठूलो उपाधि दिन्छन् ।

**विशुद्धोऽस्य शरीरोऽसि न ते चित्तं परात्परम् ।**
**अहं चात्मा परं तत्त्वमिति वक्तुं न लज्जसे ॥५५॥**

तपाईंको तत्व, शरीर वा चित्त होइन, तपाईं शुद्ध हुनुहुन्छ । म परम सत्य हुँ, आत्मन् हुँ भन्न सङ्कोच नमान्नुहोस् ।

आफू को हो भनेर ज्ञानीजन जान्दछन् यो कुरा पूर्ण आत्मविश्वासका साथ भन्दछन्, यो स्वयंसिद्ध छ ।

**कथं रोदिषि रे चित्त ह्यात्मैवात्मात्मना भव ।**
**पिब वत्स कलातीतमद्वैतं परमामृतम् ॥५६॥**

हे चित्त तिमी किन रुन्छौ ? आत्मन् बन, जुन तिमी स्वयं हौ । पुत्र, अद्वैतको शाश्वत अमृत पिऊ ।

आत्मज्ञानले दुःखलाई पूरै नाश गरिदिन्छ, अब अद्वैतको आनन्दमय अवस्था रहन्छ ।

**नैव बोधो न चाबोधो न बोधाबोध एव च ।**
**यस्येदृशः सदा बोधः स बोधो नान्यथा भवेत् ॥५७॥**

न ज्ञान छ न अज्ञानता। न त अर्धज्ञान नै छ। जससँग यस्तो ज्ञान छ, त्यो स्वयं ज्ञानरूप हो, अरू केही होइन।

सारा ज्ञान चित्तमा सञ्चय हुनु मात्र हो, र यस्तै अज्ञान पनि हो। आत्मन्, चित्तभन्दा बाहिर भएकोले ज्ञान र अज्ञान दुवैबाट मुक्त छ। यो एक मात्र ज्ञान हो जुन प्राप्त गर्न योग्य छ।

**ज्ञानं न तर्को न समाधियोगो**
**न देशकालौ न गुरूपदेशः।**
**स्वभावसंवित्तरहं च तत्व-**
**माकाशकल्पं सहजं ध्रुवं च ॥५८॥**

ज्ञान होस् वा तर्क होस्, समाधि होस् वा योग होस्, स्थान होस् वा समय होस्, गुरुको उपदेश होस्, यी सबै त्यो सत्य अवस्थामा स्थिर हुनको लागि आवश्यक छैनन्, जुन आकाश समान छ स्वभाविक रूपले स्थिर छ।

कोही पनि कहिल्यै आत्मन् "बन्न" सक्दैन। जुन तपाईं पहिले नै हुनुहुन्छ, यो कर्मले होइन कर्महीनताले हुनेछ।

**न जातोऽहं मृतो वापि न मे कर्म शुभाशुभम्।**
**विशुद्धं निर्गुणं ब्रह्म बन्धो मुक्तिः कथं मम ॥५९॥**

म न त जन्म लिन्छु, न म मर्छु। मैले राम्रोनराम्रो केही कार्य गर्दिनँ। जो शुद्ध र गुणरहित ब्रह्मन् हो, ऊ कसरी बन्धन वा मुक्त हुन्छ ?

चित्त र व्यक्ति आफ्नो कर्मको फलले बाँधिएको हुन्छ। म, आत्मन्, न त कर्ता हुँ, न त कुनै कर्म र त्यसको परिणाम प्राप्त गर्नेवाला।

**यदि सर्वगतो देवः स्थिरः पूर्णो निरन्तरः।**
**अन्त्यरं हि न पश्यामि स बाह्याभ्यन्तरः कथम् ॥६०॥**

यदि म सर्वव्यापी, स्वयंप्रकाशित, परिवर्तनरहित, पूर्ण र शाश्वत छु भने, म कसको भित्र हुनसक्छु र कसको बाहिर हुनसक्छु ?

स्वयं प्रकाशित - आत्मन्ले आफैँलाई आफ्नै प्रकाशले प्रकाशित गर्छ, जसको अर्थ यो स्वचेतना हो। आत्मन् "आन्तरिक" वा केही चिजको भित्र छैन, न त यो "बाहिर" कहीँ छ, यो सबै एक हो, यहाँ र अहिले छ।

आत्मन् अलौकिक (स्थानहीन) हो, र यो थाहा हुन्छ कि सबै कुरा त्यस्तै छ। स्थान चित्तनिर्मित हो र अवधारणाको रूपमा पाइन्छ। न म शरीर हुँ, न म शरीरमा छु।

**स्फुरत्येव जगत्कृत्स्नमखण्डितनिरन्तरम् ।**
**अहो मायामहामोहो द्वैताद्वैतविकल्पना ॥६१॥**

अस्तित्व उज्यालो रूपमा चम्किरहेको छ, सदा प्रकट, अविभाज्य र निरन्तर छ। मानिसहरू द्वैत, अद्वैत वा माया आदि कल्पनाहरूमा आसक्त हुन्छन्।

माया - महा भ्रम हो, कि म (आत्मन्) बाहेक अरू केही छ। माया पनि म नै हुँ। यो सदा छ तर यो मेरो अस्थायी छायाँ मात्र हो।

**साकारं च निराकारं नेति नेतीति सर्वदा ।**
**भेदाभेदविनिर्मुक्तो वर्तते केवलः शिवः ॥६२॥**

जसको रूप छ, त्यो यो होइन, जसको रूप छैन, त्यो यो होइन। आत्मन् (शिवम) कुनै पनि विभाजन वा समानताबाट मुक्त छ।

आत्मन्लाई कुनै आकार वा निराकारमा कसैले कल्पना गर्न सक्दैन। यो सामान्य बुद्धिभन्दा बाहिर छ।

**न ते च माता च पिता च बन्धुः**
**न ते च पत्नी न सुतश्च मित्रम् ।**
**न पक्षपाती न विपक्षपातः**
**कथं हि संतप्तिरियं हि चित्ते ॥६३॥**

तपाईंको कोही आमा, बुबा, भाइ, पत्नी, पुत्र वा मित्र छैन। तपाईं कसैको पक्षमा वा विपक्षमा हुनुहुन्न। तैपनि यो मन किन यस्तो दुःखले पीडित छ ?

मबाहेक अरू मानिस वा चिजहरू छन् भन्ने अज्ञानता नै दुःखको कारण हो। आत्मज्ञानद्वारा यो भ्रम हट्छ। दुई बिचको सम्बन्ध हुनसक्छ तर जब सबै म नै हुँ तब सम्बन्ध सम्भव हुदैन, वास्तविकतामा म नै मायावी रूपमा प्रकट हुन्छु , जस्तै सपनामा म नै मान्छे, सम्बन्ध, रूख, बाटो, वा भवनहरूको रूपमा प्रकट हुन्छु। ब्यूँझदा यो सबै मिथ्या प्रतीत हुन्छ।

**दिवा नक्तं न ते चित्तं उदयास्तमयौ न हि ।**
**विदेहस्य शरीरत्वं कल्पयन्ति कथं बुधाः ॥६४॥**

चित्त सूर्यजस्तै दिनमा न उदाउँछ न अस्ताउँछ । कसरी एक बुद्धिमान व्यक्तिले निराकारद्वारा कुनै शरीर धारण गर्ने कल्पना गर्न सक्छ ?

आत्मन् बदलिदैन, अनुभव बदलिन्छ । म वास्तवमा कुनै रूप धारण गर्दिनँ, म केवल अनेक रूपहरूमा मात्र प्रकट हुन्छु । चित्तको केवल अवस्था बदलिन्छ, चित्त सधैं विद्यमान रहन्छ ।

**नाविभक्तं विभक्तं च न हि दुःखसुखादि च ।**
**न हि सर्वमसर्वं च विद्धि चात्मानमव्ययम् ॥६५॥**

आत्मन्लाई यसरी जान्नुहोस् उसको कुनै अंश छैन, यो न एक छ न धेरै, यो अविभाज्य वा विभाज्य छैन, र यसमा न सुख छ न दुःख छ ।

आत्मन्लाई दैनिक जीवनको ज्ञानको सन्दर्भमा चिन्न सकिँदैन जुन भौतिक, शारीरिक वा मानसिक अनुभवहरूमा मात्र लागू हुन्छ ।

**नाहं कर्ता न भोक्ता च न मे कर्म पुराऽधुना ।**
**न मे देहो विदेहो वा निर्ममेति ममेति किम् ॥६६॥**

म कर्ता वा भोक्ता होइन, मेरो कुनै पुरानो वा नयाँ कर्म छैन । न मेरो शरीर छ न म शरीरहीन छु, यो कसरी हुनसक्छ कि "यो म हो" वा "यो म होइन ?"

कर्म - हाम्रो अनुभव र कार्यहरूको कारण चित्तमा भएको प्रभाव । सबै कार्यको आ-आफ्नै परिणाम हुन्छ तर यो नियम चित्तमा लागु हुन्छ, जुन मिथ्या हो, र यो आत्मन्मा लागु हुँदैन, जुन सबै अनुभवले अछुतो छ ।

यसले कुनै कर्म गर्दैन, यो केवल सबै कर्महरूको साक्षी हो । आत्मन्मा कुनै स्वामित्वको भावना छैन । केही पनि "मेरो" होइन, तर सबै म नै हुँ ।

**न मे रागादिको दोषो दुःखं देहादिकं न मे ।**
**आत्मननं विद्धि मामेकं विशालं गगनोपमम् ॥६७॥**

मेरो मनपर्ने नपर्ने केही छैन , न त कुनै अपूर्णता छ, शरीरको कुनै पीडा वा दुःख ममा छैन । म आफूलाई आकाशजस्तै विशालताको रूपमा चिन्छु ।

संस्कार चित्तमा छन्, यसको पूर्व अनुभवहरूको परिणाम स्वरूप। तिनीहरू आत्मन्सँग सम्बन्धित छैनन्, आत्मन् केवल चित्तको गतिविधिहरूको द्रष्टा मात्र हो।

**सखे मनः किं बहुजल्पितेन**
**सखे मनः सर्वमिदं वितर्क्यम्।**
**यत्सारभूतं कथितं मया ते**
**त्वमेव तत्त्वं गगनोपमोऽसि ॥६८॥**

हे चित्त मेरो साथी, यति लामो कुराकानीको कुनै अर्थ छैन। हे चित्त मेरो साथी, यो सबै तर्क वितर्क मात्र हो। मैले तिमीलाई त्यसको सार भनेको छु तिमी नै सत्य हौ, विशाल आकाशजस्तै।

मौन नै ज्ञानको सार हो। जब थाहा हुन्छ तब भन्नलाई बाँकी केही रहँदैन, यो ज्ञान धेरै सरल र स्पष्ट छ।

**येन केनापि भावेन यत्र कुत्र मृता अपि।**
**योगिनस्तत्र लीयन्ते घटाकाशमिवाम्बरे ॥६९॥**

एउटा योगी जस्तोसुकै जीवनयापन किन नगरोस्, जहिले उसको मृत्यु हुन्छ ऊ पूर्णतामा विलीन हुनजान्छ जस्तैः माटोको भाँडामा विद्यमान आकाश भाँडो फूटेपछि अनन्त आकाशमा विलीन हुन्छ।

योगी-साधक। उसले जे पनि चाहना गर्नसक्छ, योग अथवा मुक्तिको लागि धेरै केही गर्नुपर्ने आवश्यक छैन। किनकि ऊ कहिल्यै पनि वियोग वा बन्धनमा थिएन।

**तीर्थे चान्त्यजगेहे वा नष्टस्मृतिरपि त्यजन्।**
**समकाले तनुं मुक्तः कैवल्यव्यापको भवेत् ॥७०॥**

यसले कुनै फरक पर्दैन कि, कसैले यो सन्सारको कुनै पवित्र स्थानमा प्राण त्यागोस् वा सबै स्मृतिहरू मेटाए पनि कुनै फरक पर्दैन। ऊ तुरुन्तै मुक्त हुन्छ र परम अस्तित्वमा विलीन हुन्छ।

जुन पहिले नै छ त्यसको लागि कुनै विशेष अनुष्ठान, स्थान वा मानसिक तयारीको आवश्यकता छैन। अज्ञानीहरू पवित्र स्थानहरूमा मर्न

जान्छन्, वा मुक्तिको लागि मूर्ख अनुष्ठानहरू गर्छन् । यो सबै अन्धविश्वास हो ।

**धर्मार्थकाममोक्षांश्च द्विपदादिचराचरम् ।**
**मन्यन्ते योगिनः सर्वं मरीचिजलसन्निभम् ॥७१॥**

एक योगी, सही आचरण, समृद्धि, मनोकामना पूर्ति, मुक्ति, मानव र सबै जीवित वा निर्जीव वस्तुहरूलाई मृगतृष्णाको पानी समान जान्दछ ।

चर - जीवित प्राणी, अचर - निष्क्रिय पदार्थ । यी मध्ये कुनै पनि सत्य होइन, जसमा मानव पनि समावेश छ । यसलाई प्रत्यक्ष अनुभव र तर्कले सजिलै जान्न सकिन्छ ।

**अतीतानागतं कर्म वर्तमानं तथैव च ।**
**न करोमि न भुञ्जामि इति मे निश्चला मतिः ॥७२॥**

मलाई पक्का थाहा छ कि मैले कुनै पनि कर्म गर्दिनँ, न त म तिनीहरूको नतिजाबाट प्रभावित हुन्छु, चाहे त्यो भूत, वर्तमान वा भविष्यमा होस् ।

म कर्ता होइन, जे प्रकट हुन्छ वा नष्ट हुन्छ म त्यसको शाश्वत साक्षी मात्र हुँ । म यो स्वप्नको स्वप्नद्रष्टा मात्र हुँ ।

**शून्यागारे समरसपूत-**
**स्तिष्ठन्नेकः सुखमवधूतः ।**
**चरति हि नग्नस्त्यक्त्वा गर्वं**
**विन्दति केवलमात्मनि सर्वम् ॥७३॥**

रित्तो घरजस्तै शान्त चित्तद्वारा, समभावले एक अवधूत स्थिर रहन्छ, अभिमानलाई त्यागेर, नग्न भएर हिँड्छ र सम्पूर्णतालाई आत्मन् वा स्वयंको रूपमा जान्दछ ।

अवधूत - त्यागी, दत्तात्रेयको नाम मध्ये एक, उनको सम्प्रदाय । यो यस परम्परामा साधकको जीवनशैली हो ।

**त्रितयतुरीयं नहि नहि यत्र**
**विन्दति केवलमात्मनि तत्र ।**

**धर्माधर्मौ नहि नहि यत्र**
**बद्धो मुक्तः कथमिह तत्र ॥७४॥**

त्यहाँ तीन-चार अवस्था छैन, मलाई थाहा छ केवल आत्मन् मात्र छ। जब सही वा गलत आचरण हुँदैन, भने बन्धन वा मुक्ति कसरी हुन्छ ?

यी तीनै अवस्था जागृति, स्वप्न र सुषुप्ति र चौथो अवस्था तुरीय मेरो होइन। अवस्थाहरू चित्तका हुन्, र आत्मन्द्वारा अनुभव हुन्छन्। कर्महरू पनि चित्तकै हुन्, आत्मन्का होइनन्, आत्मन् यसको साक्षी मात्र हो। मन कर्मद्वारा बाँधिएको छ तर यो केवल भ्रम मात्र हो। आत्मन् सदा मुक्त नै छ।

**विन्दति विन्दति नहि नहि मन्त्रं**
**छन्दोलक्षणं नहि नहि तन्त्रम्।**
**समरसमग्नो भावितपूतः**
**प्रलपितमेतत्परमवधूतः ॥७५॥**

एक अवधूतलाई कुनै सूत्र/मन्त्र थाहा छैन, कुनै श्लोकहरू थाहा छैन, कुनै विधि बारे थाहा छैन। यो अचल, समभाव र परम्मा लीन छ।

जसलाई ज्ञान छ, उसलाई मन्त्र जपगर्ने वा यी मूर्खतापूर्ण विधिहरू गर्न आवश्यक छैन। उसले त्यो प्राप्त गरेको छ जुन अन्य कुनै पनि मार्गको कुनै पनि साधकले केवल कल्पना मात्र गर्न सक्छ।

**सर्वशून्यमशून्यं च सत्यासत्यं न विद्यते।**
**स्वभावभावतः प्रोक्तं शास्त्रसंवित्तिपूर्वकम् ॥७६॥**

न शून्य छ न अशून्य, कुनै सत्य वा असत्य छैन। आफ्नो स्वयंको ज्ञान नै शास्त्र हो।

ज्ञानीले आफ्नो ज्ञानले भन्छ, शास्त्र पढ्दैन। यस्तो व्यक्तिले कुनै पनि कुरामा आँखा चिम्लेर विश्वास गर्दैन। प्रत्यक्ष प्रमाण मार्फत जान्दछ। त्यो नै अवधूत हो।

इति प्रथमोऽध्यायः ॥१॥

अध्याय २

# अथ द्वितीयोऽध्यायः

अवधूत उवाच

**बालस्य वा विषयभोगरतस्य वापि**
**मूर्खस्य सेवकजनस्य गृहस्थितस्य ।**
**एतद्‌गुरोः किमपि नैव न चिन्तनीयं**
**रत्नं कथं त्यजति कोऽप्यशुचौ प्रविष्टम् ॥ १॥**

अपरिपक्व, भोगी, मूर्ख, नोकर, गृहस्थ आदिलाई हीन मान्नु हुँदैन । जुन रत्न फोहर भएको छ त्यसलाई कसले फाल्छ ।

सबैको वास्तविक स्वरूप आत्मन् हो, जुन मेरो आफ्नो स्वरूप हो । फरक मात्र अरूको मनमा भएको अज्ञानताको मात्राको हो । जुन ऐनामा रहेको फोहोरको समान छ र नश्वर पनि छ । अज्ञानीलाई नीच बुझ्नु अहंकार हो ।

**नैवात्र काव्यगुण एव तु चिन्तनीयो**
**ग्राह्यः परं गुणवता खलु सार एव।**
**सिन्दूरचित्ररहिता भुवि रूपशून्या**
**पारं न किं नयति नौरिह गन्तुकामान्॥ २॥**

कसैको विद्वतापूर्ण गुण या बोल्ने क्षमतालाई महत्वपूर्ण नबुझ्नुहोस् । सबै चिजको सार लिनुहोस् । एउटा राम्रोसँग सजाएको नयाँ डुङ्गाले यात्रीलाई पार गराउँछ, ठीक त्यसैगरी जसरी एउटा साधारण डुङ्गाले पार गराउँछ ।

गुरुको बाहिरी रूपको केही मतलब हुँदैन न त उनको परम्परा र संस्कृतिको मतलब हुन्छ । सत्य एउटै हो स्रोत जे भएपनि ।

**प्रयत्नेन बिना येन निश्चलेन चलाचलम् ।**
**ग्रस्तं स्वभावतः शान्तं चैतन्यं गगनोपमम् ॥३॥**

जे हुँदैछ र स्थिर छ । त्यो बिना कुनै प्रयासले आकाशकोजस्तै स्वभाविक रूपमा शान्तिपूर्ण र अटल आत्मन्‌द्वारा व्याप्त छ ।

सबै सजीव र निर्जीव मेरो आफ्नो रूप हो। म यसको रूपमा प्रकट हुन्छु।

**अयत्नाच्चालयेद्यस्तु एकमेव चराचरम्।**
**सर्वगं तत्कथं भिन्नमद्वैतं वर्तते मम ॥४॥**

मात्र आत्मन्, जुन बिना कुनै प्रयासले सबै ठाउँमा गतिमान र स्थायी रूपमा व्याप्त छ, यसलाई कसरी खण्डित गर्न सकिन्छ ? म स्वयंलाई अद्वैत सत्यको रूपमा जान्दछु।

यो मेरो प्रत्यक्ष अनुभव हो कि मेरो कुनै भाग छैन र सबै अनुभव मेरो आफ्नै मायारूप हो। वस्तुलाई विभेदित गर्न सकिन्छ। जुन पृष्ठभूमिमा त्यो देखिन्छ, त्यो एक सम्पूर्णता हो।

**अहमेव परं यस्मात्सारासारतरं शिवम्।**
**गमागमविनिर्मुक्तं निर्विकल्पं निराकुलम् ॥५॥ण**

म मात्र एक हुँ जुन परम छ। सबै तत्वको सार आत्मन् हो। आवागमनदेखि मुक्त, एउटा मात्र, शान्ति र मौन।

आवागमन - (जन्म र मृत्युको अनन्त चक्र) म अथवा आत्मन् जन्म वा कुनै रूप लिँदैन। आत्मन् रूपहरूको साक्षी मात्र हो।

जीव वा कारण शरीर जुन स्मृति मात्र हो। आफैँलाई बारम्बार रूपसँग जोड्छ। रूप स्वभावले अनित्य छ, ऊ आफ्नो प्रवृत्ति अनुसार प्रकट हुन्छ, नष्ट हुन्छ र यसैकारण चक्र चलिरहन्छ।

**सर्वावयवनिर्मुक्तं तथाहं त्रिदशार्चितम्।**
**सम्पूर्णत्वान्न गृह्णामि विभागं त्रिदशादिकम् ॥६॥**

कुनै भाग वा विभाजन नभएपछि, तीसहरूद्वारा मेरो पूजा गरिन्छ। तैपनि, एक र पूर्ण भएको कारण म तीस आदिको भेदभाव गर्दिनँ।

वेदमा करिब तीस देवतालाई उल्लेख गरिएकोछ। आत्मन् सबैको सार हो, देवता, मनुष्य वा पशु। यो सबैभन्दा माथि छ, सबै रूपको आधार हो। मेरो दृष्टिमा सबै एक समान छन्।

**प्रमादेन न सन्देहः किं किरष्यामि वृत्तिमान् ।**
**उत्पद्यन्ते विलीयन्ते बुद्बुदाश्च यथा जले ॥७॥**

मनुष्य के गर्न सक्छ, चित्तवृत्तिले अज्ञानता, आलस्यता र शङ्काहरूलाई जन्म दिन्छ । त्यो पानीको फोकाजस्तै आउनेजाने गर्छ ।

मनोशरीरसँग तादात्म्य गर्ने व्यक्ति अज्ञानतामा जिउँछ । मनमा जे आउँछजान्छ, त्यसैलाई आफू मानेर हिँड्छ । आत्मन् मात्र यो वृत्तिहरूको साक्षी हो ।

**महदादीनि भूतानि समाप्यैवं सदैव हि ।**
**मृदुद्रव्येषु तीक्ष्णेषु गुडेषु कटुकेषु च ॥८॥**

आत्मन् पहिलो पदार्थ (महत्) र सबै भौतिक तत्वमा सधैँ व्याप्त छ । नरम, कठोर, मीठो वा तितो ।

आत्मन् सबै घटनाहरू, आध्यात्मिक, पराभौतिक, मानसिक वा भौतिकको जग (जमिन वा आधार) हो ।

**कटुत्वं चैव शैत्यत्वं मृदुत्वं च यथा जले ।**
**प्रकृतिः पुरुषस्तद्वदभिन्नं प्रतिभाति मे ॥९॥**

जसरी पानीको मिठोपन वा तितोपन र शीतलता वा तरलताको गुणलाई त्यो पानीबाट बेग्लै गर्न सकिदैन, त्यसैगरी म अस्तित्व र आत्मन्लाई बेग्लै देख्दिनँ ।

आत्मन्को स्वभाव अद्वैत हो । द्वैत चित्तको विभाजन गर्ने वृत्तिद्वारा निर्मित एक भ्रम मात्र हो ।

**सर्वाख्यारहितं यद्यत्सूक्ष्मात्सूक्ष्मतरं परम् ।**
**मनोबुद्धीन्द्रियातीतमकलङ्कं जगत्पतिम् ॥१०॥**

आत्मन्, सबै ब्रह्माण्डको शासक, सबै विवरण भन्दा बेग्लै छ, सूक्ष्म भन्दा सूक्ष्म छ, यो मन, बुद्धि र इन्द्रियदेखि बाहिर, परम, निष्कलङ्क र शुद्ध छ ।

चित्त वा बुद्धि, मात्र एउटा भ्रम भएको कारणले सत्यलाई बुझ्न सक्दैन । चित्त वा बुद्धिले जुन असत्य छ, केवल त्यसलाई हटाउनसक्छ ।

यसरी अद्वैतको सम्पूर्ण ज्ञान नकारात्मक ज्ञान हो। अपरोक्ष अनुभवले हामीलाई ज्ञान दिँदैन केवल अज्ञानको नाश गर्छ।

**ईदृशं सहजं यत्र अहं तत्र कथं भवेत्।**
**त्वमेव हि कथं तत्र कथं तत्र चराचरम्॥११॥**

यदि यस्तो सरल र प्राकृतिक सत्य छ, भने अहम् कसरी हुनसक्छ ? तपाईं वा सबै जीवित र निर्जीव वस्तहरू कसरी हुनसक्छन ?

व्यक्ति, अन्य मानिस, जीव वा वस्तुको आफ्नो कुनै बेग्लै अस्तित्व वा सत्य छैन।

**गगनोपमं तु यत्प्रोक्तं तदेव गगनोपमम्।**
**चैतन्यं दोषहीनं च सर्वज्ञं पूर्णमेव च॥१२॥**

त्यो जसको उपमा शून्य आकाशसँग दिइन्छ, चैतन्य, परिपूर्ण, सर्वज्ञानी र पूर्ण ठिक त्यस्तै छ।

अनुभवहरूको पूर्णता र अपूर्णता मात्र अवधारणाहरू हुन्, जुन अज्ञानजनित संस्कारसँग सम्बन्धित छ। जो शून्य छ त्यही पूर्ण छ।

**पृथिव्यां चरितं नैव मारुतेन च वाहितम्।**
**वारिणा पिहितं नैव तेजोमध्ये व्यवस्थितम्॥१३॥**

यो पृथ्वीमा हिँड्दैन, हावामा चल्दैन, पानीमा डुब्दैन, र आगोमा पनि स्थित छैन। आत्मन् पूर्ण रूपले निर्गुण छ।

*आकाशं तेन संव्याप्तं न तद्व्याप्तं च केनचित्।*
*स बाह्याभ्यन्तरं तिष्ठत्यवच्छिन्नं निरन्तरम्॥१४॥*

यसले आकाश व्याप्त छ, तर यो केहीले पनि व्याप्त छैन। यो कसैको बाहिर र भित्र स्थित छैन। यो अविभाजित शाश्वत र निरन्तर छ।

आत्मन् अलौकिक छ र यसमा शून्य आयाम या भागहरू छन्। वस्तुहरूको स्थान हुन्छ र त्यो एक अर्कासँग बेग्लै अनुभव गर्न सकिन्छ। यो चित्तको विभाजन र सङ्गठन गतिविधिको कारणले हो।

मेरो कुनै पदार्थ छैन। म केहीले बनेको छैन र न म कुनै प्रक्रियाले जन्मेको हुँ।

**सूक्ष्मत्वात्तददृश्यत्वान्निर्गुणत्वाच्च योगिभिः ।**
**आलम्बनादि यत्प्रोक्तं क्रमादालम्बनं भवेत् ॥१५॥**

जस्तै योगीहरूले उल्लेख गरेका छन् । सूक्ष्म,अदृश्य र निर्गुणमा क्रमशः ध्यान केन्द्रित गर्नुपर्छ ।

एउटा स्थूल वस्तु, मानसिक वस्तु र फेरि स्वयं आत्मन्मा क्रमिक रूपले ध्यानगर्ने अभ्यास तर्फ सङ्केत गरिएको छ । विशेष रूपले एउटा नयाँ साधकलाई सिधा उच्चस्तरमा अथवा माथि पुग्न गाह्रो हुन्छ ।

**सतताऽभ्यासयुक्तस्तु निरालम्बो यदा भवेत् ।**
**तल्लयाल्लीयते नान्तर्गुणदोषविवर्जितः ॥१६॥**

लगातार अभ्यास गरेपछि, जब चित्त कुनै विशेष वस्तु वा विचारमाथि केन्द्रित हुँदैन, तब त्यो सबै गुणबाट मुक्त भएर आत्मन्मा विलीन हुन्छ ।

सहज समाधिको अवस्थातिर सङ्केत गरिएको छ । जुन कि, सम्भवत एउटा मात्रै सत्य अवस्था हो । त्यो सबै वृत्तिहरू जसले आत्मन्लाई बादललेजस्तै छोपेको हुन्छ जब यो बादल हट्छ अनि यो अवस्था प्राप्त हुन्छ । यो शुद्ध अनुभवको अवस्था हो ।

**विषविश्वस्य रौद्रस्य मोहमूर्च्छाप्रदस्य च ।**
**एकमेव बिनाशाय ह्यमोघं सहजामृतम् ॥१७॥**

बेहोस अवस्था र आशक्तिको कारणबाट उत्पन्न यो हिंसक संसारिक भ्रमको विषालु प्रभावलाई नष्ट गर्नको लागि सरल र स्वभाविक रूपले आत्मन् हुनु सबैभन्दा राम्रो उपाय हो ।

यहाँ मूल मन्त्र वा चाबी दिइएको छ - सबै अवस्थामा सचेत रहनु, चेतना रहोस् कि, तपाईंको सार आत्मन् हो । आत्मन्सँग स्वभाविक रूपले र सरलताले प्रत्येक क्षण तादात्म्य बनाइराख्नुहोस् । यो अभ्यासले बिस्तारै-बिस्तारै अज्ञान, कष्ट, दुःख र यान्त्रिक व्यवहार वा बानी (हानिकारक संस्कारहरू) लाई समाप्त गरिदिन्छ ।

**भावगम्यं निराकारं साकारं दृष्टिगोचरम् ।**
**भावाभावविनिर्मुक्तमन्तरालं तदुच्यते ॥१८॥**

निराकारलाई मनमा अनुभव गर्न सकिन्छ। रूपलाई आँखाले देख्न सकिन्छ। जुन आकार र निराकार भन्दा बाहिर छ, जुन शून्य छ।

भौतिक वस्तुहरूको रूप/आकार हुन्छ जुन इन्द्रियको लागि सुलभ हुन्छ। मानसिक वस्तुहरू निराकार छन् र मनको लागि सुलभ छ, तर आत्मन् शून्य मात्र हो र अनिवार्य रूपमा मनद्वारा प्राप्त गर्न सकिदैन र त्यसैले यो आध्यात्मिक हो (न भौतिक हो न मानसिक हो)।

**बाह्यभावं भवेद्विश्वमन्तः प्रकृचिरुच्यते ।**
**अन्त्यरादन्तरं ज्ञेयं नारिकेलफलाम्बुवत् ॥१९॥**

जगत बाहिरी रूपले अवस्थित छ जसलाई प्रकृति भनिन्छ। त्यसलाई जान्नुहोस् जो यसको भित्र छ जसरी नरिवल भित्र पानी हुन्छ र नरिवल कडा आवरणको भित्र हुन्छ।

प्रकृति- प्रकट अस्तित्वको कारण, एउटा शक्ति वा उर्जा, जसरी साङ्ख्य दर्शनमा वर्णन गरिएको छ। आत्मन् प्रकृतिमा व्याप्त छ। यो एउटै हो जसले कुनै पनि वस्तुलाई अस्तित्वमय बनाउँछ।

**भ्रान्तिज्ञानं स्थितं बाह्यं सम्यग्ज्ञानं च मध्यगम् ।**
**मध्यान्मध्यतरं ज्ञेयं नारिकेलफलाम्बुवत् ॥२०॥**

बाहिरी जगतको ज्ञान मिथ्या हो। आन्तरिक कारणको ज्ञान सही हो। जान्नुहोस् त्यो आन्तरिक भागको भित्र के छ ? जसरी नरिवल भित्र पानी छ।

आन्तरिक र बाहिरी शब्दहरूको प्रयोग रूपको रूपमा भइरहेको छ। आत्मन् सबैको सार हो। सबै यसैमा प्रकट छन्।

**पौर्णमास्यां यथा चन्द्र एक एवातिनीर्मलः ।**
**तेन तत्सदृशं पश्येद्द्विधादृष्टिर्विपर्ययः ॥२१॥**

आत्मन् एउटै छ, पूर्णिमाको चन्द्रमाजस्तै एउटै र अति शुद्ध। द्वैत देख्नु ठूलो भुल हो।

द्वैत अज्ञानताको परिणाम हो जसले स्वयंको वास्तविक स्वरूपलाई जान्दैन। एकपटक यो जानेपछि केवल अद्वैत शेष रहन्छ।

**अनेनैव प्रकारेण बुद्धिभेदो न सर्वगः ।**
**दाता च धीरतामेति गीयते नामकोटिभिः ॥२२॥**

विभिन्न कारणहरूले सर्वव्यापी आत्मन् बुद्धिदेखि बाहिर छ। यस ज्ञानको दाता धैर्यपूर्वक यसको लागि लाखौं गीत गाउँछन् ।

किनभने बुद्धिको पनि एउटा सीमा हुन्छ, कहिलेकाहीँ यसको व्याख्या गर्नको लागि केवल कविता मात्र पनि सहायक हुन्छ ।

**गुरूप्रज्ञाप्रसादेन मूर्खो वा यदि पण्डितः ।**
**यस्तु संबुध्यते तत्त्वं विरक्तो भवसागरात् ॥२३॥**

गुरुद्वारा प्राप्त यो ज्ञानको कृपाले मूर्ख र पण्डित समान रूपले यो सत्यलाई बुझ्दछन् र यो अस्तित्वको सागरदेखि मोहभङ्ग र विरक्त हुन जान्छन् ।

ज्ञानले सबैलाई परिवर्तन गरिदिन्छ। जस्तोसुकै बुद्धि किन नहोस्, ज्ञानको परिणाम संसारबाट विरक्ति र मुक्ति हो ।

**रागद्वेषविनिर्मुक्तः सर्वभूतहिते रतः ।**
**दृढबोधश्च धीरश्च स गच्छेत्परमं पदम् ॥२४॥**

जो रागद्वेषदेखि मुक्त छ, जो सबैको उत्थान गर्नमा लागेको छ, जोसँग निश्चित ज्ञान हुन्छ, जोसँग धैर्य छ, त्यो सर्वोच्च पदलाई प्राप्त गर्छ ।

उच्चतम पद- आत्म-साक्षात्कार र अद्वैतको अवस्था। आत्मज्ञान र ब्रम्हज्ञान उच्चतम सम्भव ज्ञान हो ।

**घटे भिन्ने घटाकाश आकाशे लीयते यथा ।**
**देहाभावे तथा योगी स्वरूपे परमात्मनि ॥२५॥**

योगी शरीर छोडेपछि सर्वव्यापी आत्मन्मा विलीन हुन्छ, जसरी माटोको भाँडो भित्रको आकाश त्यो फुटेपछि परमाकाशमा विलीन हुन जान्छ ।

जब भ्रमपूर्ण भिन्नताको कारणले उत्पन्न शरीरको भ्रम हट्छ तब कुनै भिन्नता रहदैन र कुनै साधक पनि रहदैन। केवल अद्वैत शेष रहन्छ ।

**उक्तेयं कर्मयुक्तानां मतिर्यान्तेऽपि सा गतिः ।**
**न चोक्ता योगयुक्तानां मतिर्यान्तेऽपि सा गतिः ॥२६॥**

यो भनाई छ कि जुन मान्छे संसारिक क्रियाकलापमा लिप्त हुन्छ उसको भविष्य उसको मृत्युको समयमा हुने मनोस्थितिमा निर्धारित हुन्छ । यो योगीको लागि भनिएको होइन ।

आत्मन्‌को रूपमा आफ्नो स्वरूपलाई जानेपछि, चित्तवृत्ति र विभिन्न आवेगहरूबाट मुक्त भएको कारण, योगी मायाको संसार र भौतिक शरीरबाट मुक्त हुन्छ ।

**या गतिः कर्मयुक्तानां सा च वागिन्द्रियाद्वदेत् ।**
**योगिनां या गतिः क्वापि ह्यकथ्या भवतोर्जिता ॥२७॥**

कुनै सांसारिक व्यक्तिको भाग्यको ज्ञान हुनसक्छ, वा त्यसको जीवनको भविष्यवाणी गर्न सकिन्छ । योगीहरूको लागि यस्तो भविष्यवाणी गर्न सम्भव छैन ।

संस्कारहरूद्वारा पूर्ण रूपले निर्धारित भएको कारण एउटा सामान्य व्यक्ति कसरी जीवन बिताउनसक्छ । स्वयंलाई संस्कारहरूबाट मुक्त गरेपछि साधक नियतिद्वारा नियन्त्रित हुँदैन ।

**एवं ज्ञात्वा त्वमुं मार्गं योगिनां नैव किल्पतम् ।**
**विकल्पवर्जनं तेषां स्वयं सिद्धिः प्रवर्तते ॥२८॥**

यो थाहा पाएर कसैले कल्पना पनि गर्न सक्दैन कि योगी नियतिको बाटोमा हिड्छ । अज्ञानता नरहेकोले उसको लागि आत्मसमृद्धि आफैँ हुनथाल्छ ।

ज्ञान प्राप्तगर्ने साधकको विकास तीव्र गतिले हुन्छ । उसलाई उच्च वा निम्न लोकमा पुनर्जन्मको तोकिएको पथबाट यात्राको आवश्यकता छैन ।

**तीर्थे वान्त्यजगेहे वा यत्र कुत्र मृतोऽपि वा ।**
**न योगी पश्यते गर्भं परे ब्रह्मणि लीयते ॥२९॥**

योगी, चाहे त्यो कुनै पवित्र स्थानमा मरोस् वा अरू कतै, फेरि कहिले गर्भ देख्दैन, त्यो ब्रम्हमा विलीन हुन जान्छ ।

एउटा साधकलाई मर्नको लागि कुनै विशेष स्थानको आवश्यक्ता छैन, नत आफूलाई मुक्त गर्नको लागि कुनै विशेष कर्मकाण्डको । यो अनुष्ठान अप्रभावित अन्धविश्वास मात्र हो । मात्र ज्ञान काम लाग्छ ।

**सहजमजमचिन्त्यं यस्तु पश्येत्स्वरूपं**
**घटति यदि यथेष्टं लिप्यते नैव दोषैः ।**
**सकृदपि तदभावात्कर्म किञ्चन्नकुर्यात्**
**तदपि न च विबद्धः संयमी वा तपस्वी ॥३०॥**

आफूलाई सबैभन्दा स्वभाविक र सरल, अजन्मा र बुद्धिभन्दा बाहिर जानेर त्यो कहिल्यै पनि इच्छाको कारण कुनै पनि दोषले ग्रस्त हुँदैन । ऊ त्यो अवस्थामा कर्ताहीन भावले कर्म गर्छ । एउटा आत्म-संयमी तपस्वी कहिल्यै बन्धनमा हुँदैन ।

कर्ताहीन कर्म-साधकको संस्कारको परिणामस्वरूप कर्म सामान्य तरिकाले हुन्छ तर यो चेतनाको ज्ञान अनुसार कुनै कर्ता छैन । यस किसमले त्यसको कुनै कर्मबन्धन बन्दैन ।

**निरामयं निष्प्रतिमं निराकृतिं**
**निराश्रयं निर्वपुषं निराशिषम् ।**
**निर्द्वन्द्वनिर्मोहमलुप्तशक्तिकं**
**तमीशमात्मानमुपैति शाश्वतम् ॥३१॥**

साधकले जब त्यो सर्वोच्च शाश्वत आत्मन्को स्थिति प्राप्त गर्छ, तब शुद्ध, तुलनाभन्दा पर, निराकार, स्वतन्त्र, अशरीरी, इच्छारहित, सङ्घर्षरहित विरक्त हुन्छ र चिरस्थायी शक्ति प्राप्त गर्छ ।

आत्मज्ञानले चित्तशुद्धि स्वाभाविक र तेज हुन्छ । साधकले अन्त्यतः उल्लेखित गुणहरूलाई प्राप्त गर्छ ।

**वेदो न दीक्षा न च मुण्डनक्रिया**
**गुरुर्न शिष्यो न च यन्त्रसम्पदः ।**
**मुद्रादिकं चापि न यत्र भासते**
**तमीशमात्मानमुपैति शाश्वतम् ॥३२॥**

न त वेदले, न त दीक्षाले, न त टाउको मुन्डाएर, न त गुरुमार्फत, न त विद्यार्थी भएर, न त धनसम्पत्तिले र न त सांसारिक साधनाले, न त योगाभ्यासले, न त खरानी लगाएर । म सधैँ आत्मन् हुँ, मात्र यही ज्ञानको आवश्यकता हुन्छ ।

निश्चित रूपले, उल्लेखित गुणहरूलाई प्राप्त गर्ने कुनै अरू उपाय छैन । उल्लेखित उपाय अज्ञानको अभिव्यक्ति हो । एउटा मात्र उपाय छ-स्वयंलाई जानीहाल्नु र त्यो भइहाल्नु ।

**न शाम्भवं शाक्तिकमानवं न वा**
**पिण्डं च रूपं च पदादिकं न वा ।**
**आरम्भनिष्पत्तिघटादिकं च नो**
**तमीशमात्मानमुपैति शाश्वतम् ॥३३॥**

न त शाम्भवीको माध्यमले, न त शक्तिको माध्यमले, न त मन्त्रको माध्यमले, न त रूप र आकृतिको पूजाले, न त पाउ वा पाउको निशानको पूजा गरेर र न त अनुष्ठानहरू वा कर्मकाण्डले, न त अनाविद्वारा र न त घटमा जलले कसैले सर्वोच्च शाश्वत आत्मन्को स्थिति प्राप्त गर्छ ।

शाम्भवी-एउटा विशेष क्रिया । शक्ति वा कुण्डलिनी-पराभौतिक शक्तिहरूको प्रयोग गर्नु एउटा लोकप्रिय मार्ग हो । मन्त्र-देवी-देवताहरूलाई खुशी पार्नको लागि सूत्र, मंत्र, आह्वाहन । अनावी-मंत्रको माध्यमले दीक्षा । घडामा पानी-सीमित रूपमा सर्वव्यापी सत्यको प्रतीक ।

यी सबै विधिहरू पूर्ण रूपले अप्रभावी छ र समय खेर फाल्नु मात्र हो ।

**यस्य स्वरूपात्सचराचरं जगद्**
**उत्पद्यते तिष्ठति लीयतेऽपि वा ।**
**पयोविकारादिव फेनबुद्बुदा-**
**स्तमीशमात्मानमुपैति शाश्वतम् ॥३४॥**

सबै जीवित र जड रूपहरूसँग सम्पूर्ण ब्रम्हाण्डको जन्म दिनेलाई जानेर नै कुनै साधक सर्वोच्च शाश्वत आत्मन्को स्थिति प्राप्त गर्छ । यो रूप केही समयको लागि हुन्छ र फेरि विलीन भइहाल्छ । जसरी पानीमा फिँज र बुलबुला उठ्छ र फेरि त्यसैमा विलीन हुन्छ ।

म आत्मन् नै एउटा मात्र सत्य हो, बाँकी आउनेजाने गर्छ। यो पनि म नै हुँ तर यो नाम रूप हो तत्व होइन। यो भन्दा बढी जान्नुपर्ने अरू केही छैन।

**नासानिरोधो न च दृष्टिरासनं**
**बोधोऽप्यबोधोऽपि न यत्र भासते।**
**नाडीप्रचारोऽपि न यत्र किञ्चत्**
**तमीशमात्मानमुपैति शाश्वतम् ॥३५॥**

उच्चतम् शाश्वत आत्मन्को अवस्थालाई कुनै आफ्नो श्वासलाई रोकेर होइन, आफ्नो दृष्टिलाई एकाग्र बनाएर होइन वा आफ्नो नाडी तंत्रलाई परिष्कृत गरेर प्राप्त गर्न सकिदैन। त्यसमा न त ज्ञान छ, न त अज्ञान छ।

नासा-निरोध- प्राणायाम एउटा योगाभ्यास, नाडीप्रचार-तन्त्रिकाहरूमा उर्जाको प्रभावलाई बढाउनु, जसरी कि कुण्डलिनी साधनामा गरिन्छ। यस्तो सबै साधना बेकार हो, वा त्यसलाई बढी भन्दा बढी ज्ञानमार्गको तयारीको रूपमा देख्न सकिन्छ।

**नानात्वमेकत्वमुभत्वमन्यता**
**अणुत्वदीर्घत्वमहत्त्वशून्यता।**
**मानत्वमेयत्वसमत्ववर्जितं**
**तमीशमात्मानमुपैति शाश्वतम् ॥३६॥**

जुन धेरै छैन, एउटा छैन, जसमा कुनै समानता वा अनेकता छैन, जो सानो र ठूलो छैन, जो पदार्थ वा शून्य छैन, यो बुझेपछि सर्वोच्च शाश्वत आत्मन्को अवस्था प्राप्त हुन्छ। आत्मन्लाई वस्तुगत रूपमा माप्न सकिन्न र यसको कसैसँग कुनै समानता छैन।

जुन आत्मन् होइन त्यसको सन्दर्भमा आत्मन्को वर्णन गर्न सजिलो हुन्छ। यो आयामहीन, मात्राहीन, उद्देश्यहीन, मापहीन, अनुभवहीन, वा चित्तको विषय वस्तु होइन।

**सुसंयमी वा यदि वा न संयमी**
**सुसँग्रही वा यदि वा न सँग्रही।**

**निष्कर्मको वा यदि वा सकर्मक**
**स्तमीशमात्मानमुपैति शाश्तम् ॥३७॥**

कसैले आफ्नो चित्तलाई अनुशासित बनाएर वा अनुशासनहीन भएर, आफ्नो इन्द्रियलाई नियन्त्रित गरेर वा त्यसलाई अनियन्त्रित छोडेर, कर्ता वा अकर्ता भएर, उच्चतम शाश्वत आत्मन्को अवस्था प्राप्त गर्न सक्दैन ।

धेरै आवश्यकता छैन, बस त्यही हुनुहोस् जुन तपाईं स्वभाविक र सहजताले हुनुहुन्छ ।

**मनो न बुद्धिर्न शरीरमिन्द्रियं**
**तन्मात्रभूतानि न भूतपञ्चकम् ।**
**अहंकृतिश्चापि वियत्स्वरूपकं**
**तमीशमात्मानमुपैति शाश्वतम् ।३८॥**

मन, बुद्धि, शरीर, इन्द्रिय, भौतिक, अहंकार, र यहाँसम्म कि कुनै प्रकारको माया शक्ति स्वरूप पनि, यो सबैलाई आत्मन् मानेर सर्वोच्च शाश्वत आत्मन्को अवस्था प्राप्त गर्न सक्दैन ।

यो मान्नु गलत हो कि आत्मन् कुनै तत्व हो जुन शरीरमा हुन्छ वा यो मान्नु कि यो पदार्थ वा कुनै प्रकारको ऊर्जाबाट उत्पन्न भएको हो जसलाई विज्ञानले अहिलेसम्म खोजेको छैन ।

आत्मन् यहाँ छ, स्वयंसिद्ध, एउटा अनौठो सत्य, आफ्नै किसिमको जो कोहीले पनि यो सुनिश्चित गर्न सक्छ कि यदि कुनै चिजको अनुभव गर्न सकिन्छ, यदि त्यो आउँछ र जान्छ, उत्पन्न वा नष्ट हुन्छ, भने त्यो कुनै पनि प्रकारले आत्मन् होइन ।

**विधौ निरोधे परमात्मतां गते**
**न योगिनश्चेतसि भेदवर्जिते ।**
**शौचं न वाशौचमलिङ्गभावना**
**सर्वं विधेयं यदि वा निषिध्यते ॥३९॥**

परम सर्वव्यापी आत्मन्लाई बुझेपछि, एउटा योगी साधनाको प्रतिबन्धहरूबाट बाहिर आउँछ, उसलाई कुनै प्रकारको द्वैत वा मतभेद

देखिदैन । त्यसलाई कुनै विशेष लिङ्ग हुनु वा शुद्ध वा अशुद्ध हुनुमा कुनै सरोकार छैन । परम सत्यलाई बुझेपछि योगीको लागि केही वर्जित छैन ।

मौलिक सत्यहरूलाई बुझेपछि, कठोर वा कडा साधना गर्नुको कुनै अर्थ छैन ।

**मनो वचो यत्र न शक्तमीरितुं**
**नूनं कथं तत्र गुरुपदेशता ।**
**इमां कथामुक्तवतो गुरोस्तद्**
**युक्तस्य तत्त्वं हि समं प्रकाशते ॥४०॥**

जहाँ बुद्धि र भाषा व्यर्थ छ, गुरुको शिक्षाहरू अनुपयोगी छन् । गुरु त्यो सत्यको बारेमा कसरी भन्न सक्नुहुन्छ जो स्वयंलाई प्रकट गर्छ ?

गुरु मात्र सत्यतर्फ सङ्केत गर्न सक्नुहुन्छ । शिष्य स्वयं अनुभव र अनुभवकर्ताको भेद गर्न सिक्छ । सामान्यतया गुरु मात्र यो भन्नुहुन्छ कि, अज्ञान र अन्धविश्वास कहाँ छ ।

यस प्रकारले ज्ञानसङ्ग्रह होइन शुद्धिकरण हो ।

जब अन्धविश्वास वा मान्यता नष्ट हुन्छ, आत्मन् स्वयं प्रकाशित हुन्छ । जसरी हावाद्वारा बादल हटेपछि सूर्य फेरि चम्कन्छ ।

इति द्वितीयोऽध्यायः ॥२॥

## अध्याय ३
# अथ तृतीयोऽध्यायः

अवधूत उवाच

**गुणविगुणविभागो वर्तते नैव किञ्चत्**
**रतिविरतिविहीनं निर्मलं निष्प्रपञ्चम् ।**
**गुणाविगुणविहीनं व्यापकं विश्वरूपं**
**कथमहमिह वन्दे व्योमरूपं शिवं वै ॥१॥**

जसमा कुनै गुणहरू छैनन् र जो गुणरहित पनि छैन, जसमा आशक्ति र वैराग्य छैन, जुन निर्दोष छ, जुन अंतरिक्ष समान सर्वव्यापी छ, म त्यस आत्मन्लाई कसरी पुज्न सक्छु ?

आत्मन् सर्वोच्च भएर पनि पूजाको विषय हुन सक्दैन किनकि त्यो म स्वयं हुँ ।

**तादिवर्णरहितो नियतं शिवश्च**
**कार्यं हि कारणमिदं हि परं शिवश्च ।**
**एवं विकल्परहितोऽहमलं शिवश्च**
**स्वात्मानमात्मनि सुमित्र कथं नमामि ॥२॥**

मेरो प्यारो मित्र, जसमा सेतो वा अन्य कुनै रङ्ग छैन, जो शाश्वत र अविभाज्य छ, म त्यो आत्मन्लाई कसरी पूजा गर्न सक्छु ? जुन म स्वयं हुँ । जुन कारण र प्रभाव दुवै हो ।

आत्मन् उपासनाको वस्तु हुन सक्दैन, त्यो म स्वयं हुँ । अज्ञानताको कारणले गर्दा मानिसहरू सबै प्रकारका पूजामा लिप्त हुने गर्छन् ।

**निर्मूलमूलरहितो हि सदोदितोऽहं**
**निर्धूमधूमरहितो हि सदोदितोऽहम् ।**
**निर्दीपदीपरहितो हि सदोदितोऽहं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३॥**

म स्थिर छु, कहिल्यै अस्ताउदिनँ, मेरो कुनै सुरुवात छैन र म कुनै सुरुवातहीन नै छु, म छायाँमा छु र यसमा छैन पनि, म चम्किलो छु र म छैन पनि । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

आत्मन्को कुनै प्रारम्भ छैन, तर मन र शरीरजस्ता भावहरूको प्रारम्भ र अन्त्य छ । यसमा अज्ञान वा ज्ञान छैन, तर यसको भाव दुवैलाई प्रदर्शित गर्छ । अभिव्यक्ति अरू केही नभएर स्वयं आत्मन् हो । जुन विरोधाभासपूर्ण देखिन्छ, किनभने यो बुद्धिभन्दा बाहिर छ ।

आत्मन् अनन्त छ, अनन्त सम्भावनाहरू छन्, त्यसैले विरोधाभासको रूपमा व्यक्त हुनसक्छ । यो बुद्धिको लागि विचलित गर्ने एक विचार हुनसक्छ, तर यो वास्तवमा हाम्रो अनुभव हो, त्यसैले आत्मन्लाई मनबुद्धि भन्दा बाहिरको विषय मानिन्छ ।

**निष्कामकाममिह नाम कथं वदामि**
**निःसङ्गसङ्गमिह नाम कथं वदामि ।**
**निःसारसाररहितं च कथं वदामि**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥४॥**

म कसरी उसलाई भन्नसक्छु जुन इच्छाहीन र इच्छुक छ, आसक्त र अनासक्त छ, सार हो र शून्य हो, म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

आत्मन्लाई बुझ्न भाषा अनुपयोगी छ । भाषा बुद्धिको क्षमता हो, जुन धेरै सीमित छ ।

**अद्वैतरूपमखिलं हि कथं वदामि**
**द्वैतस्वरूपमखिलं हि कथं वदामि ।**
**नित्यं त्वनित्यमखिलं हि कथं वदामि**
**ज्ञानमृतं समरसं गगनोपमोऽहम् ॥५॥**

म त्यो सम्पूर्णताको कुरा कसरी गर्न सक्छु, जुन अद्वैत हो, जसलाई द्वैतको रूपमा व्यक्त गरिएको छ, जुन शाश्वत र अनित्य दुवै रूपमा प्रकट हुन्छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**स्थूलं हि नो नहि कृशं न गतागतं हि**
**आद्यन्तमध्यरहितं न परापरं हि ।**
**सत्यं वदामि खलु वै परमार्थतत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥६॥**

यो न स्थूल छ न सूक्ष्म, न जान्छ, न आउँछ, न आदि, अन्त्य वा मध्य छ, यो यी सबैभन्दा बाहिर छ र छैन पनि । म सत्य बोल्छु, यो नै परम सत्य हो, म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**संविद्धि सर्वकरणानि नभोनिभानि**
**संविद्धि सर्वविषयांश्च नभोनिभांश्च ।**
**संविद्धि चैकममलं न हि बन्धमुक्तं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥७॥**

राम्ररी जान्नुहोस कि सबै इन्द्रिय, अंतःकरण आदि आकाशजस्तै शून्य छन्, सबै विषय शून्य छन् । जो शुद्ध र असीम छ त्यसलाई जान्नुहोस् । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**दुर्बोधबोधगहनो न भवामि तात**
**दुर्लक्ष्यलक्ष्यगहनो न भवामि तात ।**
**आसन्नरूपगहनो न भवामि तात**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥८॥**

हे पुत्र, म ज्ञानभन्दा बाहिर छैन, तर म प्राप्त गर्न नसकिने गहिरो ज्ञान पनि होइन । म एकाग्र ध्यान भन्दा टाढा छैन, न त म अद्भूत ध्यान नै हुँ, म निराकार होइन, न म कुनै अपरिचित रूप हुँ, म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

दत्तात्रेयले आत्मन्लाई बुझ्नको लागि अनौठो अवधारणाको आविष्कार गर्नु आवश्यक छैन भनी स्पष्ट पार्नुहुन्छ ।

**निष्कर्मकर्मदहनो ज्वलनो भवामि**
**निर्दु:खदु:खदहनो ज्वलनो भवामि ।**
**निर्देहदेहदहनो ज्वलनो भवामि**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥९॥**

कर्म मेरो होइन, म कर्मलाई जलाउने आगो हुँ, मलाई कुनै दु:ख छैन, म दु:ख जलाउने आगो हुँ, मेरो शरीर छैन, म त्यो शरीर जलाउने आगो हुँ। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

आत्मन्सँगको पहिचानले भ्रामक शरीरहरू, मानसिक अवस्थाहरू र कारण स्मृतिहरूलाई प्रभावहीन बनाउँछ। मन/शरीरसँग तादात्म्य त्यसको कारण हो र तिनीहरू अज्ञानवश वास्तविक प्रतीत हुन्छन्।

**निष्पापपापदहनो हि हुताशनोऽहं**
**निर्धर्मधर्मदहनो हि हुताशनोऽहम् ।**
**निर्बन्धबन्धदहनो हि हुताशनोऽहं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१०॥**

म पापी होइन, पापलाई जलाउने आगो हुँ। म पुण्यकर्मको कर्ता होइन, म पुण्यकर्मलाई जलाउने आगो हुँ। म बन्धनमा छैन, म बन्धनलाई जलाउने आगो हुँ। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन।

**निर्भावभावरहितो न भवामि वत्स**
**निर्योगयोगरहितो न भवामि वत्स ।**
**निश्चित्तचित्तरहितो न भवामि वत्स**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥११॥**

हे पुत्र, म हुनु र नहुनुभन्दा बाहिर छु, म मिलन र वियोगभन्दा बाहिर छु, म चित्तवृत्ति र तिनीहरूको अनुपस्थितिभन्दा बाहिर छु। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन ।

**निर्मोहमोहपदवीति न मे विकल्पो**
**निःशोकशोकपदवीति न मे विकल्पः ।**
**निर्लोभलोभपदवीति न मे विकल्पो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१२॥**

कोही आशक्तिमा लिन छन् तर म अनासक्त छु, म मा यो अज्ञान छैन । कोही दुःखमा लिन छन, तर म त्यसदेखी मुक्त छु, ममा यो अज्ञान छैन । कोही लोभमा मग्न छन्, म लोभी छैन, ममा यो अज्ञान छैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**संसारसन्तिलता न च मे कदाचित्**
**सन्तोषसन्ततिसुखो न च मे कदाचित् ।**
**अज्ञानबन्धनमिदं न च मे कदाचित्**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१३॥**

म कहिल्यै सांसारिक मामिलामा फस्दिनँ, तिनीबाट आउने सन्तुष्टि र सुख कहिल्यै मेरो हुँदैन, अज्ञानताको बन्धन कहिल्यै मेरो हुँदैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

यी सबै चित्त वृत्तिहरू हुन्, किनभने तिनीहरूको अनुभव गर्न सकिन्छ, ती सबै म होइन ।

**संसारसन्ततिरजो न च मे विकारः**
**सन्तापसन्ततितमो न च मे विकारः ।**
**सत्त्वं स्वधर्मजनकं न च मे विकारो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१४॥**

सांसारिक गतिविधिहरूद्वारा म मा कुनै दोष आउँदैन । निष्क्रियताद्वारा उत्पन्न दुःखले ममा कुनै दोष आउँदैन । सत्यबाट उत्पन्न सम्यक आचरणको ममा कुनै दोष आउँदैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

रजस-गतिविधि, तमस-निष्क्रियता, सत्व-सन्तुलित। यिनीहरूबाट आत्मन् अप्रभावित रहन्छ, यसमा कुनै कर्मको संस्कार छापिदैन।

**सन्तापदुःखजनको न विधिः कदाचित्**
**सन्तापयोगजनितं न कदाचित् मनः।**
**यस्मादहङ्कृतिरियं न च मे कदाचित**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१५॥**

म दुःख र पीडा सिर्जना गर्दिनँ। योग वियोगले दुःख सृजना गर्दैन। यी सबै अहंकारी वृत्तिहरू हुन्, म होइन। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन।

**निष्कम्पकम्पनिधनं न विकल्पकल्पं**
**स्वप्नप्रबोधनिधनं न हिताहितं हि।**
**निःसारसारनिधनं न चराचरं हि**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१६॥**

म परिवर्तन र परिवर्तनहीनताको अन्त्य हुँ। ममा कुनै भ्रम वा कल्पना छैन। म स्वप्न र जागृत अवस्थाको अन्त्य हुँ। म न त लाभकारी हुँ, न हानिकारक नै। म आवश्यक र अनावश्यकको अन्त्य हुँ। म गतिमान वा स्थिर छैन। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन।

**नो वेद्यवेदकिमदं न च हेतुतर्क्यं**
**वाचामगोचरमिदं न मनो न बुद्धिः।**
**एवं कथं हि भवतः कथयामि तत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१७॥**

म न त जान्ने वाला हुँ र न ज्ञेय नै। म कारण होइन र म प्रभाव पनि होइन। म वाणी, मन वा बुद्धिभन्दा बाहिर छु। सत्यलाई शब्दद्वारा कसरी वर्णन वा व्याख्या गर्न सकिन्छ ? म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन ।

**निर्भिन्नभिन्नरहितं परमार्थतत्त्व**
**मन्तर्बहिर्न हि कथं परमार्थतत्त्वम् ।**
**प्राक्सम्भवं न च रतं नहि वस्तु किञ्चित्**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१८॥**

म परम सत्य हुँ, जसमा कुनै आन्तरिक र बाह्य विभाजन छैन, जसको आदि अन्त्य छैन। म कुनै वस्तु होइन। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन ।

**रागादिदोषरहितं त्वहमेव तत्त्वं**
**दैवादिदोषरहितं त्वहमेव तत्त्वं ।**
**संसारशोकरहितं त्वहमेव तत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥१९॥**

म त्यो परम सत्य हुँ जुन आसक्तिको दोषबाट मुक्त छ, जुन प्रारब्धको दोषबाट मुक्त छ, जो संसारको दोषहरूबाट मुक्त छ। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन ।

**स्थानत्रयं यदि च नेति कथं तुरीयं**
**कालत्रयं यदि च नेति कथं दिशश्च ।**
**शान्तं पदं हि परमं परमार्थतत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२०॥**

यदि म तीन अवस्थाहरू होइन भने, म कसरी चौथो अवस्था हुनसक्छु ? यदि म कालातित हुँ भने, म कसरी कुनै दिशामा हुनसक्छु ? म परम सत्य हुँ, परम शान्ति हुँ। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

तीन स्थान- चित्तका तीन अवस्थाहरू छन्, जागृत, स्वप्न, सुषुप्ति, चौथो हो तुरीय - तीनै अवस्थामा चेतना हुनु। आत्मन् यी सबै अवस्थामा सधैं स्थायी रहन्छ।

तीन कालहरू-भूत, वर्तमान र भविष्य। अगाडि अनन्त काल वा कालातीतता छ। आत्मन् सदैव निरन्तर छ।

**दीर्घो लघुः पुनरितीह न मे विभागो**
**विस्तारसंकटमितीह न मे विभागः।**
**कोणं हि वर्तुलमितीह न मे विभागो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२१॥**

ममा सानो-ठूलोको विभाजन छैन। ममा फराकिलो र साँघुरोको विभाजन छैन। ममा कोणीय र गोलाकारको विभाजन छैन। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

आत्मन्लाई कुनै पनि रूप दिनु गल्ती हो। सबै रूपहरू देख्न सकिन्छ र आत्मन् सधैँ रूपहरूको द्रष्टा हो। त्यसैले आत्मन्को कुनै आकार वा प्रकार हुनु असम्भव छ।

**मातापितादि तनयादि न मे कदाचित्**
**जातं मृतं न च मनो न च मे कदाचित्।**
**निर्व्याकुलं स्थिरमिदं परमार्थतत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२२॥**

मेरो कहिल्यै बुबा, आमा वा छोराछोरी थिएनन्। मेरो कहिल्यै जन्म भएन र मरेको पनि छैन। म मन होइन। म चिन्ताबाट मुक्त छु - परम सत्य, सबैभन्दा स्थिर। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन।

**शुद्धं विशुद्धमविचारमनन्तरूपं**
**निर्लेपलेपमविचारमनन्तरूपम्।**
**निष्खण्डखण्डमविचारमनन्तरूपं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२३॥**

म अनन्त र अकल्पनीय, शुद्ध र अशुद्ध भन्दा बाहिर, आशक्त र अनाशक्त, विभाज्य र अविभाज्य भन्दा बाहिर छु। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ।

कुनै टिप्पणी छैन ।

**ब्रह्मादयः सुरगणाः कथमत्र सन्ति**
**स्वर्गादयो वसतयः कथमत्र सन्ति ।**
**यद्येकरूपममलं परमार्थतत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२४॥**

सृष्टिकर्ता (ब्रह्मा), सुर असुर आदि कसरी हुनसक्छन् ? स्वर्ग र अन्य लोक कसरी हुनसक्छ ? म परम सत्य हुँ, निष्कलङ्क छु। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**निर्नेति नेति विमलो हि कथं वदामि**
**निःशेषशेषविमलो हि कथं वदामि ।**
**निर्लिङ्गलिङ्गविमलो हि कथं वदामि**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२५॥**

त्यो पवित्रताको कुरा म कसरी गर्न सक्छु जुन न यो हो, न त्यो हो, जुन निराधार छ, आधार पनि छ, जुन लिङ्ग र लिङ्गहीन छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

न यो न त्यो - यो उन्मूलन प्रक्रियाको परिणाम स्वरूप प्राप्त हुन्छ जसलाई नेती नेती विधि भन्ने गरिन्छ ।

**निष्कर्मकर्मपरमं सततं करोमि**
**निःसङ्गसङ्गरहितं परमं बिनोदम् ।**
**निर्देहदेहरहितं सततं बिनोदं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२६॥**

म कर्महीन भएर सबै काम गरिरहेको छु। म अनासक्त वा वैराग्य बिना शाश्वत आनन्द हुँ। म शरीर सहित र शरीर बिना शाश्वत आनन्द हुँ। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**मायाप्रपञ्चरचना न च मे विकारः**
**कौटिल्यदम्भरचना न च मे विकारः ।**
**सत्यानृतेति रचना न च मे विकारो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२७॥**

म मायावी भौतिक जगतदेखि, छल र अहंकारदेखि वा यस सृष्टिमा प्रतीत हुने सत्य वा असत्यबाट प्रभावित छैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**सन्ध्यादिकालरहितं न च मे वियोगो**
**ह्यन्तः प्रबोधरहितं बधिरो न मूकः ।**
**एवं विकल्परहितं न च भावशुद्धं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२८॥**

ममा समय अर्थात् सन्ध्या वा प्रातःको अभाव छ । मेरो कुनै खण्ड छैन । म कुनै आन्तरिक सम्वेदना होइन । म न लाटो हुँ न बहिरो । म पावन बन्दिनँ । म पहिले नै पवित्र छु, भ्रमबाट मुक्त छु । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**निर्नाथनाथरहितं हि निराकुलं वै**
**निश्चित्तचित्तविगतं हि निराकुलं वै ।**
**संविद्धि सर्वविगतं हि निराकुलं वै**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥२९॥**

म शान्त छु, जुन गुरु साथ हुँदा छ र उहाँ बिना पनि, जुन चित्तको साथ हुँदा छ र त्यसको अभावमा पनि छ । राम्ररी थाहा पाउनुहोस् म त्यो शान्ति हुँ जुन सबैदेखि बाहिर छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**कान्तारमन्दिरमिदं हि कथं वदामि**
**संसिद्धसंशयमिदं हि कथं वदामि ।**
**एवं निरन्तरसमं हि निराकुलं वै**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३०॥**

म कसरी भन्नसक्छु कि कुनै जङ्गल छ वा मन्दिर छ ? म कसरी भन्नसक्छु कि यो सिद्ध छ वा शङ्कास्पद छ ? म निरन्तर शान्तिपूर्ण छु । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

न वनमा, न मन्दिरमा, न सिद्धिहरूमा, न तर्क र वितर्कमा आत्मन् कहीँ पाईंदैन ।

**निर्जीवजीवरहितं सततं विभाति**
**निर्बीजबीजरहितं सततं विभाति ।**
**निर्वाणबन्धरहितं सततं विभाति**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३१॥**

जीवन र निर्जीवता देखि रहित सधैँ दीप्त छु । बीज हुँ र बीजहीन पनि । जुन मुक्ति र बन्धनबाट रहित छ, त्यो सदैव दीप्त हुन्छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

म बीज शरीर वा कारण शरीर होइन जुन बारम्बार जन्मन्छ ।

**सम्भूतिवर्जितमिदं सततं विभाति**
**संसारवर्जितमिदं सततं विभाति ।**
**संहारवर्जितमिदं सततं विभाति**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३२॥**

आदि र अन्त्य बिना यो सधैँ दीप्त छ । सान्सारिक अस्तित्वबाट रहित सधैँ दीप्त छ । विनाश रहित यो सधैँ दीप्त छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**उल्लेखमात्रमपि ते न च नामरूपं**
**निर्भिन्नभिन्नमपि ते न हि वस्तु किञ्चत् ।**
**निर्लज्जमानस करोषि कथं विषादं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३३॥**

यो बताइसकेपछि कि तपाईं न कुनै नाम हो न कुनै रूप, न भेद न विभेद, तपाईं कुनै वस्तु होइन। हे निर्लज्ज मन, तिमी किन दुःखी हुन्छौ ? म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

दुःखको कारण नामरूप, व्यक्तित्व र वस्तुहरूसँग तादात्म्य तथा लगावहरू हुन्, ती सबै भ्रमपूर्ण र अस्थायी हुन् ।

**किं नाम रोदिषि सखे न जरा न मृत्युः**
**किं नाम रोदिषि सखे न च जन्मदुःखम् ।**
**किं नाम रोदिषि सखे न च ते विकारो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३४॥**

मेरो मित्र तिमी किन रुन्छौ, तिम्रो कुनै बूढेसकाल छैन, तिम्रो मृत्यु छैन, तिम्रो जन्म छैन, तिम्रो कुनै दुःख छैन, तिम्रो कुनै दोष छैन। म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

मिथ्या नामरूप र अनित्य शरीरसँग तादात्म्य तथा आशक्ति नै दुःखको कारण हो ।

**किं नाम रोदिषि सखे न च ते स्वरूपं**
**किं नाम रोदिषि सखे न च ते विरूपम् ।**
**किं नाम रोदिषि सखे न च ते वयांसि**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३५॥**

मेरो मित्र तिमी किन रुन्छौ, तिम्रो कुनै रूप छैन, तिमी विकृत छैनौ, तिम्रो आयु हुन सक्दैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

आयु, शारीरिक अपाङ्गता वा कुरूपता दुःखको कारण हो । यी सबै मेरा होइनन् ।

**किं नाम रोदिषि सखे न च ते वयांसि**
**किं नाम रोदिषि सखे न च ते मनांसि ।**
**किं नाम रोदिषि सखे न तवेन्द्रियाणि**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३६॥**

मेरो मित्र तिमी किन रुन्छौ तिमी बूढो छैनौ, तिमी मन होइनौ, तिमी इन्द्रिय होइनौ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**किं नाम रोदिषि सखे न च तेऽस्ति कामः**
**किं नाम रोदिषि सखे न च ते प्रलोभ ः।**
**किं नाम रोदिषि सखे न च ते विमोहो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३७॥**

मेरो मित्र तिमी किन रुन्छौ, तिमीमा न कुनै वासना छ, न कुनै लोभ छ, न कुनै लगाव छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**ऐश्वर्यमिच्छसि कथं न च ते धनानि**
**ऐश्वर्यमिच्छसि कथं न च ते हि पत्नी।**
**ऐश्वर्यमिच्छसि कथं न च ते ममेति**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम्॥३८॥**

तपाईं समृद्धिको कामना किन गर्नुहुन्छ ? तपाईंसँग धन छैन, श्रीमती छैन, तपाईंसँग केही पनि छैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

आत्मन् यस जीवन नाटकको मौन साक्षी हो- जो संसार हो । आत्मन् सधैं विरक्त छ । मन सङ्ग्रह गर्ने तथा जम्मा गर्ने, सम्बन्ध र बन्धन बनाउन, स्वामित्व र त्यागमा लिप्त छ । यही प्रवृत्तिले जीवनको सम्पूर्ण नाटकलाई जन्म दिन्छ ।

**लिङ्गप्रपञ्चजनुषी न च ते न मे च**
**निर्लज्जमानसमिदं च विभाति भिन्नम् ।**

**निर्भेदभेदरहितं न च ते न मे च**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥३९॥**

तपाईं अनि म दुवै यस भौतिक संसारबाट जन्मिएका होइनौँ । निर्लज्ज मनले विभाजन गरेर भिन्न देख्छ । तपाईं र म दुवै भिन्नता र अभिन्नतादेखि मुक्त छौँ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**नो वाणुमात्रमपि ते हि विरागरूपं**
**नो वाणुमात्रमपि ते हि सरागरूपम्।**
**नो वाणुमात्रमपि ते हि सकामरूपं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥४०॥**

तपाईंको स्वभावमा अलिकित पनि वैराग्य छैन, अलिकित पनि मोह छैन, सानो भन्दा सानो इच्छा पनि छैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

इच्छाहरू मनका हुन्छन् र निरन्तर संस्कार वा स्मृतिहरूबाट उत्पन्न हुन्छन् । एक अज्ञानी मन तिनीहरूकोपछि दौडन्छ, उसलाई लाग्छ कि सबै इच्छाहरू अवश्य पूरा हुनुपर्छ र यस्तो सोच राख्छ तिनीहरू सबै सत्य, मेरा हुन् र महत्वपूर्ण छन् ।

**ध्याता न ते हि हृदये न च ते समाधि**
**र्ध्यानं न ते हि हृदये न बहिः प्रदेशः।**
**ध्येयं न चेति हृदये न हि वस्तु कालो**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥४१॥**

तपाईंको मूलमा कुनै समाधि छैन, कुनै ध्यान छैन । तपाईंको मूलमा कुनै आन्तरिक वा बाह्य छैन, तपाईंको मूलमा समय र स्थान छैन, ध्यानको कुनै वस्तु छैन । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

यो आध्यात्मिक साधनहरूको खेल पनि अर्थहीन छ ।

**यत्सारभूतमखिलं कथितं मया ते**
**न त्वं न मे न महतो न गुरुर्न शिष्यः।**

**स्वच्छन्दरूपसहजं परमार्थतत्त्वं**
**ज्ञानामृतं समरसं गगनोपमोऽहम् ॥४२॥**

मैले तपाईंलाई ज्ञानको सम्पूर्ण सार भनेको छु । तपाईं, म, पदार्थ, गुरु र शिष्यको कुनै स्वतन्त्र अस्तित्व छैन । परम सत्य स्वभाविक रूपमा मुक्त छ । म आकाशजस्तै सर्वव्यापी समरूप ज्ञानको सार हुँ ।

कुनै टिप्पणी छैन ।

**कथमिह परमार्थं तत्त्वमानन्दरूपं**
**कथमिह परमार्थं नैवमानन्दरूपम्।**
**कथमिह परमार्थं ज्ञानविज्ञानरूपं**
**यदि परमहमेकं वर्तते व्योमरूपम् ॥४३॥**

यदि अन्ततः म एक हुँ भने, आकाशजस्तै आनन्दको प्रकृति कसरी सत्य हुन्छ ? दुःखको प्रकृति कसरी सत्य भयो ? ज्ञानको प्रकृति कसरी सत्य भयो ?

कुनै टिप्पणी छैन ।

**दहनपवनहीनं विद्धि विज्ञानमेक**
**मवनिजलविहीनं विद्धि विज्ञानरूपम् ।**
**समगमनविहीनं विद्धि विज्ञानमेकं**
**गगनमिव विशालं विद्धि विज्ञानमेकम्॥४४॥**

जान्नुहोस् कि ज्ञान एउटै छ - यो न आगो, न वायु, न पृथ्वी, न पानी हो । न कहिल्यै आउँछ न जान्छ, यो अनन्त आकाशजस्तै छ ।

कुनै टिप्पणी छैन ।

**न शून्यरूपं न विशून्यरूपं**
**न शुद्धरूपं न विशुद्धरूपम् ।**
**रूपं विरूपं न भवामि किञ्चत्**
**स्वरूपरूपं परमार्थतत्त्वम् ॥४५॥**

यो केही हो, केही होइन पनि । यो शुद्ध छैन, अशुद्ध पनि छैन । यो रूप होइन, निराकार पनि छैन । परम सत्यको आफ्नै विशिष्ट प्रकृति छ ।

आत्मन् एक अद्वितीय सत्य हो, जुन अन्य कुनै पनि कुरासँग तुलनीय छैन । यो आफ्नै प्रकारले एक हो, र वास्तवमा केवल यसको मात्र अस्तित्व छ । बाँकी सबै मिथ्या हो ।

**मुञ्च मुञ्च हि संसारं त्यागं मुञ्च हि सर्वथा ।**
**त्यागात्यागविषं शुद्धममृतं सहजं ध्रुवम् ॥४६॥**

माया रूपी संसारलाई परित्याग गर र त्यागलाई पनि पूर्णतया त्याग गर । त्याग र बन्धन दुवै विष हुन् । तिम्रो सार शुद्ध, प्राकृतिक र अपरिवर्तनीय छ ।

एकपटक आत्मज्ञान भएपछि त्याग गर्न केही बाँकि रहँदैन, किनभने आत्मन्सँग केही छैन, यो केही होइन, यो शून्य हो । त्याग एउटा अनावश्यक र अर्थहीन कार्य बन्छ । आसक्त स्पष्ट रूपमा अनावश्यक र अर्थहीन छ ।

इति तृतीयोऽध्यायः ॥३॥

## अध्याय ४
# अथ चतुर्थोऽध्यायः ॥

अवधूत उवाच

**नावाहनं नैव विसर्जनं वा**
**पुष्पाणि पत्राणि कथं भवन्ति ।**
**ध्यानानि मन्त्राणि कथं भवन्ति**
**समासमं चैव शिवार्चनं च ॥१॥**

आह्वान र प्रसादको के उपयोग छ, फूल र पातको के उपयोग छ, ध्यान र मन्त्रको के उपयोग छ ? सर्वोच्च र आत्मन्‌को उपासक एउटै हो ।

केवल म मात्र छु, त्यसलाई सर्वोच्च मानेर पूजा गर्नु व्यर्थ छ। अज्ञानीले प्रायः यसलाई रूप दिएर पूजा गर्छ र त्यसपछि पात, फूल, खाना, कपडा आदि चढाउँछन् ।

**न केवलं बन्धविबन्धमुक्तो**
**न केवलं शुद्धविशुद्धमुक्तः ।**
**न केवलं योगवियोगमुक्तः**
**स वै विमुक्तो गगनोपमोऽहम् ॥२॥**

म बन्धन र अनन्तताबाट मात्र मुक्त छैन, म पवित्रता र अशुद्धताबाट मात्र मुक्त छैन, म मिलन र वियोगबाट मात्र मुक्त छैन, म आकाशजस्तै मुक्त छु ।

कुनै टिप्पणी छैन ।

**सञ्जायते सर्वमिदं हि तथ्यं**
**सञ्जायते सर्वमिदं वितथ्यम् ।**
**एवं विकल्पो मम नैव जातः**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥३॥**

सबै साँचो हो वा सबै असत्य हो, त्यस्तो अज्ञानता ममा उत्पन्न हुँदैन । म माया होइन, मेरो स्वभाव स्वतन्त्रता हो ।

माया - भ्रम। अर्थात यो अज्ञानता कि; आत्मन्भन्दा अरू केहीको स्वतन्त्र अस्तित्व छ।

**न साञ्जनं चैव निरञ्जनं वा**
**न चान्तरं वापि निरन्तरं वा।**
**अन्त्यर्विभिन्नं न हि मे विभाति**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥४॥**

म पूर्ण छैन र म खण्डित पनि छैन। म शाश्वत छैन र न म अविनाशी हुँ। म विभाजित होइन र म अविभाजित पनि होइन। म माया होइन, मेरो स्वभाव स्वतन्त्रता हो।

यहाँ र निम्न लिखित श्लोकहरूमा आत्मन्को लागि द्वैतको अवधारणा वास्तवमा लागू हुँदैन भनेर भनिएको छ। हामी यति मात्र भन्नसक्छौँ कि यो द्वैत होइन। हामी आत्मन्को सम्बन्धमा "पूर्ण" वा "शाश्वत" जस्ता केही शब्दहरू प्रयोग गर्छौं, तर तिनीहरू केवल रूपकहरू हुन्, हाम्रो भाषा र बुद्धिको एक सीमा छ।

**अबोधबोधो मम नैव जातो**
**बोधस्वरूपं मम नैव जातम्।**
**निर्बोधबोधं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥५॥**

मसँग कुनै अज्ञान वा ज्ञान छैन। ममा ज्ञान कहिल्यै उत्पन्न हुँदैन। अज्ञान र ज्ञानको बारेमा म कसरी भनौँ ? म माया होइन, मेरो स्वभाव निर्वाण हो।

अज्ञानको साथसाथै ज्ञान पनि स्मृतिको रूपमा चित्तमा स्थित छ।

**न धर्मयुक्तो न च पापयुक्तो**
**न बन्धयुक्तो न च मोक्षयुक्तः।**
**युक्तं त्वयुक्तं न च मे विभाति**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥६॥**

मेरो सही वा गलत आचरण छैन। मेरो कुनै बन्धन वा मुक्ति छैन। म न संयुक्त छु न वियुक्त छु। म माया होइन, मेरो स्वभाव निर्वाण हो।

कुनै टिप्पणी छैन ।

**परापरं वा न च मे कदाचित्**
**मध्यस्थभावो हि न चारिमित्रम् ।**
**हिताहितं चापि कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥७॥**

म न त परा हुँ न अपरा, न म बीचमा छु । मेरो न त मित्र छ न शत्रु । लाभ वा हानिको बारे म कसरी भनौं ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**नोपासको नैवमुपास्यरूपं**
**न चोपदेशो न च मे क्रिया च ।**
**संवित्स्वरूपं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥८॥**

न म उपासक हुँ, न म पूज्य, म उपदेश होइन, न म अभ्यास हुँ । म के भनुँ, म मात्र आत्मन् हुँ । म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**नो व्यापकं व्याप्यमिहास्ति किञ्चित्**
**न चालयं वापि निरालयं वा ।**
**अशून्यशून्यं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥९॥**

केही छैन जुन व्याप्त छ, केही छैन जसमा केही व्याप्त छ । न केही प्रकट हुन्छ, न विलीन हुन्छ । म अस्तित्व वा अस्तित्वहीनताको बारेमा के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

यदि हामी भन्छौं कि आत्मन् सर्वव्यापी छ, अर्थात्, यो "सबै कुरा" हो जुन आत्मन्बाट अलग छ, जुन सही कथन होइन । आत्मन् मात्र हुनु हो, "सर्वव्यापी" वा "अनन्त" जस्ता केही शब्दहरू केवल रूपकहरू हुन् ।

**न ग्राहको ग्राह्यकमेव किञ्चित्**
**न कारणं वा मम नैव कार्यम् ।**
**अचिन्त्यचिन्त्यं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१०॥**

म बोध होइन, म बोध्य पनि होइन । म कारण होइन, म प्रभाव पनि होइन । म कल्पनीय र अकल्पनीयको बारेमा के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**न भेदकं वापि न चैव भेद्यं**
**न वेदकं वा मम नैव वेद्यम् ।**
**गतागतं तात कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥११॥**

कुनै भेदभाव छैन, कोही भेदभाव गर्ने वाला छैन, कुनै ज्ञाता छैन र कुनै ज्ञात छैन । आउने र जानेको बारे म कसरी भनुँ ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**न चास्ति देहो न च मे विदेहो**
**बुद्धिर्मनो मे न हि चेन्द्रियाणि ।**
**रागो विरागश्च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१२॥**

म शरीर होइन, न म अशरीरी हुँ । मेरो मन, बुद्धि वा इन्द्रिय छैन । म आसक्ति र वैराग्यको बारेमा के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**उल्लेखमात्रं न हि भिन्नमुच्चै**
**रुल्लेखमात्रं न तिरोहितं वै ।**

**समासमं मित्र कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१३॥**

कसैले यसलाई उल्लेख गर्न सक्दैनन्, जुन विभाजित छ। कसैले यसलाई उल्लेख गर्न सक्दैनन् जुन अप्रकट छ। म भिन्नता र समानताहरूको बारेमा के भन्नसक्छु, मित्र ? म माया होइन, मेरो स्वभाव निर्वाण हो।

कुनै टिप्पणी छैन।

**जितेन्द्रियोऽहं त्वजितेन्द्रियो वा**
**न संयमो मे नियमो न जातः।**
**जयाजयौ मित्र कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१४॥**

मैले कहिल्यै इन्द्रियलाई जितेको छैन, मलाई संयम र नियम थाहा छैन। जित र हारको बारेमा म के भनुँ, मित्र ? म माया होइन, मेरो स्वभाव निर्वाण हो।

कुनै टिप्पणी छैन।

**अमूर्तमूर्तिर्न च मे कदाचिदा**
**द्यन्तमध्यं न च मे कदाचित्।**
**बलाबलं मित्र कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१५॥**

म आकार वा निराकार होइन। मेरो आदि, मध्य र अन्त्य छैन। बल र निर्बलको बारेमा म के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो।

कुनै टिप्पणी छैन।

**मृतामृतं वापि विषाविषं च**
**सञ्जायते तात न मे कदाचित्।**
**अशुद्धशुद्धं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम्॥१६॥**

मेरो मृत्यु छैन, म अमर पनि छैन । न ममा विष छ न म अमृत नै हुँ । हे पुत्र, मलाई थाहा छैन । पवित्र र अपवित्रको बारेमा म के भनुँ ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**स्वप्नः प्रबोधो न च योगमुद्रा**
**नक्तं दिवा वापि न मे कदाचित् ।**
**अतुर्यतुर्यं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१७॥**

म सपना देख्दिनँ, म निदाउदिनँ, म ब्यूँझिदिनँ, म कुनै योग अवस्थामा छैन । मलाई दिन र रात थाहा छैन । म तुरीय वा तुरीय भावको बारे के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

ती सबै अवस्था चित्तका अवस्थाहरू हुन् । आत्मन्को कुनै अवस्था हुँदैन, यो परिवर्तन हुँदैन ।

**संविद्धि मां सर्वविसर्वमुक्तं**
**माया विमाया न च मे कदाचित् ।**
**सन्ध्यादिकं कर्म कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१८॥**

मलाई राम्ररी चिन्नुहोस्, म सम्पूर्ण मुक्त छु । ममा सत्य असत्य छैन । सन्ध्या - प्रातःको अनुष्ठानको बारेमा म के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**संविद्धि मां सर्वसमाधियुक्तं**
**संविद्धि मां लक्ष्यविलक्ष्यमुक्तम् ।**
**योगं वियोगं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥१९॥**

मलाई सदैव समाधिमा जान, मलाई राम्ररी चिन अनि लक्ष्य र गैर लक्ष्यबाट मुक्त होऊ । म योग-वियोगको बारेमा के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**मूर्खोऽपि नाहं न च पण्डितोऽहं**
**मौनं विमौनं न च मे कदाचित् ।**
**तर्कं वितर्कं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥२०॥**

म मूर्ख होइन, म बुद्धिमान् पनि होइन । म मौन वा अमौन देख्दिनँ । म तर्क वितर्कको बारेमा के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**पिता च माता च कुलं न जाति**
**जन्मादि मृत्युर्न च मे कदाचित् ।**
**स्नेहं विमोहं च कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥२१॥**

मेरो पिता, माता, परिवार, जात, जन्म वा मृत्यु कहिल्यै भएको छैन । म स्नेह र लगावको बारेमा के भन्नसक्छु ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**अस्तं गतो नैव सदोदितोऽहं**
**तेजोवितेजो न च मे कदाचित् ।**
**सन्ध्यादिकं कर्म कथं वदामि**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥२२॥**

न म आउँछु न जान्छु । म सधैँ दीप्त छु । ममा न प्रकाश छ न अन्धकार । सन्ध्या - प्रातःको अनुष्ठानहरूको बारे म के भनुँ ? म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**असंशयं विद्धि नराकुलं माम**
**संशयं विद्धि निरन्तरं माम् ।**
**असंशयं विद्धि निरञ्जनं मां**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥२३॥**

मलाई बिना कुनै शङ्का जान । म बिना कष्ट, निरन्तर, निरन्जन हुँ । म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**ध्यानानि सर्वाणि परित्यजन्ति**
**शुभाशुभं कर्म परित्यजन्ति ।**
**त्यागामृतं तात पिबन्ति धीराः**
**स्वरूपनिर्वाणमनामयोऽहम् ॥२४॥**

मैले ध्यान त्यागिदिएँ । मैले राम्रो र नराम्रो कर्म त्यागिदिएँ । मैले त्यागको अमृत पिइरहेको छु । म माया होइन, मेरो स्वभाव निर्वाण हो ।

कुनै टिप्पणी छैन ।

**विन्दति विन्दति न हि न हि यत्र**
**छन्दोलक्षणं न हि न हि यत्र ।**
**समरसमग्नो भावितपूतः**
**प्रलपति तत्त्वं परमवधूतः ॥२५॥**

जहाँ ज्ञान हुँदैन, त्यहाँ श्लोक जाँदैनन् । म संसारी हुँ र म त्यागी पनि हुँ । मैले परम सत्य बोलिदिएको छु ।

कुनै टिप्पणी छैन ।

इति चतुर्थोऽध्यायः ॥ ४॥

## अध्याय ५

# अथ पञ्चमोध्यायः ॥

अवधूत उवाच

**ॐ इति गदितं गगनसमं तत्**
**न परापरसारविचार इति ।**
**अविलासविलासनिराकरणं**
**कथमक्षरबिन्दुसमुच्चरणम् ॥ १॥**

जसरी यो जप गरिन्छ, ओम आकाशजस्तै हो। यसको उच्च वा निम्न छैन। प्रकाश र अन्धकारको खेल कहिल्यै सकिदैन। ओममा त्यो बिन्दुको प्रभाव कसरी हुनसक्छ ?

ओम् एक प्रतीक हो जसले नादलाई दर्शाउँछ जुन सबै रचनाहरूको मूल हो। नाद केवल परिवर्तन हो। जसलाई हामी वस्तु, लोक र चित्तको रूपमा देख्छौँ ती केवल परिवर्तनजनित नादरचनाहरू मात्र हुन्। ओममा न्यूनतम्देखि उच्चतम कम्पनको आवृत्ति हुन्छ।

सुरुमा रहेको ध्वनि "आ"ले न्यूनतमलाई जनाउँछ, र अन्त्यमा "म"ले उच्चतमलाई जनाउँछ, जुन "ओम"को माथि बिन्दुद्वारा देखाइएको छ र यसको अर्थ सृष्टिको अन्त्य हो।

दत्तात्रेयले यहाँ भन्नु भएको छ, यस्तो सिद्धान्तको यथार्थमा कुनै अर्थ छैन, सृष्टिको सुरुवात र अन्त्य हुँदैन।

**इति तत्त्वमसिप्रभृतिश्रुतिभिः**
**प्रतिपादितमात्मनि तत्त्वमसि ।**
**त्वमुपाधिविवर्जितसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२॥**

"तिमी त्यो नै हौ"- शास्त्रले भन्छ। "तिमी त्यो नै हौ"- आत्मन् प्रमाणित गर्छ। तपाईं कुनै पनि उपाधिदेखि बाहिर हुनुहुन्छ। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

"तिमी त्यो नै हौ"- तत्त्वमसि, महान वाक्य वा महान सत्य मध्ये एक हो । "त्यो" आत्मन् बाहेक अरू केही होइन ।

**अधऊर्ध्वविवर्जितसर्वसमं**
**बहिरन्तरवर्जितसर्वसमम् ।**
**यदि चैकिववर्जितसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥३॥**

माथि र तलदेखि बाहिर, भित्र र बाहिरदेखि बाहिर, आत्मन् केवल एक अनि एक नै छ भने, हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

आत्मन् केवल एक छ । धेरै छैन, सबैसँग एक छैन । यो आकाशको समान छ, जसरी सबैले एउटै आकाश देख्छन्, त्यसैगरी सबैलाई एउटै आत्मन्को ज्ञान हुन्छ ।

अद्वैत आवश्यक छ । किनकि जब त्यहाँ दुई हुन्छन्, पहिलो दोस्रोको लागि वस्तु बन्नसक्छ, र आत्मन् कहिल्यै वस्तु हुनसक्दैन, यो सधैँ साक्षी हुन्छ ।

**न हि किल्पतकल्पविचार इति**
**न हि कारणकार्यविचार इति ।**
**पदसन्धिविवर्जितसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥४॥**

काल्पनिक र कल्पितमा कुनै भिन्नता छैन । कारण र प्रभावबीच कुनै भिन्नता छैन । कविता र त्यसको शब्दमा कुनै भिन्नता छैन । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**न हि बोधविबोधसमाधिरिति**
**न हि देशविदेशसमाधिरिति ।**
**न हि कालविकालसमाधिरिति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥५॥**

कुनै ज्ञान वा अज्ञान छैन। स्थान वा स्थानाभाव छैन। समय र समयहीनता छैन। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**न हि कुम्भनभो न हि कुम्भ इति**
**न हि जीववपुर्न हि जीव इति।**
**न हि कारणकार्यविभाग इति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥६॥**

घडामा आकाश छैन। न जीव छ न जन्म। कुनै कारण शरीर वा त्यसको क्रिया छैन। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**इह सर्वनिरन्तरमोक्षपदं**
**लघुदीर्घविचारविहीन इति।**
**न हि वर्तुलकोणविभाग इति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥७॥**

यो सधैँ मुक्त छ, सबैमा कुनै भिन्नता छैन। यो ठूलो वा सानो छैन। यो गोलाकार वा कोणीय छैन। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**इह शून्यविशून्यविहीन इति**
**इह शुद्धविशुद्धविहीन इति।**
**इह सर्वविसर्वविहीन इति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥८॥**

यो शून्यता र अशून्यताबाट मुक्त छ। यो शुद्ध र अशुद्धताबाट मुक्त छ। यो सर्वथा मुक्त छ। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**न हि भिन्नविभिन्नविचार इति**
**बहिरन्तरसन्धिविचार इति।**

**अरिमित्रविवर्जितसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥९॥**

भिन्नता र अभिन्नताको कुनै फरक छैन । आन्तरिक वा बाह्यमा कुनै भिन्नता छैन । यसमा मित्र र शत्रुको भिन्नता छैन । यो समान रूपमा एक हो । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**न हि शिष्यविशिष्यस्वरूप इति**
**न चराचरभेदविचार इति ।**
**इह सर्वनिरन्तरमोक्षपदं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१०॥**

कोही गुरु वा शिष्य छैन । जीवित वा निष्क्रियबीच कुनै भेद छैन । यो सबै कुरा हो, निरन्तर, सधैँ मुक्त छ । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**ननु रूपविरूपविहीन इति**
**ननु भिन्नविभिन्नविहीन इति ।**
**ननु सर्गविसर्गविहीन इति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥११॥**

कुनै आकार र निराकार छैन । यसमा न कुनै विभाजन छ, न कुनै अविभाजन । त्यसको कुनै सृष्टि वा विनाश छैन । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**न गुणागुणपाशनिबन्ध इति**
**मृतजीवनकर्म करोमि कथम् ।**
**इति शुद्धनिरञ्जनसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१२॥**

म कुनै गुण वा अवगुणले बाँधिएको छैन । म जीवन र मृत्युको कार्य कसरी गर्न सक्छु । म पवित्र, निरन्जन, सबैमा समान रूपले उपस्थित छु । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**इह भावविभावविहीन इति**
**इह कामविकामविहीन इति ।**
**इह बोधतमं खलु मोक्षसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१३॥**

यहाँ कुनै अस्तित्व वा अनास्तित्व छैन। यहाँ कुनै इच्छा र इच्छाशून्यता छैन। मलाई थाहा छ यहाँ मुक्ति बाहेक केही छैन। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन ।

**इह तत्त्वनिरन्तरतत्त्वमिति**
**न हि सन्धिविसन्धिविहीन इति ।**
**यदि सर्वविवर्जितसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१४॥**

यहाँ सत्य छ जुन अभेद्य छ। यसमा कुनै जोड वा खण्डहरू छैनन् । यदि यो सर्वमुक्त र सबैमा एक छ भने हे मन, तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन ।

**अनिकेतकुटी परिवारसमं**
**इह सङ्गविसङ्गविहीनपरम् ।**
**इह बोधविबोधविहीनपरं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१५॥**

म अनिकेत हुँ, मेरो परिवार छैन। यहाँ न त सन्तुलन छ न असन्तुलन, अन्त्यमा न ज्ञान छ न अज्ञान। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन ।

**अविकारविकारमसत्यमिति**
**अविलक्षविलक्षमसत्यमिति ।**
**यदि केवलमात्मनि सत्यमिति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१६॥**

परिवर्तनीय वा अपरिवर्तनीय सत्य होइन । उद्देश्यपूर्ण वा उद्देश्यहीन सत्य होइन । यदि एक मात्र सत्य आत्मन् हो भने, हे मन किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

आत्मन्को कुनै उद्देश्य, लक्ष्य वा कारण छैन । यो केवल छ । मनलाई एउटा उद्देश्यको आवश्यकता हुन्छ र उसले मनमानी रूपले बनाउँछ ।

**इह सर्वसमं खलु जीव इति**
**इह सर्वनिरन्तरजीव इति ।**
**इह केवलनिश्चलजीव इति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१७॥**

यहाँ सबै समान रूपमा जीवन छ । पक्कै पनि यहाँ सबै जीवन छ जुन अभिन्न छ । यहाँ केवल जीवन छ, जुन शुद्ध छ । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै जड वा निर्जीव चिजहरू छैनन्, सबै कुरा आत्मन्द्वारा प्रकाशित छ । केवल केही रचनाहरू यसलाई अझ स्पष्ट र सक्रिय रूपमा व्यक्त गर्दछन् । जीवन नै जीवन छ, अनन्त जीवन मात्र छ ।

**अविवेकिववेकमबोध इति**
**अविकल्पविकल्पमबोध इति ।**
**यदि चैकिनरन्तरबोध इति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१८॥**

यसलाई विवेक र अविवेक दुवै रूपले चिनिन्छ । यसलाई अज्ञान र ज्ञान दुवै रूपले चिनिन्छ । यदि यो अविभाज्य ज्ञान हो भने हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**न हि मोक्षपदं न हि बन्धपदं**
**न हि पुण्यपदं न हि पापपदम् ।**
**न हि पूर्णपदं न हि रिक्तपदं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥१९॥**

मुक्ति वा बन्धनको कुनै अवस्था छैन । कुनै सही आचरण वा गलत आचरण छैन । कुनै पूर्णता वा अपूर्णता छैन । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**यदि वर्णविवर्णविहीनसमं**
**यदि कारणकार्यविहीनसमम् ।**
**यदि भेदविभेदविहीनसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२०॥**

यदि म समान छु, जातिसहित र जातिविहीन छु । यदि म समान छु, कारण र प्रभावबाट मुक्त छु । यदि म समान छु, विभाजन र योगमुक्त छु भने, हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**इह सर्वनिरन्तरसर्वचिते**
**इह केवलनिश्चलसर्वचिते ।**
**द्विपदादिविवर्जितसर्वचिते**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२१॥**

सबै चित्त एकताबद्ध र अविभाज्य छन् । यहाँ सबै चित्त शुद्ध छन् । यहाँ कुनै पुरुष छैन, द्वैत रहित सबै चित्त हो । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

यहाँसम्म कि चित्त पनि एक सम्पूर्णता हो - जसलाई विश्वचित्त भनिन्छ । सबै अनुभवहरू चित्तकै हुन्, वा मानसिक हुन् । केही चिजहरू

भौतिक देखिन्छन् र पदार्थबाट बनेको देखिन्छ, जुन इन्द्रियहरूको उत्सर्जन हो ।

**अतिसर्वनिरन्तरसर्वगतं**
**अतिनीर्मलनिश्चलसर्वगतम् ।**
**दिनरात्रिविवर्जितसर्वगतं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२२॥**

यो सबैभन्दा माथि छ, अविभाज्य, सर्वव्यापी । यो सबैभन्दा शुद्ध र निर्दोष सर्वव्यापी छ । यहाँ न दिन छ न रात । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**न हि बन्धविबन्धसमागमनं**
**न हि योगवियोगसमागमनम् ।**
**न हि तर्कवितर्कसमागमनं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२३॥**

यो मुक्ति र बन्धनको मिलन होइन । यो योग र वियोगको मिलन होइन । यो तर्क र वितर्कको मिलन होइन । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

द्वैत गुणले भरिपूर्ण भएर पनि आत्मन् निर्गुण छ, यसमा कुनै मिश्रण छैन ।

**इह कालविकालनिराकरणं**
**अणुमात्रकृशानुनिराकरणम् ।**
**न हि केवलसत्यनिराकरणं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२४॥**

यहाँ समय र समयको अभाव छैन । यहाँ कुनै परमाणु र अणुहरू छैनन् । यहाँ केवल परम सत्य छ । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**इह देहविदेहविहीन इति**
**ननु स्वप्नसुषुप्तिविहीनपरम् ।**
**अभिधानविधानविहीनपरं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२५॥**

यहाँ कुनै शरीर वा अवतार छैन । न कुनै स्वप्न छ, न गहिरो निन्द्रा । यस परमको कुनै नाम र उपाधि छैन । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**गगनोपमशुद्धविशालसमं**
**अतिसर्वविवर्जितसर्वसमम् ।**
**गतसारविसारविकारसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२६॥**

आकाशजस्तै यो सर्वव्यापी, शुद्ध र विशाल छ । यसमा सबै चिजको उपस्थिति र अनुपस्थिति छ । यसमा आवश्यक र अनावश्यक सबै छ । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**इह धर्मविधर्मविरागतर**
**मिह वस्तुविवस्तुविरागतरम् ।**
**इह कामविकामविरागतरं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२७॥**

यहाँ सही आचरण र गलत आचरणदेखि वैराग्य छ । यहाँ वस्तु र वस्तुको अभावदेखि वैराग्य छ । यहाँ इच्छा र अनिच्छादेखि वैराग्य छ । हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ ।

कुनै टिप्पणी छैन ।

**सुखदु:खविवर्जितसर्वसम**
**मिह शोकविशोकविहीनपरम् ।**

**गुरुशिष्यविवर्जिततत्त्वपरं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२८॥**

यो सबै समान रूपमा, सुख र दुःखबाट मुक्त छ। यो परम छ, शोकाशोकबाट मुक्त छ। यो परम छ, कोही गुरु र शिष्य छैनन्। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**न किलाङ्कुरसारविसार इति**
**न चलाचलसाम्यविसाम्यमिति।**
**अविचारविचारविहीनमिति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥२९॥**

यो निश्चित रूपमा बीउ होइन। यो सार र वर्णन होइन। यो जीवित र मृत छैन। यो समान वा भिन्न छैन। यो कुनै आत्मनिरीक्षण वा विचारको अभाव होइन। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**इह सारसमुच्चयसारमिति**
**किथतं निजभावविभेद इति।**
**विषये करणत्वमसत्यमिति**
**किमु रोदिषि मानसि सर्वसमम् ॥३०॥**

यसलाई सबै तत्वहरूको सारको रूपमा चिनिन्छ। म कसरी स्वयंलाई अलग गर्नसक्छु ? तपाईं वस्तुको बोधको उपकरण हो भन्ने भनाई सत्य होइन। हे मन तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**बहुधा श्रुतयः प्रवदन्ति यतो**
**वियदादिरिदं मृगतोयसमम्।**
**यदि चैकिनरन्तरसर्वसमं**
**किमु रोदिषि मानसि सर्वसमम् ॥३१॥**

शास्त्रले भनेभैंः- अस्तित्व मृगतृष्णाजस्तै हो। यदि यो सर्वव्यापी, समान र शाश्वत छ भने हे मन, तिमी किन रुन्छौ ? आत्मन् सर्वसमान छ।

कुनै टिप्पणी छैन।

**विन्दति विन्दति न हि न हि यत्र**
**छन्दोलक्षणं न हि न हि तत्र।**
**समरसमग्नो भावितपूतः**
**प्रलपति तत्त्वं परमवधूतः ॥३२॥**

जहाँ ज्ञान छैन, त्यहाँ श्लोक जादैंनन्। म संसारी हुँ र म त्यागी पनि हुँ । मैले परम सत्य भनिदिएँ।

कुनै टिप्पणी छैन।

*इति पञ्चमोध्यायः ॥ ५॥*

अध्याय ६

# अथ षष्ठमोऽध्यायः ॥

अवधूत उवाच

**बहुधा श्रुतयः प्रवदन्ति वयं**
**वियदादिरिदं मृगतोयसमम् ।**
**यदि चैकिनरन्तरसर्वशिव**
**मुपमेयमथोह्युपमा च कथम् ॥१॥**

शास्त्रले धेरै तरिकामा भन्छन्, प्रकट ब्रह्माण्ड मृगतृष्णाजस्तै हो । यदि सबै एक शाश्वत आत्मन् हो भने, तुलना र उपमा कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**अविभक्तिविभक्तिविहीनपरं**
**ननु कार्यविकार्यविहीनपरम् ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**यजनं च कथं तपनं च कथम् ॥२॥**

अन्ततः यो विभाजन र अविभाज्यबाट मुक्त छ, अन्ततः यो गतिविधि र विश्रामबाट मुक्त छ। यदि सबै एक शाश्वत आत्मन् हो भने, पूजा र तप कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**मन एव निरन्तरसर्वगतं**
**ह्यविशालविशालविहीनपरम् ।**
**मन एव निरन्तरसर्वशिवं**
**मनसापि कथं वचसा च कथम् ॥३॥**

यो त्यो मन हो जुन सदैव सर्वव्यापी छ। अन्त्यतः यो सानो होइन ठूलो छ। मन अरू केही नभएर शाश्वत आत्मन् नै हो। यसलाई विचार र बोलीबाट कसरी व्यक्त गर्न सकिन्छ ?

कुनै टिप्पणी छैन ।

**दिनरात्रिविभेदनिराकरण**
**मुदितानुदितस्य निराकरणम् ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**रविचन्द्रमसौ ज्वलनश्च कथम् ॥४॥**

यो दिन र रातको भेद बिना छ । यो उदय र अस्ताउने भेद बिना छ । यदि सबै एक शाश्वत आत्मन् हो भने, सूर्य,चन्द्र र अग्नि कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**गतकामविकामविभेद इति**
**गतचेष्टविचेष्टविभेद इति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**बहिरन्तरभिन्नमतिश्च कथम् ॥५॥**

यो इच्छा र सन्तुष्टि बीचको भिन्नता भन्दा बाहिर छ । यो प्रयास र प्रयासहीन बीचको भिन्नता भन्दा बाहिर छ । यदि सबै एक शाश्वत आत्मन् हो भने, आन्तरिक र बाह्यको बीच भिन्नता कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**यदि सारविसारविहीन इति**
**यदि शून्यविशून्यविहीन इति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**प्रथमं च कथं चरमं च कथम् ॥६॥**

यदि यो सार र वर्णन रहित छ, यदि यो शून्य र अशून्य रहित छ । यदि सबै एक शाश्वत आत्मन् हो भने, आदि र अन्त्य कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**यदि भेदविभेदनिराकरणं**
**यदि वेदकवेद्यनिराकरणम् ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**तृतीयं च कथं तुरीयं च कथम् ॥७॥**

यदि कुनै भिन्नता र समानता छैन, यदि ज्ञात र अज्ञेयमा भिन्नता छैन, यदि सबै एक शाश्वत आत्मन् हो भने, तेस्रो र चौथो कसरी हुनसक्छ ?

तेस्रो-तीन अवस्था, चौथो-तुरीय अवस्था ।

**गदितागदितं न हि सत्यमिति**
**विदिताविदितं न हि सत्यमिति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**विषयेन्द्रियबुद्धिमनांसि कथम् ॥८॥**

भनिएको र नभनेको सत्य होइन । ज्ञात र अज्ञात सत्य होइन । यदि सबै एक शाश्वत आत्मन् हो भने, विषय, इन्द्रिय, बुद्धि र मन कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**गगनं पवनो न हि सत्यमिति**
**धरणी दहनो न हि सत्यमिति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**जलदश्च कथं सलिलं च कथम् ॥९॥**

आकाश र वायु सत्य होइनन् । पृथ्वी र अग्नि सत्य होइनन् । यदि सबै शाश्वत आत्मन् हो भने बादल वा पानी कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**यदि किल्पतलोकिनराकरणं**
**यदि किल्पतदेवनिराकरणम् ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**गुणदोषविचारमतिश्च कथम् ॥१०॥**

यदि कल्पना र लोकमा कुनै फरक छैन । यदि कल्पना र देवतामा कुनै भिन्नता छैन । यदि सबै एक शाश्वत आत्मन् हो भने, गुण र दोषमा भेदभाव कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**मरणामरणं हि निराकरणं**
**करणाकरणं हि निराकरणम् ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**गमनागमनं हि कथं वदति ॥११॥**

जीवन र मृत्युमा कुनै भिन्नता छैन । कर्म र अकर्ममा कुनै फरक छैन । यदि सबै एक शाश्वत आत्मन् हो भने, आवागमन कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**प्रकृतिः पुरुषो न हि भेद इति**
**न हि कारणकार्यविभेद इति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**पुरुषापुरुषं च कथं वदति ॥१२॥**

पुरुष र प्रकृतिमा कुनै भिन्नता छैन । कारण र प्रभावमा कुनै भिन्नता छैन । यदि सबै एक शाश्वत आत्मन् हो भने, पुरुष वा अपुरुषको बारेमा कसरी भनौँ ?

कुनै टिप्पणी छैन ।

**तृतीयां न हि दुःखसमागमनं**
**न गुणाद्द्वितीयस्य समागमनम् ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**स्थविरश्च युवा च शिशुश्च कथम् ॥१३॥**

तेस्रो प्रकारको दुःख उत्पन्न हुँदैन । दोस्रो प्रकारको गुणवत्ता उत्पन्न हुँदैन । यदि सबै एक शाश्वत आत्मन् हो भने, वृद्धावस्था,युवावस्था र शिशु अवस्था कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**ननु आश्रमवर्णविहीनपरं**
**ननु कारणकर्तृविहीनपरम् ।**

**यदि चैकिनरन्तरसर्वशिव**
**मविनष्टविनष्टमतिश्च कथम् ॥१४॥**

यसमा कुनै जाति वा आश्रम व्यवस्था छैन । अन्त्यतः यसमा कुनै कारण वा कर्ता छैन । यदि सबै एक शाश्वत आत्मन् हो भने, विनाशकारी र अविनाशकारी बीच कसरी भेद हुनसक्छ ?

आश्रम व्यवस्था-शास्त्रहरूमा उल्लेखित चार प्रकारका जीवन अवस्थाहरू ।

**ग्रसिताग्रसितं च वितथ्यमिति**
**जनिताजनितं च वितथ्यमिति ।**
**यदि चैकिनन्तरसर्वशिव**
**मबिनाशि बिनाशि कथं हि भवेत् ॥१५॥**

मृत्यु र जीवित दुवै झुटा हुन् । जन्म र अजन्म दुवै मिथ्या हुन् । यदि सबै एक शाश्वत आत्मन् हो भने विनाश र सृजना कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**पुरुषापुरुषस्य विनष्टमिति**
**वनितावनितस्य विनष्टमिति ।**
**यदि चैकिनरन्तरसर्वशिव**
**मबिनोदबिनोदमतिश्च कथम् ॥१६॥**

यसमा पुरुषत्व र अपुरुषत्व छैन । यसमा स्त्रीतत्व र अस्त्रीतत्व छैन । यदि सबै एक शाश्वत आत्मन् हो भने सुख र दुःखमा कसरी फरक हुनसक्छ ?

आत्मन् शिव-शक्ति युगलको पुरुषत्व होइन, न त यो स्त्रीलिङ्गी हो । यो एक हो र यो दुवै पनि हो ।

**यदि मोहविषादविहीनपरो**
**यदि संशयशोकविहीनपरः ।**
**यदि चैकिनरन्तरसर्वशिव**
**महमेति ममेति कथं च पुनः ॥१७॥**

अन्ततः यो आशक्ति र दुःखरहित छ, अन्ततः यो शङ्का र शोक रहित छ। यदि सबै एक शाश्वत आत्मन् हो भने, म र मेरो कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**ननु धर्मविधर्मबिनाश इति**
**ननु बन्धविबन्धबिनाश इति ।**
**यदि चैकिनन्तरसर्वशिव**
**मिहदुःखविदुःखमतिश्च कथम् ॥१८॥**

यो सही आचरण वा गलत आचरणलाई नष्ट गर्नेवाला होइन । बन्धन र अबन्धनको विनाश गर्नेवाला होइन। यदि सबै एक शाश्वत आत्मन् हो भने दुःख र सुख कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**हि याज्ञिकयज्ञविभाग इति**
**न हुताशनवस्तुविभाग इति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**वद कर्मफलानि भवन्ति कथम् ॥१९॥**

यज्ञको कर्मकाण्ड र कर्मकाण्डहरूको सम्वाहकमा कुनै भिन्नता छैन । अग्निमा यज्ञ र अर्पणको कुनै भिन्नता छैन। यदि सबै एक शाश्वत आत्मन् हो भने कर्मको फल कसरी हुन्छ ?

कुनै टिप्पणी छैन ।

**ननु शोकिवशोकिवमुक्त इति**
**ननु दर्पविदर्पविमुक्त इति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**ननु रागविरागमतिश्च कथम् ॥२०॥**

यो दुःख र आनन्दबाट मुक्त छ, यो गर्व र नम्रताबाट मुक्त छ। यदि सबै एक शाश्वत आत्मन् हो भने आशक्ति र वैराग्य कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**न हि मोहविमोहविकार इति**
**न हि लोभविलोभविकार इति ।**
**यदि चैकिनरन्तरसर्वशिवं**
**ह्यविवेकिववेकमतिश्च कथम् ॥२१॥**

यसमा अनाशक्ति र आशक्तिको भाव उत्पन्न हुँदैन । यसमा लोभ र सन्तुष्टि उत्पन्न हुँदैन । यदि सबै एक शाश्वत आत्मन् हो भने, विवेक र अविवेक कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**त्वमहं न हि हन्त कदाचिदपि**
**कुलजातिविचारमसत्यमिति ।**
**अहमेव शिवः परमार्थ इति**
**अभिवादनमत्र करोमि कथम् ॥२२॥**

तिमी र म कहिल्यै अलग थिएनौँ । परिवार र जात सत्य होइन । म आत्मन् हुँ यही परम सत्य हो । म कसको पूजा गर्नसक्छु ?

विभाजन एउटा भ्रम हो, एउटा लिला हो । हामी सबै आत्मन्का रूप मात्र हौँ ।

**गुरुशिष्यविचारविशीर्ण इति**
**उपदेशविचारविशीर्ण इति ।**
**अहमेव शिवः परमार्थ इति**
**अभिवादनमत्र करोमि कथम् ॥२३॥**

यसबाट गुरु र शिष्यबीचको विभेद मेटिन्छ । ज्ञान पनि लोप हुन्छ । म आत्मन् हुँ यही परम सत्य हो, म कसको पूजा गर्न सक्छु ?

गुरु र शिष्य दुवै शुद्ध आत्मन् हुन् । गुरुमा रहेको आत्मन् शिष्यमाभन्दा भिन्न/उत्तम प्रकारको हुँदैन । यो एक नै हो ।

**न हि किल्पतदेहविभाग इति**
**न हि किल्पतलोकिवभाग इति ।**

**अहमेव शिवः परमार्थ इति**
**अभिवादनमत्र करोमि कथम् ॥२४॥**

कल्पना र शरीरमा कुनै भिन्नता छैन । कल्पना र लोकमा कुनै फरक छैन । म आत्मन् हुँ यही परम सत्य हो, म कसको पूजा गर्न सक्छु ?

कुनै टिप्पणी छैन ।

**सरजो विरजो न कदाचिदपि**
**ननु निर्मलनिश्चलशुद्ध इति ।**
**अहमेव शिवः परमार्थ इति**
**अभिवादनमत्र करोमि कथम् ॥२५॥**

म कहिल्यै रजस र रजहीन थिइनँ । म शुद्ध निर्दोष र निष्कलङ्क हुँ । म आत्मन् हुँ यही परम सत्य हो, म कसको पूजा गर्नसक्छु ?

कुनै टिप्पणी छैन ।

**न हि देहविदेहविकल्प इति**
**अनृतं चरितं न हि सत्यमिति ।**
**अहमेव शिवः परमार्थ इति**
**अभिवादनमत्र करोमि कथम् ॥२६॥**

देहधारी र विदेहमा कुनै भिन्नता छैन । अनैतिकता र नैतिकता सत्य होइन । म आत्मन् हुँ यही परम सत्य हो, म कसको पूजा गर्नसक्छु ?

कुनै टिप्पणी छैन ।

**विन्दति विन्दति न हि न हि यत्र**
**छन्दोलक्षणं न हि न हि तत्र ।**
**समरसमग्नो भावितपूतः**
**प्रलपति तत्त्वं परमवधूतः ॥२७॥**

जहाँ ज्ञान छैन, त्यहाँ श्लोक जादैँनन् । म संसारी हुँ र म त्यागी पनि हुँ । मैले परमसत्य भनिदिएँ ।

कुनै टिप्पणी छैन ।

इति षष्ठमोऽध्यायः ॥ ६॥

अध्याय ७

# अथ सप्तमोऽध्यायः ॥

अवधूत उवाच

**रथ्याकर्पटविरचितकन्थः**
**पुण्यापुण्यविवर्जितपन्थः ।**
**शून्यागारे तिष्ठति नग्नो**
**शुद्धनिरञ्जनसमरसमग्नः ॥१॥**

सडकमा फ्याँकिएका अस्वीकृत कपडामा, राम्रो र नराम्रो कर्मबाट मुक्त भएर आफ्नो मार्गको अनुशरण गर्दछ। ऊ खाली वासस्थानमा नाङ्गै वस्छ, शुद्ध, निरन्जन, शाश्वतमा लीन हुन्छ।

एक योगीका विशेषताहरू वर्णन गरिँदैछ। विशेषगरी अवधूत सम्प्रदायको योगीको।

**लक्ष्यालक्ष्यविवर्जितलक्ष्यो**
**युक्तायुक्तविवर्जितदक्षः ।**
**केवलतत्त्वनिरञ्जनपूतो**
**वादविवादः कथमवधूतः ॥२॥**

लक्ष्य बिना लक्ष्यको साथ, कौशल बिना कौशलको साथ, उसले शुद्ध सत्य मात्र जान्दछ। अवधूत तर्कवितर्कमा कसरी संलग्न हुनसक्छ ?

कुनै पनि प्रकारको तर्कवितर्क वादविवाद दुवै पक्षको अज्ञानताको सङ्केत हो। बुद्धिमान मौन रहन्छन्।

**आशापाशविबन्धनमुक्ताः**
**शौचाचारविवर्जितयुक्ताः ।**
**एवं सर्वविवर्जितसन्त**
**स्तत्त्वं शुद्धनिरञ्जनवन्तः ॥३॥**

आशाको बन्धनबाट मुक्त। शिष्टाचार र शुद्धता रहित। सबै कुरा त्यागेर ऊ शान्तिमय बन्छ। ऊ सत्य बन्छ- शुद्ध र निर्मल।

कुनै टिप्पणी छैन।

**कथमिह देहविदेहविचारः**
**कथमिह रागविरागविचारः ।**
**निर्मलनिश्चलगगनाकारं**
**स्वयमिह तत्त्वं सहजाकारम् ॥४॥**

देह वा विदेह कसरी हुनसक्छ ? आशक्ति र वैराग्य कसरी हुनसक्छ ? ऊ आकाशको समान छ- शुद्ध र निर्दोष । ऊ स्वयं सहज सत्य हो ।

कुनै टिप्पणी छैन ।

**कथमिह तत्त्वं विन्दति यत्र**
**रूपमरूपं कथमिह तत्र ।**
**गगनाकारः परमो यत्र**
**विषयीकरणं कथमिह तत्र ॥५॥**

जहाँ सत्य जानिएको छ, त्यहाँ रूप र अरूप कसरी हुन्छ । यदि परम आकाश समान छ भने वस्तु कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**गगनाकारनिरन्तरहंस**
**स्तत्त्वविशुद्धनिरञ्जनहंसः ।**
**एवं कथमिह भिन्नविभिन्नं**
**बन्धविबन्धविकारविभिन्नम् ॥६॥**

हंस आकाशजस्तै शाश्वत छ। हंस स्पष्ट र निरन्जन सत्य हो । मतभेद वा मुक्ति र विभाजन कसरी हुनसक्छ ?

हंसलाई आत्मन्को प्रतीक मानिन्छ। यो शुद्ध सेतो, दागरहित हुन्छ, यसलाई पानी वा फोहोरले छुनसक्दैन, र यो मुक्त र स्वछन्द हुन्छ ।

**केवलतत्त्वनिरन्तरसर्वं**
**योगवियोगौ कथमिह गर्वम् ।**
**एवं परमनिरन्तरसर्व**
**मेवं कथमिह सारविसारम् ॥७॥**

सबै एक शाश्वत सत्य हो। योगवियोग अभिमान आदि कसरी हुनसक्छ ? यसमा सबै कुरा अन्त्यतः शाश्वत छन् । कुनै पदार्थ वा गैर पदार्थ कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**केवलतत्त्वनिरञ्जनसर्वं**
**गगनाकारनिरन्तरशुद्धम् ।**
**एवं कथमिह सङ्गविसङ्गं**
**सत्यं कथमिह रङ्गविरङ्गम् ॥८॥**

सबै एक शाश्वत सत्य हो। यो आकाशजस्तै शुद्ध र शाश्वत छ। सङ्गति र वियोग कसरी हुनसक्छ ? सम्बन्ध र असम्बन्ध कसरी सत्य हुनसक्छ ?

कुनै टिप्पणी छैन ।

**योगवियोगै रहितो योगी**
**भोगविभोगै रहितो भोगी ।**
**एवं चरति हि मन्दं मन्दं**
**मनसा किल्पतसहजानन्दम् ॥९॥**

योगी योग वियोगबाट रहित छ। भोगी भोग वा यसको अभावबाट रहित छ। ऊ आरामले घुम्छ। उसको मन सहज आनन्दले भरिएको हुन्छ।

कुनै टिप्पणी छैन ।

**बोधविबोधैः सततं युक्तो**
**द्वैताद्वैतैः कथमिह मुक्तः ।**
**सहजो विरजः कथमिह योगी**
**शुद्धनिरञ्जनसमरसभोगी ॥१०॥**

जो सदैव ज्ञान अनि अज्ञानमा रहन्छ, ऊ कसरी द्वैत र अद्वैतबाट मुक्त हुनसक्छ ? शुद्ध नित्य शाश्वत आनन्दको भोगी बनेर कसरी एक योगी स्वभावतःविरक्त हुन्छ ?

कुनै टिप्पणी छैन ।

**भग्नाभग्नविवर्जितभग्नो**
**लग्नालग्नविवर्जितलग्नः ।**
**एवं कथमिह सारविसारः**
**समरसतत्त्वं गगनाकारः ॥११॥**

विनाशक विनाश र विनाशबाट मुक्त छ। यो शुभ र अशुभबाट मुक्त छ। पदार्थ वा अपदार्थ कसरी हुनसक्छ ? आनन्दमय सत्य आकाशजस्तै हो।

कुनै टिप्पणी छैन।

**सततं सर्वविवर्जितयुक्तः**
**सर्वं तत्त्वविवर्जितमुक्तः।**
**एवं कथमिह जीवितमरणं**
**ध्यानाध्यानैः कथमिह करणम् ॥१२॥**

सधैँको लागि सबैदेखि मुक्ति पाउन, सबैबाट मुक्त हुनु, सत्यलाई जान्न, यहाँ जीवन र मृत्यु कसरी हुनसक्छ ? ध्यान वा यसको अभावको कुनै परिणाम कसरी हुनसक्छ ?

कुनै टिप्पणी छैन।

**इन्द्रजालमिदं सर्वं यथा मरुमरीचिका।**
**अखण्डितमनाकारो वर्तते केवलः शिवः ॥१३॥**

यो इन्द्रजाल मरुभूमिमा मृगतृष्णाजस्तै भ्रामक छ। अखण्ड र निराकार आत्मन् नै अस्तित्व हो।

यो यस गीतको सार हो। इन्द्रजाल-इन्द्रियहरूले सिर्जना गरेको मायावी अनुभव जसमा यो जीव अज्ञानवस फसेको छ।

**धर्मादौ मोक्षपर्यन्तं निरीहाः सर्वथा वयम्।**
**कथं रागविरागैश्च कल्पयन्ति विपश्चितः ॥१४॥**

हामी सही आचरणदेखि मुक्तिको प्राप्तिसम्म सबै कुरामा पूर्णरूपमा उदासीन छौँ। त्यसोभए, ज्ञान भएको दावी गर्नेहरूले कसरी आशक्ति वा वियोगको कल्पना गर्नसक्छन् ?

कुनै टिप्पणी छैन।

**विन्दति विन्दति न हि न हि यत्र**
**छन्दोलक्षणं न हि न हि तत्र।**
**समरसमग्नो भावितपूतः**
**प्रलपति तत्त्वं परमवधूतः ॥१५॥**

जहाँ ज्ञान छैन, त्यहाँ श्लोक जादैँनन्। म संसारी हुँ र म त्यागी पनि हुँ । मैले परमसत्य भनिदिएँ।

कुनै टिप्पणी छैन।

*इति सप्तमोऽध्यायः ॥ ७॥*

## अध्याय ८

# अथ अष्टमोऽध्यायः ॥

अवधूत उवाच

**त्वद्यात्रया व्यापकता हता ते**
**ध्यानेन चेतः परता हता ते ।**
**स्तुत्या मया वाक्परता हता ते**
**क्षमस्व नित्यं त्रिविधापराधान् ॥१॥**

तीर्थयात्रा गर्नाले तिम्रो सर्वव्यापीताको तथ्य नष्ट हुन्छ । ध्यान गर्नाले मनदेखि बाहिरहुनुको तथ्य नष्ट हुन्छ । स्तुति गर्नाले वाणीदेखि बाहिरहुनुको तथ्य नष्ट हुन्छ । कृपया मेरा यी तीन गल्ती माफ गर्नुहोस् ।

मानिसहरू विशेष स्थानहरूमा परम सत्य खोज्ने प्रयास गर्छन्, वा ध्यान वा औषधिको माध्यमबाट चित्तको अनौठो अवस्थाहरूमा जाने प्रयास गर्छन् वा काल्पनिक शक्तिहरूको लागि प्रशंसा र गीत गाउनेजस्ता गल्ती गर्छन् । जबकि सत्य यहाँ र अहिले छ, तपाईं त्यो सत्य हुनुहुन्छ । जान्नुहोस् तपाईं सधैँ सत्य नै हुनुहुन्छ, केही गरेर वा नगरेर हुँदैन ।

**कामैरहतधीर्दान्तो मृदुः शुचिरकिञ्चनः ।**
**अनीहो मितभुक् शान्तः स्थिरो मच्छरणो मुनिः ॥२॥**

जो वासनारहित, इन्द्रियलाई नियन्त्रण गर्ने, विनम्र, शुद्ध, मितव्ययी, जम्मा नगर्ने, उदासीन, थोरै खाने, शान्त, स्थिर र मेरो शरणमा छ । त्यो नै ऋषि हो ।

यी र अगाडि वर्णन गरिएका अन्य गुणहरू सत्यको ज्ञानको स्वाभाविक परिणाम हुन् ।

**अप्रमत्तो गभीरात्मा धृतिमान् जितषड्गुणः ।**
**अमानी मानदः कल्पो मैत्रः कारुणिकः किवः ॥३॥**

ऋषि त्यो हो जो बुद्धिमान, साहसी, जागरुक, छ ओटै गुणमाथि विजय प्राप्त गरेको, घमण्ड नगर्ने, सबैलाई आदर गर्ने, सक्षम, दयालु र मिलनसार हुन्छ ।

छ-पाँच इन्द्रिय र अहंकार । मस्तिष्कमा संवेदी प्रक्रियाहरू प्रायः छैठौं इन्द्रियको रूपमा मान्ने गरिन्छ ।

**कृपालुरकृतद्रोहस्तितिक्षुः सर्वदेहिनाम् ।**
**सत्यसारोऽनवद्यात्मा समः सर्वोपकारकः ॥४॥**

ऋषि त्यो हो जो दयालु, अहिंसक, सत्यवादी, सहनशील, सबैलाई समान व्यवहार गर्ने, सबैलाई सहयोग गर्ने र सत्यको सार हो ।

कुनै टिप्पणी छैन ।

**अवधूतूलक्षणं वर्णैर्ज्ञातव्यं भगवत्तमैः ।**
**वेदवर्णार्थतत्त्वज्ञैर्वेदवेदान्तवादिभिः ॥५॥**

अवधूतका गुणहरू भक्ति मार्गका सबैले, सबै जातिले, वेदको सत्य जान्नेहरूले र वेदान्तका शिक्षकहरूले जान्नु आवश्यक छ ।

कुनै टिप्पणी छैन ।

**आशापाशविनिर्मुक्त आदिमध्यान्तनिर्मलः ।**
**आनन्दे वर्तते नित्यमकारं तस्य लक्षणम् ॥६॥**

अवधूत शब्दमा अ अक्षरले यस्तो व्यक्ति जुन प्रारम्भ, मध्य र अन्त्यदेखि, आशा र निराशाको जालबाट मुक्त हुन्छ र उसको गुण आनन्द अवस्थामा निरन्तर बास हुन्छ भन्ने जनाउँछ ।

कुनै टिप्पणी छैन ।

**वासना वर्जिता येन वक्तव्यं च निरामयम् ।**
**वर्तमानेषु वर्तेत वकारं तस्य लक्षणम् ॥७॥**

व अक्षरको अर्थ ऊ सबै कामनाहरूबाट मुक्त छ र उसको वाणी शुद्ध छ । ऊ वर्तमानमा बाँचिरहेका छ भन्ने हुन्छ ।

कुनै टिप्पणी छैन ।

**धूलिधूसरगात्राणि धूतचित्तो निरामयः ।**
**धारणाध्याननिर्मुक्तो धूकारस्तस्य लक्षणम् ॥८॥**

अक्षर धू को अर्थ उसको शरीर धूलो र खरानीले ढाकिएको छ, ऊ शरीर र मनको कष्टबाट मुक्त छ । ऊ अवधारणा र ध्यानको प्रथादेखि टाढा छ भन्ने हुन्छ ।

कुनै टिप्पणी छैन ।

**तत्त्वचिन्ता धृता येन चिन्ताचेष्टाविवर्जितः ।**
**तमोऽहंकारनिर्मुक्तस्तकारस्तस्य लक्षणम् ॥९॥**

अक्षर त को अर्थ त्यो तत्व विचारमा निरन्तर लीन छ र अन्य सबै विचार र प्रयासहरूबाट मुक्त छ । ऊ तमस, अन्धकार वा जडबाट मुक्त र अहंकारबाट मुक्त छ भन्ने हुन्छ ।

कुनै टिप्पणी छैन ।

**दत्तात्रेयावधूतेन निर्मितानन्दरूपिणा ।**
**ये पठन्ति च शृण्वन्ति तेषां नैव पुनर्भवः ॥१०॥**

यो गीता दत्तात्रेय अवधुतद्वारा रचना भएको हो । जुन स्वभावले शुद्ध र आनन्द छ । यो पढ्ने वा सुन्नेहरूको फेरि कहिल्यै जन्म हुनेछैन ।

यो साधकको लागि वरदान हो जसको लक्ष्य जन्मचक्रबाट मुक्ति पाउने हो ।

यहाँ सुनेका वा पढेका शब्दहरू मनमा बिउ बन्नेछन् र सही समय आएपछि फुल्नेछन् । ज्ञान शक्तिशाली हुन्छ । एकचोटि सिकिसकेपछि यो कहिल्यै बिर्सिदैन । यो तपाइँको प्रयास बिना पृष्ठभूमिमा चलिरहन्छ ।

यो जादु होइन, यो चित्तलाई परिपक्व बनाउने एक प्राकृतिक प्रक्रिया हो । केही समयको कुरा हो । यद्यपि, यी शिक्षाहरूलाई व्यवहारमा राख्नाले विकासको यो प्रक्रियामा धेरै गति आउनेछ ।

इति अष्टमोऽध्यायः ॥ ८॥

*॥ इति अवधूतगीता समाप्तः ॥*

इति अवधूतगीता ।
गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परंब्रह्म तस्मै श्री गुरवे नमः ॥